# बर्दिया जिल्लाको

# पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजना

<u>**तयार गरी पेश गर्ने**</u>

**नेपाल सरकार**

**वन तथा भू-संरक्षण मन्त्रालय**

**वन विभाग**

## जिल्ला वन कार्यालय

## बर्दिया

२०७०

# बर्दिया जिल्लाको

# पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजना

(आ.व. २०७०/०७१-२०७४/०७५)

## तयार गरी पेश गर्ने

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

वन विभाग

## जिल्ला वन कार्यालय बर्दिया

## प्रस्तावना

नेपाल सरकारको वन नीति र वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ को भावना अनुरुप सर्वसाधारण जनताको वन पैदावारको आवश्यकता पूरा गर्न, सामाजिक तथा आर्थिक विकास गर्न तथा वातावरणीय सन्तुलन कायम गरी सरकारद्वारा संरक्षित राष्ट्रिय वनलाई वैज्ञानिक रुपमा व्यवस्थापन गरि वनको विकास, संरक्षण तथा वन पैदावारको सदुपयोग गर्न आवश्यक भएको र सो का लागि वन ऐन २०४९ को दफा २० र २१ मा भएको व्यवस्था अनुरुप यस वर्दिया जिल्लाको पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजना (आ.व. २०७०/०७१ देखि २०७४/०७५ सम्म) तयार गरिएको छ ।

## परिचय

वर्दिया जिल्लाको पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजना जिल्ला वन कार्यालय, वर्दियाले वन ऐन २०४९ तथा वन नियमावली २०५१, अन्य विभिन्न प्रचलित ऐन कानुन, वन सम्वनधी नीति, मार्गदर्शन, कार्यनिती, मन्त्रालय तथा विभागको परिपत्रको अधिनमा जिल्लाको वन क्षेत्र संरक्षण, सम्वर्द्धन तथा सदुपयोगका लागि वनाइएको आगामी पाँच बर्ष भित्र संचालन गरिने योजनाहरुको संगालो हो । कार्ययोजनाले जिल्लाका राष्ट्रिय वन अन्तर्गत सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, र धार्मिक वनको साथै निजी वन विकास कार्यक्रमलाई समेत समेटेको छ । उल्लेखित वन विकास योजनामा अन्तरनिहीत तथ्य एवं सूचनाहरुलाई ५ मुख्य भागमा विभाजन गरि व्याख्या र विश्लेषण गरिएको छ । भाग १ मा जिल्लाको वर्तमान वातावरणीय अवस्था अन्तर्गत वन कार्य योजना तर्जुमा कार्यान्वयन, ऐतिहासिक पृष्ठभूमि, भौगोलिक अवस्था, भू–उपयोगिता, सामाजिक तथा आर्थिक अवस्था, वन विकासका पुर्वाधारहरु, वन सदुपयोग, वन जंगलको संरक्षण अवस्था, समस्या, चुनौती र मौजुदा सांगठनिक संरचनाको चित्रण गरिएको छ । भाग २ मा वन प्रजाती तथा वन्यजन्तुहरुको विवरण अर्न्तगत वनको किसिम , बृद्धि मौज्दात, वन्यजन्तुहरुको विवरण तथा वन्यजन्तुकोलागि महत्वपुर्ण मानिएको स्थानहरुको वारेमा उल्लेख गरिएको छ । भाग ३ मा वन सदुपयोग सम्वन्धि विवरण हरु समावेश गरिएको छ । भाग ४ मा वन व्यवस्थापन कार्ययोजना अर्न्तगत कार्ययोजनाको अवधि, लक्ष्य, उद्देश्य, आगामी ५ वर्ष संचालन गरिने कार्यक्रमहरुको वारेमा प्रकाश पारिएको छ । भाग ५ मा उपलब्धी, अनुगमन र समन्वय अर्न्तगत योजनाका विविध पक्षहरु योजना कार्यान्वयन पछि देखिने वनको अवस्था, राज्यलाई प्राप्त हुने राजश्व, सृजना हुने रोजगारी संख्या, कार्ययोजना संसोधन आदि वारे प्रक्षेपण गरिएको छ ।

## लक्ष्य तथा उद्देश्य

### क.लक्ष्य

वर्दिया जिल्लाको वन श्रोतको दीगो व्यवस्थापन, वन, वातावरण र जैविक विविधताको संरक्षणको माध्यमबाट पर्या-पर्यटन बढाउने, सामाजिक समावेशिकरणका आधारमा जनसहभागिता र सरोकारवालाहरुको समानुपातिक पहुंच सुनिश्चित गरी वन श्रोत माथि स्थानीय अपनत्वको भावना विकास गर्ने, वन स्रोतको विकास र व्यवस्थापनबाट स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक प्रभाव पारी गरीब तथा उपेक्षित समुदायको जीविकोपार्जनमा सहयोग पुऱ्याउने ।

### ख.उद्देश्य

- जनसहभागितामा आधारित वन व्यवस्थापन कार्यलाई प्राथमिकताका साथ अगाडि वढाई वनस्रोतको दिगो व्यवस्थापन मार्फत ग्रामीण गरिवी न्यूनीकरणमा टेवा पुऱ्याउने ।
- वनक्षेत्रको उत्पादकत्व वृद्धि गरी स्थानीय आवश्यकताको परिपूर्ति गर्दै वनपैदावारमा आधारित उद्योगहरुलाई कच्चा पदार्थको सहज आपूर्ति र वनपैदावारको विक्रीवितरणबाट राजस्व संकलनमा वृद्धि गर्ने ।
- काष्ठ तथा गैरकाष्ठ वनपैदावारको समुचित व्यवस्थापन गरी स्थानीय रोजगारी र आयआर्जनका अवसरमा वृद्धि गर्ने ।
- वातावरण-मैत्री तवरले वन व्यवस्थापन गरी पारिस्थितिकीय प्रणाली र जैविक विविधताको संरक्षणमा टेवा पुऱ्याउने ।
- मेन्था, लेमनग्रास जस्ता वन्यजन्य आयमूलक तथा रोजगारीमूलक प्रजातिको खेतीमा विशेष जोड दिने ।
- वनपैदावारको सदुपयोग गर्दा अन्तर्राष्ट्रिय सन्धि संझौता कार्यान्वयन गर्ने/गराउने ।
- वन डढेलो, वन फँडानी र वन अतिक्रमण नियन्त्रणका साथै भू-क्षयको दृष्टिले संवेदनशील क्षेत्रको एकीकृत व्यवस्थापन एवं निजी वन विस्तार र वैकल्पिक उर्जा प्रवर्द्धन गरी वन संरक्षण गर्ने ।
- जिल्लास्थित संरक्षित वनहरुको जैविक विविधता संरक्षणको माध्यमबाट त्यहाँका स्थानिय जनताको जीविकोपार्जनमा सुधार ल्याउने ।

- वनको हैसियतमा सुधार र उत्पादकत्व वृद्धि गर्न वृक्षारोपण र प्राकृतिक पुनरुत्पादन व्यवस्थापन लगायतका वन संबर्द्धनका विविध कार्यक्रमहरु संचालन गर्ने ।
- जिल्लाका महत्वपूर्ण ऐतिहासिक, धार्मिक तथा पुरातात्विक महत्वका सम्पदाहरुको संरक्षण र विकासमा सहयोग पुऱ्याइ पर्यापर्यटनको विकास गर्ने ।

## प्रस्तुत कार्ययोजनाको कार्यकारी सारांश

यस जिल्लामा वनको संरक्षण, व्यवस्थापन, जैविक विविधता संरक्षणका लागि ३ वटा प्रमुख कार्यक्रमहरुको वजेट रु. १०,९९,८७,०००।- प्रस्ताव गरिएको छ । कार्य योजनाले प्रस्तावित वन व्यवस्थापन कार्यक्रमहरुलाई ३ भागमा बाँडेको छ । आगामी ५ वर्षकोलागि प्रस्ताविक कार्यक्रमहरुको विवरण अनुसुची १ मा दिईएको छ ।

### १. सामुदायिक वन विकास कार्यक्रम

यस जिल्लाको पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजनामा सामुदायिक वन विकास कार्यक्रमकोलागि वजेट रु. २,९६,८५,०००।- प्रस्ताव गरिएको छ । गत विगतमा झै यस कार्यक्रममा सामुदायिक वन गठन, हस्तान्तरण, वन व्यवस्थापन कार्ययोजना नविकरण, सामुदायिक वन उपभोक्ता समूहको क्षमता विकासकोलागि तालिम, उत्कृष्ठ समूह छनौट तथा पुरस्कार, सामुदायिक वन भित्र कवुलियती वन गठन, लघुउद्यम विकास सहयोग आदी क्रियाकलापहरु मुख्य रुपमा रहेका छन् ।

### २. राष्ट्रिय वन कार्यक्रम (खाता संरक्षित वन कार्यक्रम सहित)

यस कार्यक्रममा वर्दिया जिल्लाकोलागि आगामी ५ वर्षकोलागि बजेट रु ७,६३,४७,०००।- प्रस्ताव गरिएको छ । यस मध्ये खाता संरक्षित वन कार्यक्रमकोलागि रु ४,१६,४५,०००।- प्रस्ताव गरिएको छ । यस कार्यक्रम अर्न्तगत मुख्य रुपमा स्थानीय १० प्रजातीको स्थानीय आयतन तालिका निर्माण, आगामी पंचवर्षिय कार्ययोजनाको कार्ययोजना तयारी (IEE सहित), वन्यजन्तुको वासस्थान व्यवस्थापन, मुक्त कमैया बसोवास गराईएको क्षेत्रमा भएका रुखहरु हटाउने, रेन्जपोष्ट भवनहरु मर्मत तथा पुर्ननिर्माण, आगलागि नियन्त्रणकोलागि क्षमता विकास तथा सामाग्री सहयोग जस्ता क्रियाकलापहरु मुख्य रुपमा रहेका छन् ।

### ३. वन्यजन्तु संरक्षणका लागि क्षेत्रीय सहयोग प्रवर्द्धन आयोजना

वर्दिया जिल्लामा यस कार्यक्रमकोलागि आगामी ५ वर्षकोलागि जम्मा वजेट रु ८४,५५,०००।- प्रस्ताव गरिएको छ । यस कार्यक्रममा मुख्य रुपमा संचालन गरिने क्रियाकलापहरुमा पुनरुत्पादन संरक्षण कार्यक्रम, वन्यजन्तुको वासस्थान सुहाउदो वृक्षारोपण, वन्यजन्तुले पुऱ्याउने क्षतिमा राहत, नियमित गस्ती एवं वन्यजन्तुको संरक्षणकोलागि सवारी साधन मर्मत तथा ईन्धन, रेन्जपोष्ट भवनहरु निर्माण तथा मर्मत आदि मुख्य रहेका छन् ।

**कार्ययोजनाको सिमा (वित्तिय, भौतिक, मानविय)**

वर्दिया जिल्लाको पञ्चवर्षिय वन ब्यवस्थापन कार्ययोजना यस जिल्लाका २७ वटा गा.वि.स. र १ नगरपालिका अन्तर्गतका सबै खाले राष्ट्रिय वनहरु तथा निजी वनलाई समेट्ने हुँदा विस्तृत विवरणहरु मानविय तथा वित्तिय सिमितताका कारण राख्न सम्भव भएको छैन । साथै विभिन्न ठाउँमा पाइने वन पैदावार तथा जिवजन्तु, मौसम अनुसार हिडडुल गर्ने केही चराहरु र वर्षातमा उम्रने वनस्पतिहरुको पूर्ण तथ्यांक साधन तथा समयको अभावले गर्दा छुट भएको अनुमान गरिएको छ । यसमा भएका अधिकांश तथ्यांकहरु दोस्रो स्रोतमा आधारित रहेका छन् । जडीबुटीको स्रोत सर्भेक्षण गर्दा सामुदायिक वन श्रोत सर्वेक्षण मार्गदर्शन २०६१ अनुसार सहभागितामुलक तरिकाबाट स्रोत सर्भेक्षण गरिएको थियो ।

## ;lIfKt zJbfjnL

| | |
|---|---|
| आ.व. | आर्थिक वर्ष |
| क.व. | कवुलियती वन |
| क.व.उ.स. | कवुलियती वन उपभोक्ता समुह |
| कि.मी. | किलोमिटर |
| क्यु. फिट | घन फिट |
| गा.वि.स. | गाउं विकास समिति |
| गै.स.स. | गैर सरकारी संस्था |
| गै.का.व.पै. | गैर काष्ठ वन पैदावार |
| घ. मि. | घन मिटर |
| जि. व.अ. | जिल्ला वन अधिकृत |
| जि.व.का. | जिल्ला वन कार्यालय |
| जि.व.स.स. | जिल्ला वन क्षेत्र समन्वय समिति |
| जि.वि.स. | जिल्ला विकास समिति |
| मे.टन | मेट्रिक टन |
| मि.मी. | मिली मीटर |
| मू.अ.क. | मूल्य अभिवृद्धि कर |
| रे.पो. | रेन्ज पोष्ट |
| रा.व. | राष्ट्रिय वन |
| स.व.अ. | सहायक वन अधिकृत |
| सा.व. | सामुदायिक वन |
| हे. | हेक्टर |

### पुर्व वन व्यवस्थापन कार्ययोजनाको समिक्षा

जिल्ला वन कार्यालय वर्दियाको अघिल्लो वन कार्ययोजना आ.व. २०६५/०६६ देखि २०६९/०७० सम्मको लागि तयार गरी वन विभागवाट स्विकृत भई कार्यान्वयन गरिएको थियो । उक्त कार्ययोजना अवधिभर कार्ययोजनाले लक्षित गरेका मुख्य मुख्य क्रियाकलापहरु तथा प्राप्त उपलव्धिहरु निम्न वमोजिम रहेका छन् ।

| सि.नं | कार्यक्रमको नाम | ईकाइ | लक्ष्य परिमाण | प्राप्त उपलव्धि परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १ | सामुदायिक वन समुह गठन | गोटा | ३३ | ३७ | |
| २ | वन कार्ययोजना तयारी र हस्तान्तरण | गोटा | ३३ | ४४ | |
| ३ | सा.व.कार्य योजना पुनरावलोकन | गोटा | १२२ | १५२ | |
| ४ | विरुवा उत्पादन तथा वितरण | हजार | ३४४ | ३४६.३२७ | |
| ५ | वृक्षारोपण | हेक्टर | २७ | २३.३५ | |
| ६ | अतिक्रमण हटाई वृक्षारोपण | हेक्टर | २० | २६ | |
| ७ | मुद्धा दायरी तथा फैसला | गोटा | लक्ष्य नतोकिएको | ५९ | |
| ८ | सदुपयोग | | | | |
| | काठ | क्युफि | ,, | ५२५१०८.०३ | |
| | दाउरा | चट्टा | ,, | ६५४.५ | |
| ९ | राजस्व (रु.) (जरीवाना समेत) | रुपैया | | ४,०९,४०,३२६.४९ | आ.व. २०६८/०६९ सम्मको निजी वन तथा राष्ट्रिय वनबाट उत्पादित वन पैदावारको भ्याट र वन विकास समेत |

### कार्ययोजना तयार गर्नकोलागि अपनाईएको कार्यविधि

वर्दिया जिल्लाको पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजना तयार गर्दा चाहिने पहिलो र दोस्रो क्रमको जानकारी क्रमशः फिल्डको अध्ययन तथा सन्दर्भ सामग्रीहरुको पुनरावलोकनबाट प्राप्त गरिएको थियो ।

### क. प्राथमिक तथ्याङ्क (Primary Data)

कार्ययोजना तयार गर्दा आवश्यक पर्ने प्राथमिक क्रमका भौतिक र जैविक वातावरण सम्वन्धी तथ्याङ्कहरू वनक्षेत्रको स्थलगत अवलोकन, वन स्रोत सर्वेक्षण (Forest & NTFPs Inventory) तथा सामाजिक आर्थिक वातावरण सम्वन्धी विवरण घरधुरी सर्वेक्षण (House Hold Survey), सरोकारवालाहरुसँग छलफल, अन्तरवार्ता, सहभागीतामुलक नक्सा जस्ता औजारहरू मार्फत संकलन गरिएको थियो । वर्दिया जिल्लाको अधिकांस वन क्षेत्र समुदायमा आधारित वन व्यवस्थापन प्रणालीमा हस्तान्तरण गरि सकिएकोले यस जिल्लाको समग्र वनको मौज्दात, बार्षिक बृद्धिदर तथा बार्षिक स्वीकार्य कटानकोलागि हस्तान्तरण भएका सामुदायिक वनका कार्ययोजनाबाट वनश्रोत सर्वेक्षणका तथ्यांकहरुलाई विश्लेषण गरी निकालिएको हो । यसबाट प्राप्त तथ्यांकहरुको विश्लेशण गरेर जिल्लाको वन मौज्दात तथा वार्षिक स्वीकार्य कटान परिमाणको प्रक्षेपण गरिएको थियो ।

**ख.सहायक तथ्याङ्क (Secondary data)**

दोस्रो क्रमको जानकारीहरू सम्वन्धित विभिन्न सन्दर्भ सामग्री, जिल्ला वन कार्यालयका अभिलेखहरु, अन्य कार्यालयका अभिलेखहरू, विगतका जिल्लाका पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजना, जि.वि.स. वर्दियाद्धारा प्रकाशित वर्दिया जिल्लाको वस्तुस्थिति विवरण तथा बैज्ञानिक अनुसन्धानात्मक लेख, रचनाहरुबाट संकलन गरिएको थियो ।

efu !

lhNnfsf] ;fdfGo kl/ro

## १.१ ऐतिहासिक पृष्ठभूमि

वि.सं. १९१४ मा भारतमा भएको सिपाही विद्रोहको समस्या समाधान गर्न तत्कालिन प्रधानमन्त्रि श्री ३ जंगबहादुर राणाले ईष्ट ईण्डिया कम्पनीलाई सहयोग गरेवापत वि.सं. १८७३ को सुगौली सन्धीबाट गुमेको भु–भाग मध्ये पुरस्कार स्वरुप वि.सं. १९१७ मा बाँके, वर्दिया, कैलाली र कञ्चनपुर नेपाललाई फिर्ता आएकोले उपरोक्त वर्दिया लगायतको जिल्लाहरुलाई नयाँ मुलुकको रुपमा चिनिन्छन् । वढैया तालको जिल्ला, गजराज हात्तिको जिल्ला, थारु वाहुलको जिल्ला, जंगलै जंगलको जिल्ला, कृष्णसारको जिल्ला, पन्टुन पुलको जिल्ला तथा कर्णाली पुलको जिल्लाको नामले पनि चिनिने वर्दिया जिल्ला कमैया प्रथाले उत्पन्न गरेको भुमिहिनता मुख्य समस्याको रुपमा रहेको छ ।

यस जिल्लाको नाम वर्दिया रहनुको पछाडी विभिन्न जनश्रुती, धार्मिक एवं पौराणिक आख्यानहरु रहेको पाईन्छ । ति मध्ये केही यस प्रकारका छन् :

स्थानीय थारु भाषामा गाई गोरुलाई वलिवर्द भनिने र यहाँका गाई गोरु राम्रा, मोटाघाटा र वलिया हुने हुदा यो ठाउलाई वलिवर्द भनिएकोमा पछि अपभ्रंस भई वर्दिया भएको र यसै आधारमा जिल्लाको नामाकरण गरिएको मानिन्छ । ऐश्वर्य र सम्वृद्धिका प्रतिकका रुपमा रहेको गोरुलाई सस्कृतमा भाषामा पनि वलिवर्द नै भनिन्छ ।

पदनाह गा.वि.स.मा वारवर्दिया भन्ने गाउँ  छ, पहिले यसै ठाउँमा हरिहर राजाको दरवार थियो । वारवर्दियामा खेतिको लागि उन्नत जमिन भएको कारण बाहिरबाट वसाई सराई गरी यसै ठाउँमा आउन थाले र यो ठाउँ प्रसिद्ध हुन थाल्यो, अन्तमा यसै ठाउको नामबाट वर्दिया जिल्ला नामकरण रहन गएको हो भन्ने भनाई छ ।

थारु भाषामा गाई गोरुलाई वर्दवा भनिन्छ । वर्दिया जिल्लामा गाई गोरुलाई प्रशस्त चरन क्षेत्र भएकोले धेरै गाई गोरु पाल्ने र वर्दुवाहरु धेरै वसोवास गर्ने भएकोले पछि वर्दुवाबाट अपभ्रंस भई वर्दिया जिल्ला नामाकरण गरिएको हो भन्ने पनि भनाई छ ।

**प्रशासकिय विभाजन :**

विकास क्षेत्र : मध्यपश्चिम

अञ्चल : भेरी

निर्वाचन क्षेत्र : ४

इलाका संख्या : १३

गाविस संख्या : ३१ (जिल्ला वन कार्यालयको क्षेत्राधिकार भित्र पर्ने गाविस संख्या २६)

नगरपालिका संख्या : १ (गुलरिया न.पा., जिल्ला सदरमुकाम)

वर्दिया जिल्लाको नक्सा अनुसुची १ मा दिईएको छ ।

**कानुनी घोषणाहरु**

**क. राष्ट्रिय वन योजना, २०३३**

देशको पहिलो वन नीतिको रुपमा वन विभागद्धारा तयार पारिएको यो योजनामा प्राकृतिक सन्तुलन, आर्थिक परिचालन, वैज्ञानिक वन व्यवस्थापन, ज्ञान र प्रविधिको विकास र जनसहयोग गरी ५ ओटा उद्देश्यहरु रहेका छन् । देशका सबै भागमा एकैनासको वन व्यवस्थापन हुन नसक्ने वास्तविकतालाई मध्यनजर गरी योजनाले तराई र भावर, भित्रीमधेश, मध्य पहाड र हिमाली क्षेत्रको वन व्यवस्थापनको छुट्टाछुट्टै रुपरेखा तयार पारेको थियो । साथै वन व्यवस्थापन गर्न वन संरक्षण, वन सम्वर्द्धन, वन सदुपयोग र आधारभुत वन विकास कार्य गरी ४ ओटा विषयगत कार्यहरु तोकेको छ ।

**ख. आवधिक योजनाहरु**

दातृ संस्थाहरुको सहयोगमा संचालित विकास आयोजनाहरुको कार्यान्वयन गर्नु पूर्व त्यस्ता आयोजनाबाट प्रस्ताव कार्यान्वयन क्षेत्रको भौतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक एवं जैविक वातावरणमा पर्न सक्ने प्रभावहरुको मूल्याङ्कन गर्ने कार्यको सन् १९८० को दशकमा शुरुवात भए पछि नेपालमा विकास निर्माण कार्यक्रमहरुमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने कार्यले निरन्तरता पायो । छैठौं योजना अवधि (२०३७-२०४२) मा सरकारको आर्थिक दायित्वमा कार्यान्वयन भएको वातावरणीय प्रभाव अध्ययन आयोजनाले नेपालमा वातावरणीय प्रभाव मूल्याङ्कनको जग वसाल्यो । उक्त योजनाले वातावरण संरक्षणमा सजगता देखाउँदै केही छानिएका आयोजना तथा कार्यक्रमहरु संचालन गर्न वातावरणीय अध्ययनको आवश्यकता औंल्याएको थियो । सातौं योजना (२०४२-२०४७) ले पनि यसलाई अनुसरण गऱ्यो । त्यसैगरी आठौं योजना (२०४९-२०५४) ले यसलाई अझ

सुदृढ गर्न वातावरणीय अध्ययनका लागि एक राष्ट्रिय पद्दति स्थापनाको सोच राख्दै सडक, जलविद्युत, उद्योग, सिंचाई, खानेपानी तथा ढल निकास जस्ता ठूला आयोजनाका लागि वातावरणीय अध्ययन प्रक्रियालाई निरन्तरता दिंदै सहभागितात्मक वनाउन जोड दिएको देखिन्छ । दशौं योजना (२०५९-६४) ले यसलाई निरन्तरता दिंदै धेरैजसो विकास आयोजना तथा कार्यक्रमहरु संचालन गर्नु पूर्व वातावरणीय प्रभाव अध्ययनलाई अनिवार्य गरी सोको नियमित अनुगमनलाई जोड दिएको थियो । गत तीन वर्षीय अन्तरिम योजना (२०६४/०६५-०६६/०६७) ले देशमा विद्यमान वेरोजगारी, गरिवी र असमानता घटाई दिगो शान्ति स्थापनामा सघाउ पुऱ्याउँदै आम जनताको जीवनमा परिवर्तनको अनुभूति दिलाउने प्रमुख उद्देश्य लिनुका साथै र आर्थिक वृद्धिदर २.५ प्रतिशतबाट ५.५ प्रतिशत पुऱ्याउने र गरिवीका रेखामुनीको जनसंख्यालाई ३१ प्रतिशतबाट २४ प्रतिशतमा झार्ने एवं रोजगारी वृद्धिदर ३ प्रतिशतबाट ३.५ प्रतिशत पुऱ्याउने परिमाणात्मक लक्ष्य लिएको थियो ।

### ग.राष्ट्रिय संरक्षण कार्यनीति, २०४५

वातावरण सम्बन्धी देशकै पहिलो नीतिको रुपमा आएको यो नीतिले देशको दिगो विकासमा टेवा पुऱ्याउन विकास कार्यक्रम संचालन गर्दा महत्वपूर्ण प्राकृतिक संपदाको संरक्षण सम्वन्धमा स्पष्ट दिशाबोध गरेको छ ।

### घ. वन विकास गुरु योजना, २०४६

वन विकास गुरुयोजनालाई नेपालको वन विकासका लागि एक प्रमुख मागदर्शक नीतिको रुपमा लिइएको छ । यसले वन विकासका लागि दीर्घकालीन तथा मध्यावधि उद्देश्यहरु तय गरी उक्त उद्देश्यहरु परिपूर्ति गर्न ६ ओटा प्राथमिक र ६ ओटा टेवामूलक कार्यक्रमहरु तय गरेको छ । सामुदायिक र निजी वन, राष्ट्रिय र कवुलियती वन, काठमा आधारित उद्योग धन्दा, जडीवुटी तथा सुगन्धित वनस्पतिहरु र अन्य लघु वनपैदावारहरु, भू-संरक्षण तथा जलाधार व्यवस्थापन, पारिस्थितिकीय प्रणाली र वंशाणु स्रोत संरक्षण गर्ने प्राथमिक कार्यक्रमहरु हुन् भने नीतिगत र कानूनी सुधार, संस्थागत सुधार, मानवीय संसाधन, अनुसन्धान र विस्तार, संपदा सूचना र योजना तर्जुमा कार्यमा सहयोग, अनुगमन तथा मूल्याङ्कनलाई टेवामूलक कार्यक्रमहरुका रुपमा समावेश गरेको छ । उक्त कार्यक्रमहरुको समष्टिगत कार्यनीतिमा स्वतः रुपमा देशको वन सम्पदाको व्यवस्थापन सुधार, जनताका आधारभूत आवश्यकता पूरा गर्ने र वातावरण संरक्षण गर्ने लगायतका कार्यनीति रहेका थिए । उक्त २१ वर्षे योजनाको (आ.व.०४६/०४७-०६६/०६७) कुल खर्च रु.४५

अर्व थियो भने  सो गुरुयोजनाले सामुदायिक वन विकास कार्यक्रमलाई प्राथमिक कार्यक्रमको रुपमा अघि सारेको थियो ।

**ङ. संशोधित वन नीति, २०५७**

यस नीतिले उच्च आर्थिक तथा राष्ट्रिय महत्व भएका तराई र चुरेको वनलाई  स्थानीय निकाय, स्थानीय उपभोक्ता तथा नेपाल सरकारको संयुक्त साझेदारीमा व्यवस्थापन गर्ने अवधारणा अंगालेको छ ।

**च.नेपाल जैविक विविधता रणनीति, २०५९**

नेपालमा भएका विभिन्न जैविक विविधताका स्रोतहरुको संरक्षण गरी सोबाट प्राप्त फाइदाहरुको न्यायोचित वितरण गर्न नेपाल जैविक विविधता रणनीति, २०५९ लागु गरिएको छ । यो रणनीतिमा जैविक विविधतामा उल्लेखनीय प्रभाव पार्न सक्ने कार्ययोजना कार्यान्वयन गर्नु पूर्व त्यस्ता कार्ययोजनाहरुको वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४ अनुसार वातावरणीय अध्ययन गर्नु पर्ने हुँदा त्यसको न्यूनीकरण गर्ने कार्यक्रम समावेश गरी कार्यान्वयन गर्नमा जोड दिने कुरा उल्लेख गरेको छ ।

**छ.जडीवुटी तथा गैरकाष्ठ वनपैदावार विकास नीति, २०६१**

यो नीतिले उच्च मूल्यका जडीवुटी एवं गैरकाष्ठ वनपैदावारहरुको संरक्षण र सम्वर्द्धनबाट अर्थ व्यवस्थामा ठोस योगदान पुऱ्याई सन् २०२० सम्म अन्तर्राष्ट्रिय जगतमा नेपाललाई जडीवुटी एवं गैरकाष्ठ वनपैदावारको वृहत भण्डारको रुपमा परिचित गराउने दीर्घकालीन सोच राखेको छ ।

**ज. सहस्राव्दी विकास लक्ष्य, २०००**

संयुक्त राष्ट्रसंघको आयोजनामा सेप्टेम्वर ६-८, २००० मा संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा भएको सहस्राव्दी सम्मेलनले सन् १९९० लाई आधार वर्ष मानी सन् २०१५ सम्मको अवधिमा विश्वले हासिल गर्नुपर्ने लक्ष्य तोकेको थियो । एक्काइसौं शताब्दीको शुरुवातमा भएको सो सम्मेलनमा नेपाल सहित १८९ देशले सो घोषणा-पत्रको अनुमोदन गरे । सहस्राव्दी विकासका लक्ष्यहरु (Millenium Development Goal) का जम्मा ८ लक्ष्यहरु मध्ये एक वातारणीय दिगोपनाको प्रत्याभूति पनि रहेको छ ।

**कानूनी प्रावधान**

### क.नेपालको अन्तरिम संविधान, २०६३

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३५ (५) मा राज्यले वातावरण स्वच्छ राख्न आवश्यक व्यवस्था गर्ने र जनसाधारणमा वातावरणीय स्वच्छताको चेतना वढाई भौतिक विकास सम्बन्धी क्रियाकलापहरुद्धारा वातावरणमा प्रतिकूल असर पर्न नदिन एवं वातावरण तथा दुर्लभ वन्यजन्तुको संरक्षणमा विशेष प्राथमिकता दिनेछ भन्ने व्यवस्था गरेको छ ।

### ख. राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा सम्बन्धित नियमावलीहरु

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १० ले निकुञ्ज, आरक्ष र संरक्षण क्षेत्र वा अन्य क्षेत्रमा पाइने २६ प्रजातिका स्तनधारी, ९ प्रजातिका पंक्षी र ३ प्रजातिका सरिसृपलाई संरक्षित वन्यजन्तुका रुपमा लिई उक्त वन्यजन्तु लगायत अन्य वन्यजन्तुलाई लखेट्न, पक्रन, मार्न एवं कुनै किसिमले हानी नोक्सानी गर्न निषेध गरेको छ । साथै उक्त ऐन देशका सबैक्षेत्रमा लागु हुने व्यवस्था समेत गरेको छ । ऐनको उद्देश्य पूर्तिका लागि नियमहरु वनाउन सक्ने प्रावधान दफा ३३ मा भए वमोजिम विभिन्न नियमावलीहरु समेत वनेका छन् ।

### ग. भू तथा जलाधार संरक्षण ऐन, २०३९ तथा नियमावली, २०४२

भू तथा जलाधार संरक्षण ऐन, २०३९ र नियमावली, २०४२ मा संवेदनशील जलाधार क्षेत्रलाई संरक्षित जलाधार क्षेत्रको रुपमा घोषणा गर्न सक्ने तथा उक्त जलाधार क्षेत्रमा मानव गतिविधिमा रोक लगाउन सक्ने प्रावधानहरु समावेश गरिएका छन् ।

### घ. वन ऐन, २०४९ तथा नियमावली, २०५१

वन ऐन, २०४९ को दफा २० र २१ मा सरकारद्धारा व्यवस्थित वनको व्यवस्थापनका लागि विभागले तोके बमोजिम कार्ययोजना तयार गरी स्वीकृत गराउनु पर्ने तथा कार्ययोजनाले निर्दिष्ट गरेको तथा वनविकास कार्य वाहेक सरकारद्धारा व्यवस्थित वनमा अन्य कुनै पनि कार्य गर्न नपाइने व्यवस्था भएको छ । त्यसैगरी वन नियमावली, २०५१ को नियम ३ देखि २३ सम्ममा सरकारद्धारा व्यवस्थित वनमा कार्ययोजना तयारी, मुल्याङ्कन, संशोधन, वनपैदावार संकलन, विक्रीवितरण, निकासी एवं वन विकास लगायतका विविध विषयहरु समावेश गरिएका छन् । वन ऐन २०४९ को दफा ६८ मा राष्ट्रिय वनक्षेत्रको कुनै भाग राष्ट्रिय प्राथमिकता प्राप्त योजना संचालन गर्न वनका प्रयोग गर्नु बाहेक अन्य कुनै पनि विकल्प नभएमा र त्यस्तो योजना संचालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने भएमा प्रयोग गर्न दिन सक्ने प्रावधान रहेको छ ।

**ङ. वातावरण संरक्षण ऐन, २०५३ तथा नियमावली, २०५४**

२०५४ असारबाट वातावरण संरक्षण ऐन, २०५३  र नियमावली, २०५४ लागू भए । उक्त ऐनको दफा ३ र ४ मा प्रस्तावकले तोकिए वमोजिमका प्रस्तावहरुको प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने एवं कसैले पनि सम्बन्धित निकाय वा मन्त्रालयबाट तोकिए वमोजिमको प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न/गराउन नहुने व्यवस्था गरेको छ । त्यसैगरी सो नियमावलीको नियम ३ सँग सम्बन्धित अनुसूची १(अ) १० मा राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा संरक्षण क्षेत्र र तिनको मध्यवर्ती क्षेत्र एवं सिमसार क्षेत्र समेतमा व्यवस्थापन योजना तयार गर्ने र सरकारद्धारा व्यवस्थित सबै प्रकारका जिल्लास्तरीय वन व्यवस्थापन योजना तयार गर्न प्रारम्भिक वातारणीय परीक्षण गर्नुपर्ने व्यहोरा उल्लेख छ । साथै नियमावलीको नियम ५ सँग सम्वन्धित अनुसूची ३ मा प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची समावेश गरिएको छ भने नियम ७ बमोजिमको अनुसूची ५ मा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेन तयार गर्दा खुलाउनु पर्ने कुराहरु समाविष्ट छन् ।

**च. स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६**

स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिलाई आफ्नो क्षेत्रको वातावरण संरक्षण तथा सम्वर्द्धन गर्न तथा वन, वनस्पती, जैविक विविधता र भू-संरक्षण सम्वन्धमा योजना तयार गरी कार्यान्वयन गर्न/गराउन सक्ने अधिकार प्रदान गरेको छ । त्यसैगरी स्थानीय स्वायत्त शासन नियमावली, २०५६ ले पनि गाउँ परिषद, नगर परिषद र जिल्ला परिषदहरुलाई विभिन्न विषयमा आवश्यक सल्लाह दिन विभिन्न ५ ओटा विषयगत समितिहरु गठन गर्ने व्यवस्था गरिएको छ । उक्त समितिहरु मध्ये कृषि, वन तथा वातावरण समिति पनि एक रहेको छ ।

**अन्तर्राष्ट्रिय सन्धि/संभ्तौताहरु**

वनक्षेत्रसँग सम्वन्धित कुनै प्रस्तावको नेपाल सन्धि ऐन, २०४७ को दफा ९ मा सन्धि व्यवस्था कानून सरह हुने उल्लेख छ । प्रारम्भिक वातावणीय परिक्षण गर्दा नेपाल पक्ष रहेका विभिन्न अन्तर्राष्ट्रिय सन्धि/संभ्तौताहरुलाई समेत  ध्यान दिनु पर्दछ । प्रस्ताव कार्यान्वयन हुँदा प्रत्यक्ष एवं परोक्षरुपमा आकर्षित हुने केही अन्तर्राष्ट्रिय प्रावधानहरु निम्नानुसार रहेका छन् :

- अन्तर्राष्ट्रिय महत्वका विशेष गरी जलपंक्षीको वासस्थान सम्बन्धी महासन्धि १९७१ (The Convention on Wetlands of International Importance especially as Waterfowl Habitat -1971)
- विश्व सांस्कृतिक तथा प्राकृतिक संपदा संरक्षण सम्वन्धी महासन्धि १९७२ (The Convention concerning the Protection of the World Cultural and Naural Heritage -1972)
- दुर्लभ वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार सम्वन्धी महासन्धि १९७३ (The Convention on International Trade in Endangered Species of Wild Faunna and Flora -1973)
- उष्ण प्रदेशीय काष्ठ सम्वन्धी अन्तर्राष्ट्रिय संझौता १९८३ (International Tropical Timber Agreement-1983)
- जैविक विविधता सम्वन्धी महासन्धि १९९२ (Convention on Biological Diversity-1992)

**मापदण्ड, निर्देशिका तथा दिग्दर्शनहरु**

**क. राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५०**

नेपाल सरकारले आठौं योजनाको नीति कार्यान्वयनमा सहयोग पुगोस् भन्नका लागि वातावरण संरक्षण ऐन, २०५३ र नियमावली, २०५४ ल्याउनु अगाडि नै यो निर्देशिका लागू गरेको छ । यो निर्देशिकाले वातावरणीय प्रभाव अध्ययन गर्दा जनसहभागिता जुटाउनु पर्ने, आवश्यक सूचना र तथ्याङ्क संकलन गर्ने, विवादित विषयको गम्भिरताको मूल्याङ्कन गर्नु पर्ने, व्यवस्थापनका साथै वातावरणीय अध्ययनका लागि ती विषयहरुको प्राथमिकताक्रम निर्धारण गर्ने जस्ता कुरालाई स्पष्टरुपमा मार्गदर्शनको रुपमा अघि सारेको छ ।

**ख. वनक्षेत्रका लागि वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका, २०५२**

यो निर्देशिकामा प्रस्तावको छनौट र वर्गीकरण, प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय प्रभाव मूल्याङ्कन र सोको लागि क्षेत्र निर्धारण तथा कार्यसूची, वातावरणीय प्रभाव मूल्याङ्कनको प्रभाव पहिचान, पूर्वानुमान, तह निर्धारण प्रक्रिया र न्यूनीकरणका उपायहरु, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको पुनरावलोकन, अनुगमन तथा मूल्याङ्कन र वनक्षेत्रबाट शुरु नभएका तर वनक्षेत्रमा असर पार्ने प्रस्तावहरुका लागि आवश्यक वातावरणीय प्रभाव मूल्याङ्कन जस्ता विषयहरु समेटिएका छन् ।

**ग. सामुदायिक वनको निर्देशिका, २०५२ (संशोधिन सहित)**

यो निर्देशिका खासगरी सामुदायिक वन हस्तान्तरण तथा वनपैदावार ओसारपसारमा सघाउ पुऱ्याउने उद्देश्यले लागु गरिएको छ । सामुदायिक वनबाट वनपैदावार निकाल्दा वार्षिक वृद्धिदरलाई आधार मान्नु पर्ने व्यवस्था यसले गरेको छ ।

**घ. वनपैदावार (काठ/दाउरा) सङ्कलन तथा बिक्रीवितरण निर्देशिका, २०५७**

नेपाल सरकार, वन तथा  भू-संरक्षण मन्त्रालयले वन नियमावली, २०५१ को नियम ६७ ले दिएको अधिकार प्रयोग गरी वनाएको यो निर्देशिकामा रुख छपान तथा कटान इजाजत, कटान, मुछान, ढुवानी तथा घाटगढ्ढी, काठ नाप साइज, मूल्य निर्धारण र राजश्व असुली, काठ/दाउरा र खडा रुख विक्रीवितरण, वेवारिसे वा दरियावुर्दी काठ, समिति वा संस्थानलाई काठ/दाउरा उपलब्ध गराउने जस्ता कार्य गर्दा अपनाइने विधिहरुको बारेमा निर्देश गरेको छ ।

**ङ. वनपैदावार लिलाम बिक्री कार्यविधि निर्देशिका, २०६०**

वन तथा भू-संरक्षण मन्त्रालयले वन नियमावली २०५१ को नियम ६७ ले दिएको अधिकार प्रयोग गरी वनाएको यो निर्देशिकाले काठ/दाउरा लगायतका अन्य वनपैदावारको लिलाम बिक्री गर्दा अपनाइने प्रक्रियालाई प्रष्टसँग निर्देश गरेको छ ।

**च. वनक्षेत्रका लागि प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची तथा प्रतिवेदनको दिग्दर्शन, २०६१**

वातावरण संरक्षण ऐन, २०५३ र नियमावली, २०५४ को आधारमा प्रस्तावकबाट तयार गराई स्वीकृतिका लागि पेश भएका कार्यसूची तथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनलाई कानूनी तथा प्राविधिक दृष्टिले पुनरावलोकन गरी स्वीकृति प्रक्रियालाई सहज वनाउन तयार भएको यो दिग्दर्शनमा कार्यसूची तथा प्रतिवेदनका विभिन्न विषयहरुलाई विस्तृत रुपमा प्रस्तुत गरिएको छ ।

**छ. सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०६५**

यो मार्गदर्शनले उपभोक्ता र वनक्षेत्र पहिचान देखि उपभोक्ता समूह गठन तथा दर्ता, सामुदायिक वनको कार्ययोजना तयार र वन हस्तान्तरण, विधान तथा कार्ययोजना कार्यान्वयन एवं परिमार्जन तथा सामुदायिक वन प्रक्रियामा सरोकारवालाहरुको भूमिकालाई विस्तृत रुपमा प्रष्ट्याएको छ ।

**अन्य नीति, ऐन, नियम, निर्देशिका एवं मार्गदर्शनहरु**

- जलचर संरक्षण ऐन, २०१७
- खानी तथा खनिज पदार्थ ऐन, २०४२

- कवुलियती वन नीति, २०५९
- राष्ट्रिय सिमसार नीति, २०५९
- सामुदायिक वनस्रोत सर्वेक्षण मार्गदर्शन (परिमार्जित), २०६१
- जिल्ला वनपैदावार आपूर्ति समितिको (कार्यविधि) निर्देशिका,२०६३
- नेपाल वातावरणीय नीति तथा कार्य निति, १९९३
- वन क्षेत्रका विभिन्न कार्ययोजना निर्माण प्रक्रियासँग सम्वन्धित वन विभागबाट पारित विषयसुचीको संगालो–२०७०

**पुरातात्विक र पर्यटकिय महत्वपुर्ण क्षेत्र**

यस जिल्ला धार्मिक, सास्कृतिक एवं पर्यापयटनको दृष्टिकोणले अति महत्वपुर्ण रहेको छ । थारु समदायको वाहुल्य भएकोले यस जिल्ला थारु सस्कृतिको भण्डार हो ।

| सि.नं. | धार्मिक, सास्कृतिक एवं पर्यापर्यटकिय स्थल | गाविस | कैफियत |
|---|---|---|---|
| १. | वर्दिया राष्ट्रिय निुकन्ज | ठाकुरद्धारा | |
| २. | ठाकुरद्धारा मन्दिर | ठाकुरद्धारा | |
| ३. | कृष्णसार संरक्षण क्षेत्र | खैरापुर | |
| ४. | वढैया ताल | सोहरवा | |
| ५. | चेपाङ्ग गाउ | वेलवा | |
| ६. | जानकी मन्दिर | राजापुर | |
| ७. | डल्ला होमस्टे | सुर्यपटुवा | |
| ८. | ओखरिया वाध | राजापुर | |
| ९. | कर्णाली पुल (चिसापानी) | पाताभार | |
| १०. | गेरुवा कर्णाली पुल (नेपालको सवैभन्दा लामो पुल) | ढोढरी र खैरीचन्दनपुर | निर्माणाधिन |
| ११. | बाँगेश्वरी मन्दिर | गुलरिया | धार्मिक स्थल |
| १२. | सन्तोषी मन्दिर | गुलरिया | धार्मिक स्थल |
| १३. | कोटही मन्दिर | गुलरिया | धार्मिक स्थल |
| १४. | राधाकृष्ण मन्दिर | गुलरिया | धार्मिक स्थल |
| १५. | रामजानकी मन्दिर | राजापुर, मटेनिया | धार्मिक स्थल |
| १६. | गणेश मन्दिर | राजापुर | धार्मिक स्थल |
| १७. | शिव मन्दिर | ठाकुरद्धारा, राजापुर, वाँसगढि, | धार्मिक स्थल |

| | | मगरागडी | |
|---|---|---|---|

श्रोत : District Transportation Master Plan (DTMP), बर्दिया २०१२ र District Profile Bardiya, CBS

## १.२ भौगोलिक अवस्था तथा बनोट

नेपाल अधिराज्यका पाँच विकास क्षेत्रहरु मध्ये मध्य पश्चिमान्चल विकास क्षेत्रको सहायक केन्द्रको रुपमा बर्दिया जिल्ला रहेको छ । यो जिल्ला भारतीय सिमानासंग जोडिएको तथा कर्तनियाघाट वन्यजन्तु स्याङ्गचुरी रहेकाले मध्यपश्चिम क्षेत्रको सहायक व्यापारिक केन्द्रको रुपमा आशातित बिकास हुन सकिरहेको छैन । सरदर यस जिल्लाको पूर्व पश्चिम लम्वाई करिव ६४ किलोमिटर र उत्तर दक्षिणको चौडाई करिव ३५.७१ कि.मी. रहेको छ । यस जिल्लाको दक्षिणी भागमा तराईको समथर भू भाग र उत्तरी भागमा पूर्व पश्चिम फैलिएको चुरे श्रृंखला पर्दछ । यस जिल्ला पूर्वी देशान्तर ८१°३" देखी ८१°४१" सम्म र उत्तरी आक्षांश २८°७" देखी २८°३९" सम्म फैलिएर रहेको छ ।

**सिमाना :**

पुर्व : बाँके जिल्ला (मान नदी)

पश्चिमः कैलाली जिल्ला (कर्णाली नदी)

उत्तर : सूर्खेत र सल्यान जिल्ला

दक्षिण : भारत (उत्तर प्रदेशको बहराईच जिल्ला)

भौगोलिक अवस्थिति अनुसार यस जिल्लालाई तीन भागमा विभाजन गर्न सकिन्छ ।

(क) तराईको समथर भूमी

(ख) उत्तरको भावर प्रदेश

(ग) चुरे पर्वत श्रेणी

जिल्लाको उत्तर क्षेत्र भावर क्षेत्र र चुरे पर्वत श्रृंखलामा पर्ने र उक्त क्षेत्र बर्दिया राष्ट्रिय निकुन्जको संरक्षण क्षेत्र भित्र पर्ने भएकोले यस क्षेत्रमा जनसंख्याको चाप नरहेको देखिन्छ । चुरे श्रंखला भू वनोटको आधारमा वस्ती योग्य देखिदैन । जिल्लाको कूल भू भाग मध्ये अधिकांश भू भाग (करिब ६८.७६%) औषत १ डिग्री भन्दा कम भिरालो भएको क्षेत्रले ढाकेको छ । चुरे क्षेत्रमा जमिन १२७९ मिटर उँचाईसम्म उठेको छ । भौगर्भिक रुपमा चुरे पहाडको उत्तरी मोहडा सामान्य भिरालो छ भने दक्षिण मोहडा अति भिरालो छ । तराईको न्युन भू–भाग १३८ मिटर उँचाइमा रहेको छ ।

## १.३ जियोलोनी (खनिज, चट्टान र माटो) तथा भू–बनोट

यस जिल्लाको उत्तरमा चुरे पहाड, दक्षिणमा समथर मैदानका कारण भौगोलिक दृष्टिकोणले यस जिल्लालाई उत्तर चुरे पर्वत श्रेणी, भावर क्षेत्र र दक्षिण तराईको समतल भू भाग गरी तिन भागमा विभाजन गरिएको छ ।

**क) चट्टान :**

चुरे क्षेत्रमा कम उमेरका चाडो भू क्षय हुने नदीले छोडेको ढुंगा, बालुवा र माटोको प्रभुत्व रहेको छ । शिवालीक बलौटे चट्टान ,खस्रो बालुवा, सिल्ट चट्टान ,सेल (Shell) बाट वनेको छ । भावर क्षेत्र शिवालिकको तल्लो भू भाग हो जुन बलौटे ग्रेगर ढुंगा, Cobbles र Pebbles बाट वनेको छ ।

दक्षिण तराईको भू भागमा देखा परेको उतार चढाव गंगाको मैदानमा Tectonic upliftment को प्रभावले हो । तराईको भूगर्भ ठाउं अनुसार फरक छ परिणाम स्वरुप भूमिगत जल सतहको गहिराई फरक रहेको छ । दक्षिण तराई भन्दा उत्तर तराई बढी बलौटे छ ।

**ख) माटो :**

चुरे पहाडमा मटोको सतह साह्रै पातलो गरी मुख्य चट्टान माथी रहेको छ जसलाई Ustrorthents भनि वर्गीकृत गरिएको छ जुन मुख्य रुपमा पत्रे चट्टानबाट विकसित भएको हो । पांगो माटो भएको यो संरचना सजिलै बग्ने र भिन्न पि.एच.भएको छ । तराई वनमा भएको माटोलाई Ustrorthents र Haplostolls मा वर्गीकृत गरिएको छ । यी माटाहरु बलौटे पांगो देखि चिम्टाईलो बलौटे सम्म रहेका छन् । वर्षातमा चुरेको माटो बगेर तल्लो जलाधार क्षेत्र ( तराई) मा बाढी ल्याउँछ ।

## १.४ जलवायु तथा वर्षा

यहाँ उष्ण मनसुनी हावापानीको प्रभाव छ । तर उत्तरी भेगको चुरिया क्षेत्रमा समशितोष्ण किसिमको जलवायु पनि पाईन्छ । यस जिल्लामा हिउंदको समयमा राम्रोसंग घाम नलाग्ने र हुस्सुको अत्यधिक प्रभावले शीत लहर चली अति जाडो गर्दछ । गर्मी याममा अत्यधिक गर्मी हुने र चैत्र बैशाख महिनामा लु समेत चल्ने गर्छ ।

अधिकतम तापक्रम : ४२.२$^{o}$ सेल्सियस

न्यूनतम तामक्रम : ७.७$^{o}$ सेल्सियस

सापेक्षिक आर्द्रता : २७ प्रतिशत देखि ९४ प्रतिशतसम्म

बार्षिक औषत वर्षा : १११८ मि.लि. सम्म

**हावापानीको प्रकार :**

क) गर्मी, सुख्खा उपोष्ण हावापानी

ख) न्यानो सुख्खा उपोष्ण हावापानी

ग) न्यानो आद्र शितोष्ण हावापानी

वर्दिया जिल्लाको महिनागत रुपमा औसत अधिकतम तापक्रम, न्युनतम तापक्रम र औषत वर्षा निम्नानुसार रहेको छ ।

| सि.नं. | महिना | औसत अधिकतम तापक्रम (डि.से.) | औसत न्युनतम तापक्रम (डि.से.) | औसत वर्षा (मि.मि.मा) |
|---|---|---|---|---|
| १. | वैशाख | ३७ | १८ | २० |
| २. | जेष्ठ | ३८ | २४ | ४२ |
| ३. | असाढ | ३८ | २३ | २१५ |
| ४. | श्रावण | ३५ | २१ | ४३८ |
| ५. | भदौ | ३४ | २० | ३२२ |
| ६. | असोज | ३२ | २० | २६० |
| ७. | कार्तिक | ३१ | १९ | ६५ |
| ८. | मंसिर | २६ | १२ | ५ |
| ९. | पुष | १९ | ७ | १२ |
| १०. | माघ | २२ | ६ | २३ |
| ११. | फाल्गुण | २५ | ८ | १८ |
| १२. | चैत्र | ३१ | १४ | ११ |

श्रोत : जिल्ला वस्तुगत विवरण वर्दिया, आ.व. २०६३/०६४, शाखा तथ्यांक कार्यालय, वाँके

## १.५ जलसम्पदा

**क) नदी तथा खोलानाला :**

यस जिल्लाको मुख्य नदीहरुमा कर्णाली/भेरी (गेरुवा) नदी, बबई नदी (भादा), मान नदी, औराही खोलो, बुढी कूलो, पुरानो बबई, रानीजरुवा नाला, कञ्जरवानाला, डुण्डुवा (रेउखोला) नाला, रिहार खोला, चपलानाला लगायतका हुन् ।

**ख) ताल :**

यस जिल्लामा रहेका मुख्य तालहरुमा बढैया ताल, भगरैया ताल, तारताल, लक्ष्मणा ताल आदि रहेका छन् । केही तालहरुको विवरण तल तालिकामा दिईएको छ ।

**जिल्लामा भएका प्रमुख ताल तलैयाहरु**

| सि.नं. | तालको नाम | अनुमानित क्षेत्रफल हे. | ठेगाना |
|---|---|---|---|
| १ | बढैया ताल | ८५.०० | सोरहवा ३ |
| २ | ताराताल | १.०० | ताराताल १ |
| ३ | भकैया ताल | १०.०० | ढोढरी ४ |
| ४ | लक्ष्मणा ताल | ३.०० | डेउढाकला ७ |
| ५ | सिमाताल | ५.०० | सोरहवा ७ |
| ६ | अर्नहवा ताल | २०.०० | मानपुर ५,७ |
| ७ | दानुवा ताल | १.५ | वर्दिया रा.नि. भित्र पर्ने |
| ८ | सतखोलवा ताल | ६.०० | |
| ९ | थपुवा मगहर ताल | | गु.न.पा. |
| १० | पुरानो सर्जु | १.०० | गु.न.पा. ४ |
| ११ | मानपुर टपराताल | २०.०० | मानपुरटपरा |

श्रोत : जिल्ला विकास योजना, २०७०।०७१, जि.वि.स., वर्दिया

## १.६ भौतिक पुर्वाधारहरु

### क) यातायात

यो जिल्ला तराईका अन्य जिल्लाहरु जस्तै तुलनात्मक कालोपत्रे, ग्राभेल र माटे कच्ची सडक समेत यातायात सुविधायुक्त जिल्ला हो । यस जिल्लाका बाटोहरुलाई राजमार्ग र सहायक मार्ग २ किसिमले विभाजन गर्न सकिन्छ । जसमध्ये कालोपत्रे १९१.५० कि.मी., ग्राभेल बाटो १०२.०० कि.मी. कच्ची सडक ७३७.०० कि.मी. गरी कूल १०३०.५० कि.मी. बाटो वनेको छ । यस जिल्लामा रहेका विभिन्न किसिमका सडकहरुको विवरण तल तालिकामा उल्लेख गरिएको छ ।

### कृषि सडक

| सि.नं. | कृषि सडकको नाम | जम्मा दुरी (कि.मी.) | कैफियत |
|---|---|---|---|
| १. | राजापुर–मनाउ | १०.९ | |
| २. | खाता–विपतपुर | ५.१५ | |
| ३. | कुसुम्वाबजार–ताराताल भंसार | ४ | |
| ४. | पञ्चवजार–फुटाहा | ५ | |
| ५. | भोलागौडी–सातपतिया कृषि | १२.३६ | |

| | | | |
|---|---|---|---|
| | सडक | | |
| ६. | वेलवा–राँझा | १२.३६ | |
| ७. | गुलरिया–रत्नाकर | ९ | |

श्रोत : वार्षिक कृषि विकास कार्यक्रम तथा तथ्यांक पुस्तिका, आ.व. २०६८/०६९

**ग्रामिण सडक :**

| सि.नं. | सडक आयोजनाको नाम | कुल लम्वाई कि.मी. | कैफियत |
|---|---|---|---|
| १. | शान्तिचोक वाँदर भरिया सडक | ५.१० | |
| २. | पञ्चवजारचोक गौरीपारा | ५ | |
| ३. | कोठिया सुहेलवा वालापुर | ५ | |
| ४. | खैरीचन्दनपुर मनाउ पशुपतिनगर राजापुर (राजापुर रिङ्गरोड) | ४५ | |
| ५. | गणेशपुर गौरीपारा लक्ष्मणा सडक | १८ | |
| ६. | गोला पशुपतिनगर नयाँगाउ | ९ | |
| ७. | पण्डितपुर (दुधा महम्मदपुर) उचुवाचोक सडक | ३.२० | |
| ८. | गुलरिया मगरागडी रम्भापुर सडक | १९ | |
| ९. | जुरैना दमौली पचासा सडक | १४ | |
| १०. | पुपष्लाल मार्ग खैरापुर प्रगती वजार वेलवा सडक | १४ | |
| ११. | भोलागौडी पुष्पलालचोक सडक | ११ | |
| १२. | शिवचोक प्रहरीचौकी ताराताल सडक | ९.७५ | |
| १३. | वैदी कुसुम्वाघाट सडक | १९ | |
| १४. | घोरपिट्टा बनियाभार म.रा.मा. सडक | १४ | |
| १५. | राजापुर धोविनपुर कतर्नियाघाट सडक | ७ | |
| १६. | खाता ठाकुरद्धारा सडक | १४ | |

श्रोत : वार्षिक कृषि विकास कार्यक्रम तथा तथ्यांक पुस्तिका, आ.व. २०६८/०६९

जिल्लाको एक ठाउंबाट अर्को ठाउंसम्म पुग्न स्थानिय बस सेवा, माइक्रो बस सेवा, टेक्सी, जीप ,टाँगा, रिक्सा आदि चल्ने गर्दछन् । करिब २० वटा गा.वि.स.हरुमा पुल पुलेसा सहितको जिल्ला सडकको सुविधा पुगेको छ भने राजापुर टप्पुका ११ वटा गा.वि.स.हरुमा कर्णाली नदिमा पुल वनी नसकेको कारणले वर्षातको समयमा आवतजावतको लागि निकै नै अप्ठ्यारो हुने गरेको छ र यहाँका मानिसहरुका लागि अन्य भागसंग सम्पर्क गर्न भारतीय मार्गको प्रयोग गर्नुका अलावा अर्को विकल्प छैन जसको कारणले ती गा.वि.स.हरुमा मंसिर देखि बैशाख सम्म मात्र वन पैदाबारको ढुवानी र वन संरक्षण योजना गर्न सकिन्छ ।

**ख) संचार :**

बर्दिया जिल्ला मध्य पश्चिमान्चल विकास क्षेत्रको सुगम जिल्ला भएतापनि छिमेकी जिल्लाहरुको छांयामा परेकाले यंहा आशा गरेअनुसारको संचारको विकास हुन सकिरहेको छैन । यस जिल्लामा संचारको साधनको प्रयोगकर्ता निम्न बमोजिम रहेको छ ।

| सि.नं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १. | PSTN Telephone | १५४१ | २०६९ चैत्र सम्म |
| २. | CDMA Postpaid Fixed set | १७४ | २०६९ चैत्र सम्म |
| ३. | CDMA Prepaid Fix Set | ३०१४ | २०६९ चैत्र सम्म |
| ४. | SKY RIUM prepaid | ३८३६ | २०६९ चैत्र सम्म |
| ५. | SKY RIUM postpaid | १८३ | २०६९ चैत्र सम्म |
| ६. | GSM mobile Sim | २७६९५ | २०६९ चैत्र सम्म |
| ७. | ADSL distribition | १९५ | २०६९ चैत्र सम्म |

श्रोत : नेपाल टेलिकम, बर्दिया

यस जिल्ला अन्तर्गत जिल्ला हुलाक १, इलाका हुलाक ९ र अतिरिक्त हुलाक २३ वटा रहेका छन् । यस जिल्लाको सबै क्षेत्रमा रेडियो नेपालको सेवा सुन्न सकिन्छ । प्राईभेट एफ .एम.ह रुले पनि आफ्नो सेवा सुचारु रुपले संचालन गरिरहेका छन् । नेपाल टेलिभिजनको सेवा पनि प्राय सवै ठाउंहरुमा पुगेको छ । यसको अलावा राजापुर, भुरिगांउ, कुसुम्बाबजार, गुलरिया, बांसगढी, मैनापोखर जस्ता शहरी क्षेत्रमा प्राईभेट केवुलहरुले केवुलको माध्यमबाट बिभिन्न राष्टिय तथा अन्तर्राष्ट्रिय टि.भि.स्टेशनहरुको प्रशारणको कार्य सुचारु रुपमा संचालन गरेका छन् ।

यस जिल्ला पत्रकारिता क्षेत्रको बिकाशका लागी दैनिक तथा साप्ताहिक पत्रपत्रिका प्रकाशन हुने गरेका छन । हाल यो जिल्लाबाट दैनिक पत्रिका १, साप्ताहिक पत्रिका ३ जम्मा ४ वटा स्थानिय पत्रिका प्रकाशित भै रहेका छन् ।  यसको अलावा इमेल, इन्टरनेट, फ्याक्सको सुविधा पनि उपलब्ध छ । कर्णालीपारीका ११ वटा गा.वि.स.हरुमा समेत टेलिफोन सुविधा पुगेको तथा ईन्टरनेट, ईमेल, फ्याक्स आदिको समेत सुविधा पुगेको पाईन्छ ।

## lzIff / :jf:Yo

क) शिक्षा

यस जिल्लाको साक्षरता प्रतिशत ४७.७९ रहेको छ । महिला साक्षरता प्रतिशत ३७.३३ र पुरुष साक्षरता प्रतिशत ५८.१५ रहेको छ । यस वाहेक यस जिल्लाको शैक्षिक अवस्थालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

शैक्षिक विवरण

| सि.नं. | विद्यालयको स्तर | वा.वि.के.स.के | शिक्षक संख्या | | विद्यालय संख्या | | | कुल विद्यार्थी | | | दलित विद्यार्थी | जनजाती विद्यार्थी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दरवन्दि | राहत अनुदान | सामुदायिक | संस्थागत | जम्मा | छात्रा | छात्र | जम्मा | | |
| १. | वा.वि.क. | ६१५ | ६१५ | ६१५ | ६१५ | ० | ६१५ | ८८८९ | ९६१० | १८४९९ | २२८० | १०५९६ |
| २. | प्रा.वि. (१६ मदरसा समेत) | २०२ | ८६२ | ४९० | २०२ | ३० | २३२ | ३६९८६ | ३५६८२ | ७२६६८ | १०५२१ | ४४६५४ |
| ३. | नि.मा.वि. | ७९ | १८४ | १६४ | ७९ | १४ | ९३ | २१५५९ | १८९०७ | ४०४६६ | ३९४४ | २६३१२ |
| ४. | मा.वि. | ४३ | १५४ | ८६ | ४३ | ९ | ५२ | ६८४८ | ६८९३ | १३७४१ | ९४४ | ८७३३ |
| ५. | उ.मा.वि. | ३४ | | ५१ | ३४ | २ | ३६ | २४९१ | २४२६ | ४९१७ | २४६ | २७१७ |
| | जम्मा | | **१२००** | **७९१** | **९७३** | **५५** | **१०२८** | **७६७७३** | **७३५१८** | **१५०२९१** | **१७९३५** | **९३०१२** |
| | विद्यार्थी सहभागिता प्रतिशत | | | | | | | ५१.०८ | ४८.९२ | | ११.९ | ६१.८८ |

श्रोत : वार्षिक कृषि विकास कार्यक्रम तथा तथ्यांक पुस्तिका, आ.व. २०६८/०६९

ख) स्वास्थ्य

- जिल्ला अस्पताल : १ (२५ सैया)
- प्राथमिक स्वास्थ्य केन्द्र : ३ (३ सैया)
- स्वास्थ्य चौकी : ८
- उप स्वास्थ्य चौकी : २२
- कर्मचारीको दरवन्दी संख्या : २५२
- पदपूर्ति संख्या : २२८
- प्राविधिक स्वास्थकर्मीको संख्या : १७१
- मेडिकल अधिकृतको स्वीकृत दरवन्दी सख्या : ६ जना

- कार्यरत मेडिकल अधिकृतको संख्या : ३

**जि.व.का.को भौतिक सम्पत्ती (भवन, जग्गाजमिन, सवारी साधन, मेशिनरी औजार आदी)**

यस जिल्लामा एक जिल्ला वन कार्यालय, २ वटा इलाका वन कार्यालय, १२ वटा रेञ्जपोष्टहरु १ वटा शसस्त्र सुरक्षा शाखा रहेका छन् । विस्तृत विवरण निम्नानुसार टेवुलमा प्रस्तुत गरिएको छ ।

भवनहरुको विवरण :

| क्र.स. | विवरण | स्थान | भवन संख्या | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | जिल्ला वन कार्यालय | गुलरिया | ४ | २ वटा कार्यालय<br>२ स.व.र. आवास | २ कार्यालय प्रयोजनमा लगाइएको अन्य २ जिर्ण रहेका |
| २ | जि.व.अ. निवास | गुलरिया | १ | १ | प्रयोगमा आएको |
| ३ | इलाका वन कार्यालय मैनापोखर | मैना पोखर | २ | १ कार्यालयको रुपमा प्रयोग भएको, अर्को सशस्त्र द्वन्दमा क्षति भएको | मर्मत गर्नु पर्ने । |
| ४ | इलाका वन कार्यालय ढोढरी | सानोश्री | १ | कार्यालय र आवासको रुपमा प्रयोग भइरहेको | TCN बाट हस्तन्तरण भै ताल कार्यक्रमबाट मर्मत भएको |
| ५ | सशस्त्र वन सुरक्षा शाखा, | गुलरिया | १ | कार्यालय र आवासको रुपमा प्रयोग भइरहेको | जिर्ण भएकोले मर्मत गर्नु पर्ने |
| ६ | खैरापुर रे. पो. | गुलरिया | १ | कार्यालयको रुपमा प्रयोग भइरहेको | जिर्ण भएकोले मर्मत गर्नु पर्ने |
| ७ | मयुरवस्ती रे. पो. | डेउडाकला | ८ | प्रयोगमा नआएको | झयाल ढोका केही नभएको |
| ८ | वाँसगढी रे. पो. | वाँसगढी | १ | कार्यालय र आवासको रुपमा प्रयोग भइरहेको | समुहले निर्माण गरिदिएका |
| ९ | महादेवा रे पो | | | घर नभएको | निर्माण गर्न जरुरी |
| १० | भैसासुर रे. पो. | लक्ष्मणा | १ | कार्यालय र आवासको रुपमा प्रयोग भइरहेको | नेपालगञ्ज वन विकास परियोजनाबाट हस्तान्तरण भएको |
| ११ | बैदी रे पो | | | सशस्त्र द्वन्दमा नष्ट भएको | निर्माण गर्न जरुरी |
| १२ | मगरागढी रे. पो. | जयनगर | ३ | प्रयोगमा नआएको | २ वटा मर्मत गर्नु पर्ने एक राम्रो स्थानीय समूहलाई परिचालन गर्न सकिने |
| १३ | ताराताल रे पो | सानो श्री | | इलाका भवनमै रहेको | |
| १४ | राजापुर रे. पो | राजापुर | १ | कार्यालय र आवासको | १ राम्रो हालतमा र अर्को |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | रुपमा प्रयोग भइरहेको | मर्मत गर्नु पर्ने |
| १५ | नेउलापुर रे. पो. | नेउलापुर | | भाडामा काम लिइएको | पुरानो २ भवन सशस्त्र द्वन्दमा नष्ट गरिएको |
| १६ | खाता रे. पो. | | १ | कार्यालय र आवासको रुपमा प्रयोग भइरहेको | चालु हालतमा रहेको तर मर्मत गर्नु पर्ने । |
| १७ | वसन्ता रे.पो. | | १ | सशस्त्र द्वन्दमा नष्ट भएको | निर्माण गर्न जरुरी |

श्रोत : प्रशासन फाँट, जि.व.का., वर्दिया

**जग्गा जमिन :**

जिल्ला वन कार्यालय, वर्दिया रहेको सदरमुकाम स्थित गुलरिया नगरपालिका वडा नं. २ मा रहेको जमिन, खैरापुर रेन्जपोष्ट रहेको गुलरिया न.पा.को वडा नं. १ को जमिन र मगरागढी रेन्जपोष्ट रहको मगरागडी २ मा रहेको जमिनको मात्र जग्गा धनी प्रमाण पुर्जा जिल्ला वन कार्यालय, वर्दियासँग रहेको छ । जग्गाको विवरण निम्नुसार रहेको छ ।

| सि.नं. | जग्गा रहेको | | कित्ता नं. | क्षेत्रफल वर्गमिटर | कैफियत |
|---|---|---|---|---|---|
| | गाविस/नपा | वडा नं. | | | |
| १. | गुलरिया | २ | ३५९ | ८९६.९४ | |
| २. | गुलरिया | २ | १४ | ४२३२.४४ | |
| ३. | गुलरिया | २ | ३६१ | ३०१३.१६ | |
| ४. | गुलरिया | २ | २६३ | ६७७.२४ | |
| ५. | गुलरिया | १ | ४४४ | २११६.२२ | |
| ६. | गुलरिया | २ | १०१७ | १०३२.७६ | |
| ७. | गुलरिया | २ | १०१६ | १०३२.७६ | |
| ८. | मगरागडी | २ | ८२४ | १०८०० | |

श्रोत : प्रशासन फाँट, जि.व.का., वर्दिया

**सवारी साधन तथा मेसिनरी औजार :**

यस जिल्लामा हाल रेकर्डबाट ९ वटा सवारी साधनहरु देखिन्छ । जिल्लामा रहेका अधिकांस सवारी जिर्ण भै लिलाम गर्नु पर्ने अवस्थामा रहेको छ भने ३ वटा सवारी साधनमात्र चालु हालतमा रहेको छ । चालु हालतमा भएको सवारी साधन पनि पुरानो भएकोले संचालन खर्च वढि हुने गरेको छ । यस जिल्लामा रहेको सवारी साधनहरुको विवरण निम्नानुसार रहेको छ ।

| सि.नं. | सवारी साधनको प्रकार | सवारी नम्वर | निर्माता कम्पनी | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १. | टोयटा ल्याण्ड क्रुजर | ६१-०-७३ | टोयटा | चालु | ज्यादै पुरानो भै संचालन खर्च वढि हुने । |
| २. | स्करपियो | वा.१ झ ९७९८ | महिन्द्रा | चालु | |
| ३. | मोटरसाईकल | भे.अ.झ ६६ | राजदुत | लिलाम गर्नु पर्ने | |
| ४. | मोटरसाईकल | बा.अ.व २३७७ | एसकर्ट | लिलाम गर्नु पर्ने | |
| ५. | मोटरसाईकल | आ.अ.व २६२१ | एसकर्ट | लिलाम गर्नु पर्ने | |
| ६. | मोटरसाईकल | रा.अ.व १०९ | सुजुकी | लिलाम गर्नु पर्ने | |
| ७. | मोटरसाईकल | रा.अ.व ११२ | सुजुकी | लिलाम गर्नु पर्ने | |
| ८. | मोटरसाईकल | रा.अ.व ११३ | सुजुकी | लिलाम गर्नु पर्ने | |
| ९. | मोटरसाईकल | भे. १ प ८९०६ | होन्डा | चालु | TAL बाट प्राप्त |

श्रोत : जिन्सी फाँट, जि.वि.का., वर्दिया

**मेसिनरी औजारहरु :**

| सि.नं. | विवरण | परिमाण ( संख्या) | अवस्था | कैफियत |
|---|---|---|---|---|
| १. | कम्प्युटर | २ | चालु १ | |
| २. | फोटोकपी मेसिन | २ | चालु १ | |
| ३. | ल्यापटप | ५ | चालु ५ | खाता संरक्षित वनको १ समेत |
| ४. | फयाक्स मेसिन | २ | चालु १ | |
| ५. | प्रिन्टर | ५ | चालु ४ | खाता संरक्षित वनको १ समेत |

| | | | | |
|---|---|---|---|---|
| ६. | जेनेरेटर | १ | बिग्रिएको | |
| ७. | GPS | ३ | चालु | |

श्रोत : जिन्सी फाँट, जि.वि.का., वर्दिया

**क्षति भएका भौतिक सम्पत्तिको लगत :**

विगतमा भएको सशस्त्र द्वन्दको समयमा जिल्ला वन कार्यालयको पनि भौतिक संरचनाहरुमा उल्लेख्य क्षति पुगेको पाईन्छ । तत्कालिन अवस्थामा विस्थापित भएको कार्यालयहरु हाल सम्म पनि मर्मत संभार नहुदा कार्यालयले संचालन गर्ने सेवा प्रवाहमा समेत असर परेको पाईन्छ । विगतमा क्षति भएको भौतिक सम्पतिको विवरण निम्नानुसार रहेको छ ।

| सि.नं. | भौतिक सम्पत्तिको विवरण | संख्या | क्षतिको कारण | कैफियत |
|---|---|---|---|---|
| १. | जिल्ला वन कार्यालय, भवन | १ | सशस्त्र द्वन्द | |
| २. | ढोढरी इलाका वन कार्यालय भवन | काठे १ पक्की ३ | सशस्त्र द्वन्द | हाल सामान्य मर्मत गरी वसन्ता रे.पो. संचालनमा रहेको |
| ३. | मैनापोखर इलाका वन कार्यालय भवन | पक्की १ | सशस्त्र द्वन्द | सामान्य मर्मत गरी संचालनमा रहेको, मर्मत गर्नु पर्ने |

श्रोत : प्रशासन फाँट, जि.व.का., वर्दिया

**क्षतिपश्चात निर्मित तथा निर्माणाधिन भौतिक सम्पतिको विवरण**

यस जिल्लामा सशस्त्र द्वन्दमा क्षति भएका भौतिक संरचनाहरुको निर्माण तथा मर्मत संभार भएको पाईदैन । स्थानीय सामुदायिक वनहरुको सहयोगमा क्षति भएका संरचनाहरको सामान्य मर्मत संभार गरी कार्यालय संचालन गरि रहेको अवस्था छ । यद्यपी जिल्ला वन कार्यालयको पछिल्लो भाग बम विष्फोटबाट क्षति भै पर्नुनिर्माण भएको छ ।

## १.७ भू–उपयोग

यस जिल्लाको ठूलो हिस्सा वर्दिया राष्ट्रिय निकुञ्जले ओगटेको छ । पर्याप्त मात्रामा कृषियोग्य जमिन रहकाले यस जिल्लालाई पश्चिमी क्षेत्रको अन्न भण्डारको रुपमा पनि चिचिन्छ । यस जिल्लाको ६८.७६ प्रतिशत भाग तराई क्षेत्रमा र वाकी ३१.२४ प्रतिशत भाग चुरे क्षेत्रमा पर्दछ । यस जिल्लाको भुउपयोगिता विवरण निम्न बमोजिम रहेको छ । वर्दिया जिल्लाको भुउपयोग नक्सा अनुसुची १ मा दिईएको छ ।

| सि.नं. | विवरण | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|---|
| १ | वर्दिया राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र | ९६,८००.००<br>११,७००.००<br>(१,०७,५००.००) | ५३.०८ |
| २ | राष्ट्रिय वन क्षेत्र (झाडी बुट्टयान समेत) | २१,७००.०० | १०.७० |
| ३ | कृषि तथा आवादी क्षेत्र | ६०,२००.०० | २९.७४ |
| ४ | अन्य (खोलानाला, बगर) | १३,१००.०० | ६.४८ |
| | जम्मा | २,०२,५०० | १०० |

श्रोत : वार्षिक कृषि विकास कार्यक्रम तथा तथ्यांक पुस्तिका, आ.व. २०६८/०६९

## १.८ अन्य प्रयोजनकोलागि उपलब्ध गराईएको वन क्षेत्र

यस जिल्लामा हाल सम्म व्यवसायिक प्रयोजनकोलागि वन क्षेत्र उपलब्ध गराईएको छैन ।

## १.९ सहयोगी संघ संस्थाहरु

यस जिल्लामा वनसँग सम्बन्धित रहेर जिल्ला वन कार्यालयसँग समन्वय/सहयोग गर्ने संघ संस्थाहरु निम्नानुसार रहेको छ ।

- **जिल्ला विकास समिति र अर्न्तगतका गाविस कार्यालयहरु :**

  जिल्ला विकास समितिले जिल्लाको समग्र विकासकोलागि योजना निर्माण तथा कार्यान्वयन गर्दै आएको छ । जिल्ला वन क्षेत्र समन्वय समितिको अध्यक्षता जिल्ला विकास समितिको सभापतिबाटै हुने गरेको छ भने वन विकासका कार्यहरुमा जिल्ला विकास समितिले वन तथा वातावरण क्षेत्रमा समेत वजेट विनियोजन गरी जिल्ला वन कार्यालयसँग सहकार्य गर्दै आएको छ भने गाविसहरुले आफ्नो क्षेत्रमा भएको सार्वजनिक वनको व्यवस्थापन कार्यमा सहकार्य गर्दै आएको छ ।

- **जिल्ला वन पैदावार आपुर्ति समिति**

  जिल्ला वन कार्यालयको उद्देश्य जनताहरुलाई सर्वसुलभ रुपमा वन पैदावार उपलब्ध गराउनु हो । जिल्ला वन पैदावार आपूर्ति समितिले घरकाज, दैविप्रकोप लगायत अन्य आवश्यक कार्यकोलागि जनताहरुलाई वन पैदावार आपूर्ति गर्दै आएको छ भने सो बाट संकलन राजस्वबाट वन विकासका कार्यमा समेत लगानी गर्दै आएको पाईन्छ ।

- **खाता संरक्षित वन कार्यक्रम, वर्दिया**

खाता संरक्षित वन कार्यक्रम वन विभाग अर्न्तगतको छुट्टै निकाय हो । यस कार्यक्रमले खाता जैविक मार्ग क्षेत्रमा वन तथा वन्यजन्तु संरक्षण र व्यवस्थापनमा सहयोग गर्दै आईरहेको छ ।

- **वर्दिया राष्ट्रिय निकुन्ज**

  वर्दिया राष्ट्रिय निकुन्ज राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु विनभाग अर्न्तगतको एक सरकारी निकाय हो । वर्दिया राष्ट्रिय निकुञ्जले जिल्ला वन कार्यालयलाई निकुञ्ज क्षेत्र बाहिरको वन्यजन्तु संरक्षण र व्यवस्थापनमा प्राविधिक सहयोग उपलब्ध गराउदै आएको छ ।

- **Rural Reconstruction Nepal (RRN)**

  RRN एक गैरसरकारी संस्था हो । यस गैर सरकारी संस्थाले नर्सरी स्थापना, वैकल्पिक उर्जाको क्षेत्रमा जनताहरुलाई सहयोग उपलब्ध गराउदै आएको छ ।

- **हरियो वन कार्यक्रम (CARE, Nepal, FECOFUN)**

  हरियो वन कार्यक्रम US Aid को सहयोगमा संचालित एक वृहत कार्यक्रम हा् । यस कार्यक्रमले सामुदायिक वन उपभोक्ता समूहहरुलाई सशक्तिकरण गर्ने, कार्ययोजना नविकरणमा सहयोग गर्ने, जलवायु परिवर्तन अनुकुलन योजना वनाई कार्यान्वयन गर्न सहयोग पुर्‍याईरहेको पाईन्छ ।

- **तराई भु परिधी कार्यक्रम (TAL)**

  नेपाल सरकार र WWF को संयुक्त लगानीमा संचालित यस कार्यक्रमले खाता जैविक मार्गमा पर्ने सामुदायिक वनहरुलाई सामुदायिक वन समन्वय समिति मार्फत विभिन्न आयमुलक कार्यक्रम, क्षमता विकास, वैकल्पिक उर्जा विकासमा सहयोग गर्दै आएको छ ।

- **जिल्ला कृषि विकास कार्यालय, वर्दिया**

  कृषि मन्त्रालय अर्न्तगत जिल्ला कृषि विकास कार्यालयले उपभोक्ताहरुलाई आयमुलक कार्यक्रम तथा साना सिचाई योजनाहरु निर्माण कार्यमा सहयोग गर्दै आएको छ ।

- **जिल्ला पशु सेवा कार्यालय, वर्दिया**

  जिल्ला पशु सेवा कार्यालय, वर्दिया पशु क्षेत्रमा कार्य गर्ने कृषि मन्त्रालय अर्न्तगतको सरकारी निकाय हो । उपभोक्ताहरुमा उन्नत जातको पशुपालन सम्वन्धि ज्ञान र सिप उपलब्ध गराउदै उन्नत पशुपालनकोलागि आवश्यक पर्ने सहयोग गर्दै आएको पाईन्छ ।

- **घरेलु तथा साना उद्योग कार्यालय, वर्दिया**

  उद्योग मन्त्रालय अर्न्तगत स्थापित यस कार्यालयले वनसँग सम्वन्धित उद्योग दर्ता गर्नमा सहयोग गर्दै आएको छ ।

- **जिल्ला प्रशासन कार्यालय, वर्दिया**

  जिल्ला प्रशासन कार्यालयले जिल्ला स्थित अन्य सरकारी एवं गैर सरकारी संघ संस्था वीच समन्वय एवं वनको संरक्षणकार्यको लागि सूरक्षा निकाय परिचालनमा सहयोग गर्दै आएको छ ।

- **जिल्ला प्रहरी कार्यालय, वर्दिया**

  जिल्ला प्रहरी कार्यालय, वर्दिया सुरक्षासँग सम्वन्धित प्रमुख सरकारी निकाय हो । यस कार्यालयले जिल्ला वन कार्यालयलाई वनको संरक्षण कार्यमा सहयोग गर्दै आएको छ ।

- **सामुदायिक वन उपभोक्ता महासंघ**

  सामुदायिक वन उपभोक्ता महासंघले उपभोक्ताहरुको हक हितको लागि वहस पैरवी गर्नु को साथै विभिन्न कार्यक्रम मार्फत उनीहरुको क्षमता विकास र वन व्यवस्थापनमा सहयोग गर्दै आएको छ ।

- **लघु उद्यम विकास कार्यक्रम (MEDEP)**

  लघु उद्यम विकास कार्यक्रम गरिवि निवारणकोलागि UNDP अर्न्तगत संचालित कार्यक्रम हो । उपभोक्ताहरुलाई वन पैदावारमा आधारित लघु उद्यम संचालनमा आर्थिक प्राविधिक लगायतको सहयोग गर्दै आएको छ ।

- **महिला तथा वालवालिका कार्यालय, वर्दिया**

  यस कार्यालय महिला तथा वालवालिका क्षेत्रमा कार्य गर्ने प्रमुख सरकारी निकाय हो । यस कार्यालयले सामुदायिक वनमा आवद्ध महिलाहरुलाई शसक्तिकरण एवं क्षमता विकास कार्यमा सहयोग गर्दै आएको छ ।

- **जिल्ला वन क्षेत्र समन्वय समिति**

  जिल्ला वन क्षेत्र समन्वय समिति जिल्ला वन क्षेत्रमा कार्यान्वयन हुने सम्पूर्ण योजनाहरुको उपयुक्तता जाच गर्ने, अनुगमन गर्ने र पृष्ठपोषण गर्ने निकाय हो ।

## १.१० मौजुदा वन संगठन

**वन कार्यालयको साँगठनिक स्वरुप**

वर्तमान जिल्ला वन कार्यालय वर्दियाको संगठन संरचना वि.सं. २०५० सालमा भएको संगठन सुधार बमोजिम रहेको छ । यस अनुसार वर्दिया जिल्ला ख वर्गको जिल्लामा पर्दछ । यस जिल्ला अर्न्तगत २ वटा ईलाका वन कार्यालय र १२ वटा रेन्जपोष्टहरु रहेका छन् । यस जिल्लाको संगठन संरचना निम्न बमोजिम रहेको छ । यद्यपी वन विभागको नयाँ संगठन संरचना निर्माणको क्रममा रहेकोले स्वीकृत संगठन संरचना  अनुसार कर्मचारी तथा भौतिक पुर्वाधारहरुको व्यवस्थापन गरिने



छ ।

**कार्यरत कर्मचारीको लगत :**

यस जिल्लामा विभिन्न सेवा, समुह र श्रेणीतह गरी १३७ जना कर्मचारीको दरवन्दि रहेको छ । हाल यस जिल्लामा जम्मा ८७ जना कर्मचारीहरु कार्यरत रहेका छन् भने स्वीकृत दरवन्दि अनुसार ४८ जना कर्मचारीहरुको पदपुर्ति हुन वाकी रहेको छ । जिल्ला वन कार्यालय, वर्दियामा दरवन्दि र पदपुर्तिको अवस्था निम्नानुसार रहेको छ ।

| सि.नं. | पदको नाम | सेवा ,श्रेणी, तह | दरवन्दी संख्या | रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | जि.व.अ. | रा.प.द्वि. वन जनरल फरेष्ट्री | १ | ० | |
| २. | सहायक वन अधिकृत | रा.प.तृ. वन ज.फ. | ३ | ० | |
| ३. | ना.सु. | रा.प.अनं.प्र. सा.प्र. | २ | ० | |
| ४. | लेखापाल | रा.प.अनं.प्र. लेखा | १ | ० | |
| ५. | रेन्जर | रा.प.अनं.प्र.प्रा. | २० | ० | |
| ६. | खरिदार | रा.प.अनं.द्वि.प्रशासन | ३ | १ | |
| ७. | स.ले.पा. | रा.प.अनं.द्वि.लेखा | १ | ० | |
| ८. | टा.ना.सु. | रा.प.अनं.प्र.सा.प्र. | १ | ० | |
| ९. | जमदार | रा.प.अनं.द्वि.नेपाल विविध सेवा | ३ | ३ | |
| १०. | रनर | रा.प.अनं.च.नेपाल विविध सेवा | ५ | ५ | |
| ११. | स.व.र. हवल्दार | रा.प.अनं.तृ.नेपाल विविध सेवा | २ | २ | |
| १२. | सवारी चालक | नेपाल ईन्जिनियरिङ्ग सेवा | ३ | २ | |
| १३. | वन कार्यसहायक | रा.प.अनं.तृ.वन ज.फ | १३ | ८ | |
| १४. | वन रक्षक | श्रेणी विहिन | ४९ | १६ | |
| १५. | सशस्त्र वन रक्षक | रा.प.अनं.च.नेपाल विविध सेवा | २४ | ९ | |
| १६. | कार्यालय सहयोगी | श्रेणी विहिन | ६ | २ | |
| | | **जम्मा:** | **१३७** | **४८** | |

श्रोत : प्रशासन फाँट, जि.व.का., वर्दिया

यस जिल्लामा हाल कार्यरत कर्मचारीहरुको नामावली अनुसुची २ मा दिईएको छ ।

**१.११ वन व्यवस्थापनका समस्या, चुनौती र हाल सम्मको सिकाई**

देशको प्रमुख प्राकृतिक स्रोत मध्येको एक वन क्षेत्र दिनानुदिन ह्रास हुँदै गइरहेको छ। वन घट्नुको प्रमुख कारणहरुमा वन फँडानी, वन अतिक्रमण, वन डढेलो, चरिचरण, वनमाराको अतिक्रमण आदि रहेका छन् । यस जिल्लामा वन विकासका मुख्य चुनौतीहरु यस प्रकार रहेका छन् :

**१. वन अतिक्रमण**

वन अतिक्रमण यस जिल्लाको प्रमुख समस्याको रुपमा रहेको छ । मुक्तकमैया, सुकुम्वासी तथा भूमिहिनको नाममा अतिक्रमण भएको पाईन्छ । वजार विस्तार गर्ने नाउँमा होस् वा कुनै कार्यालयको कुनै कार्यक्रम मार्फत सामुदायिक भवन वनाउने नाउँमा होस् वा प्रक्रिया पुरा नगरी सडक विस्तार गर्ने ध्येयले यस जिल्लामा वन अतिक्रमण भइ नै रहेको छ ।

**२. काठ दाउराको चोरी निकासी**

यस जिल्लाको अधिकांश भाग विशेष गरि भित्रि मधेश क्षेत्रमा काठ, दाउरा चोरी निकासीको समस्या वढी नै रहेको छ । साथै कौवानी क्षेत्र भएर महाकालीबाट भारत तथा कञ्चजपुरमा समेत काठको तस्करी हुने गरेको पाइन्छ ।

**३. वन डढेलो**

जिल्लामा प्रत्येक वर्षको गर्मी याममा वन क्षेत्रमा आगलागिका घटनाहरु वढ्दै गइरहेका छन् । सुख्खा समयमा सालका पातहरुमा बढी जसो आगलागी हुने गरेको पाईन्छ । खास गरी गाई वस्तुकोलागि नयाँ घास पलाउनकोलागि आगो लगाउने प्रवृत्ति रहेको छ । वन डढेलोले पुनरुत्पादन तथा वन्यजन्तुलाई प्रत्यक्ष रुपमा असर पारिरहेको पाईन्छ ।

**४. अनियन्त्रित चरिचरण**

वन विनासको अर्को स्थानिय कारण खुल्ला चरिचरण पनि हो । सांस्कृतिक एवं परम्परागत प्रचलनका कारण यस जिल्लाका अधिकांश वन क्षेत्रहरु अनियन्त्रित चरिचरणबाट प्रभावित छन् । अनियन्त्रित चरिचरणले गर्दा वनको पुनरुत्पादनमा प्रत्यक्ष असर पर्नुका साथै वनको प्रजाती वनावट नै परिवर्तन हुने देखिन्छ । यसले गर्दा वन विनाशमा टेवा पुर्‍याउने र भू-क्षयसमेत हुने गरेको छ ।

**५. वन क्षेत्रको जग्गा अन्य क्षेत्रमा प्रयोग हुनु ।**

वन जंगल संरक्षणको सवालमा सरोकारवालाहरुबाट द्विबिधापूर्ण सोच एवं व्यवहार अवलम्वन गरिने हुँदा वन संरक्षणमा कठिनाइ उत्पन्न हुने गरेको पाइएको छ । वन क्षेत्र अन्य प्रयोजनमा नदिने सरकारी नीति रहि आए पनि यस जिल्लामा हाल सम्म पनि विभिन्न प्रयोजनको लागी वन क्षेत्रको जग्गा कुनै न कुनै रुपमा उपलव्ध गराउने गरिएको छ । जस्तै : विभिन्न आयोगद्धारा वन क्षेत्रको

जग्गा भूमिहिनका नाउँमा लालपूर्जा दिने, वन क्षेत्रमा वाटो लगायत अन्य विकास निर्माण गर्ने, वन क्षेत्रमै मन्दिर, विद्यालय, स्वास्थ्य केन्द्र वनाउन थाल्ने आदि रहेका छन् ।

### ६. वनमारा एवं मिचाहा प्रजातिको अतिक्रमण

यस जिल्लाको वन क्षेत्रमा वनमारा झारले वनहरु ढकमक्क ढाकिई पुनरुत्पादनमा असर पारिरहेका छन् । जलवायुमा देखिएको परिवर्तनसँगै मिचाहा प्रजातिको वृद्धिले पनि पुनरुत्पादनमा प्रत्यक्ष असर पारिरहेको छ । यसलाई वैकल्पिक उर्जाको स्रोत जस्तै वायोब्रिक्योट वनाउन प्रयोग गरेको खण्डमा वनमा भएका विरुवाले प्रकाश पाइ वढ्न अवसर पाउने तथा दाउराको लागि वनमै भर पर्नुपर्ने अवस्था कम भइ वन संरक्षण हुने देखिन्छ ।

### ७. मानव र वन्यजन्तु विचको द्वन्द्व

यस जिल्लाको खाता जैविक मार्ग क्षेत्रमा मानव र वन्यजन्तु विचको द्वन्द हुने गरेको पाईन्छ । वन्यजन्तुहरुको वासस्थानमा भएको खण्डीकरणले गर्दा वन्यजन्तुहरु विषेश गरी जंगली हात्ति, वाघ, चितुवा, निलगाई आदीले स्थानीय वासिन्दाको वाली नोक्सान गर्ने, चौपायाहरु मारिदिने र घर समेत भत्काई दिने घटनाहरु हुने गरेको छ । जैविक मार्गको मुख्य क्षेत्र डाडागाउ, पत्थरवोझी, भग्रैया, कोठियाघाट क्षेत्र जस्ता वन्यजन्तु ओहरदोहर गर्ने मुख्य क्षेत्रमा नै मानव वस्ती भएकोले गर्दा पनि यी स्थानहरुमा मानव र वन्यजन्तु विच द्वन्दका घटनाहरु वढि हुने गरेको देखिन्छ ।

efu @

## वन प्रजाती (Forest Flora) तथा वन्यन्तुहरुको विवरण

### २.१ वन प्रजातीहरुको विवरण

### २.१.१ वनको किसिम (मुख्य गरी रुखजन्य प्रजातीहरुको विवरण तथा वितरण र वर्तमान अवस्था)

वनक्षेत्र तराईको समथल भू भाग देखि चुरे पहाड सम्मको भौगोलिक विविधता भएको कारण यहाँ पाईने वनको किसिम र प्रजातिमा पनि विविधता पाईन्छ । उष्ण र समशितोष्ण प्रदेशिय भएको यस जिल्लाको वन क्षेत्रमा थुप्रै प्रजातिका मिश्रित वन पाइन्छ । हावापानी, भौगोलिक अवस्थिती तथा प्रजातिका आधारमा यस जिल्लाको वनलाई निम्न अनुसार वर्गिकरण गरिएको छ ।

### १. तराई वन

यो क्षेत्र चुरे पहाडको फेददेखि दक्षिणको कृषि भूमीसम्म फैलिएको छ । APROSC को सन् १९९७ को अनुसार तराईको वनलाई साल, तराई हार्डउड, खयर ,सिसौ, मिश्रीत र वृक्षारोपण गरी ५ किसिममा विभाजन गरेको छ । यो वनमा पर्ने उत्पादनशिल वनको क्षेत्रफल १८६९४.६० हेक्टर रहेको छ । जसको वर्गीकरण अनुसारको क्षेत्रफल तालिकामा प्रस्तुत गरिएको छ ।

**तराईको वनको वर्गीकरण र क्षेत्रफल**

| सि.नं. | वनको किसिम | जम्मा वनक्षेत्र | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | साल वन | १५,३२९.५७ हे. | ८२.०० | |
| २ | ट्रपिकल हार्डउड वन | २,८०४.१९ हे. | १५.०० | |
| ३ | खयर,सिसो मिश्रीत वन | १८६.९४ हे. | १.०० | |
| ४ | वृक्षारोपण तथा अन्य वन | ३७३.९० हे. | २.०० | |
| | जम्मा : | १८,६९४.६० हे. | १००.०० | |

श्रोत : विकास फाँट, जिल्ला वन कार्यालय, बर्दिया

### १) साल वन :

साल प्रजातीको बाहुल्यता बढी भएको उत्पादनशिल वन यसमा पर्दछ । चुरे पहाडको मध्य भागदेखि तराईको समथर भाग सम्म यो वन फैलिएकोमा सालको १८ प्रतिशत र सह प्रजातिहरुमा असना, कर्मा, हर्रो,बर्रो ,जामुन, सिमल, सिँदुरे, सतिसाल आदि पर्दछन् । लहरे प्रजातीमा भोर्ला, देब्रे लहरो आदि हुन् भने घाँस प्रजातीमा खर, काँस भुँई सतहमा पाईन्छ । चरिचरणको बढि प्रकोप भएको ठाउँमा सिँदुरे प्रजाती झाडीको रुपमा देखा परी साल प्रजातिको पुनरुत्पादनलाई चुनौती दिएको पाईन्छ । छत्र खुला गर्नको लागि Over Mature र अनुत्पादित खालका रुखहरु हटाई चरिचरण, आगलागि नियन्त्रण र झाडी सफाई नगर्ने हो भने भविष्यमा यो वन सिँदुरेको झाडीमा रुपान्तरण

हुने खतरा देखा परेको छ । साल वनले जिल्लाको १५३२९.५७ हेक्टर भन्दा वढि क्षेत्र ओगटेर रहेको छ । साल वन खास गरी जिल्लाको वगनाह, सानोश्री र ढोढरीको केही भाग, मगरागढी, जमुनी, कालिका, डेउढाकला धधवार गाविसहरुमा पाईन्छ ।

**२. तराई हार्डउड वन** (Tropical Mixed Hardwood Forest)

जिल्लाको उष्ण प्रकृतिको क्षेत्र जहाँ सालको न्यून उपस्थिती छ र अन्य प्रजाती जस्तै असना, धौटी,कर्मा, बोधँगेरो,गुटेल आदि मिश्रीत रुपमा ज्यादा पाईन्छ , त्यस्तो वनक्षेत्र तराई मिश्रीत हार्डउड वनमा पर्दछ । यस वनक्षेत्रमा झ्ांडी प्रजातीहरु कटिपत्ता, *Mormodia dioica, Mussanda marophylla, Jasmimum muttifiorum* पाईने र भुँईघाँस प्रसस्त पाईने हुनाले यो वनक्षेत्र वन्यजन्तुको बासस्थानको लागि उपयोगी र जैविक दृष्टिकोणले महत्वपूर्ण पाईएको छ । यस वनमा ठूला मझौला रुखहरु लगायत विभिन्न खालका बुटयान र लहराहरु समेत पाईन्छ । यो वनमा कुनै पनि एक प्रजातीको बाहुल्यता रहेको पाईदैन । यस्तो खालको वनको व्यवस्थापन गर्न छनौट प्रणाली अपनाई छत्र खुला गरेमा सबै प्रजातीको बिरुवाहरुको पुनरुत्पादन हुनलाई अवसर प्राप्त हुने देखिन्छ । यो वन पनि उत्पादनशिल वनको रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ । यस किसिमको वन खास गरी सानोश्री, ताराताल, गुनपाको भादा नदीको किनार क्षेत्र, सुर्यपटुवा, पदनाह, कालिका आदी क्षेत्रहरुमा पाईन्छ । यस किसिमको वनले २८०४.१९ हेक्टर क्षेत्रफल ओगटेर रहेको छ ।

**३. खयर सिसौ वन**

यस किसिमको वन बर्दिया जिल्लाको नदी किनार, नदीले बगाएर ल्याएको पाँगो माटो थुपारेको जमीन, नदीले बाटो छोडेर कायम भएको जमीनमा पाइएको छ । यस जिल्लामा खयरको प्रजाती यदाकदा चुरे क्षेत्रमा पनि पाईन्छ । यो वनक्षेत्रलाई उचित संरक्षण र सम्वर्धन गर्न सकेमा भविष्यमा खयरको वनको रुपमा रुपान्तरण गर्न सकिने सम्भावना समेत रहेको छ । यो वनलाई पनि उत्पादनशिल वनको रुपमा विकास गर्न सकिने र हाल पनि उत्पादनशिल रुपमा देखा परेको देखिन्छ । नदी किनारको खयर सिसौ वनमा पाइनेमुख्य प्रजातीहरुमा सिसौ,खयर र सिमल हुन । झाडिदार प्रजातिमा *Acacia concinna, Pogostemon, Desmodium gangeticum* आदि हुन् । यस किसिमको वन खास गरी जिल्लाको मुख्य नदीहरु कर्णाली, ववई, मान नदी, ओरही नदीको तटमा पाईन्छ । यस किसिमको वनले १८६.९४ हेक्टर वन क्षेत्र ओगटेर रहेको छ ।

### ४. बृक्षारोपण वनक्षेत्र

यो वन विगतमा वृक्षारोपण गरिएको क्षेत्र र भविष्यमा वृक्षारोपण गरी हुर्काउन सकिने हालको खाली मैदान, हैसियत बिग्रेको वनक्षेत्रहरु पर्दछन् । यस क्षेत्रमा प्राकृतिक पुनरुत्पादनको स्थिती ज्यादै दयनिय र चरिचरणको प्रकोप ज्यादा परेको पाईन्छ । यस किसिमको वन जिल्ला भरी साना साना टुक्राको रुपमा छरिएर रहेको छ । यस किसिमको वनले ३७३.९० हेक्टर वन क्षेत्र ओगटेर रहेको छ ।

### (ख) चुरे क्षेत्रको वन (शिवालिक वन)

शिवालिक क्षेत्र भावरको समथल देखि चुरे पहाड सम्म फैलिएको छ । यो क्षेत्रमा चौडापाते वनको प्रमुखता रहेको छ । शिवालिक क्षेत्र विविध प्रकारको भू वनौट र प्राकृतिक वातावरणका कारण जैविक विविधताको भण्डार मानिन्छ । यो वन क्षेत्र बर्दिया राष्ट्रिय निकुन्ज मातहतमा संरक्षित क्षेत्रको रुपमा रहेको छ ।

### २.१.२ मुख्य प्रजातीहरुको वितरण तथा वृद्धि मौज्दात (Growing Stock)

यस जिल्लाको वन क्षेत्रलाई राजापुर क्षेत्र, खाता संरक्षित वन क्षेत्र र मैनापोखर क्षेत्र गरी ३ खण्डमा विभाजन गरिएको थियो र सो क्षेत्रमा पर्ने सामुदायिक वनहरुलाई छनौट गरी वनको श्रोत सर्वेक्षण गरिएको थियो ।

खाता संरक्षित वन क्षेत्रमा पर्ने ५७ वटा सामुदायिक वनहरुको खाता संरक्षित वनको कार्ययोजना तयारीको क्रममो वि.सं. २०६८ सालमा गरिएको श्रोत सर्वेक्षणलाई आधार मानिएको छ र सोही कार्ययोजनामा उल्लेख गरिएको Growing stock लाई आधार मानी खाता क्षेत्रको वनको Growing stock लिईएको थियो । मैनापोखर क्षेत्रमा १६ वटा सामुदायिक वनको १३८९.९९ हेक्टर क्षेत्रमा सामुदायिक वन श्रोत सर्वेक्षण मार्गनिर्देशन २०६१ बमोजिम वनको श्रोत सर्वेक्षण गरिएको थियो । राजापुर क्षेत्रमा १० वटा सामुदायिक वनहरु छनौट गरी २३९.५७ हेक्टर वन क्षेत्रमा वन श्रोत सर्वेक्षण गरिएको थियो ।

तथ्यांक विश्लेषण गर्दा वन क्षेत्रको (३ वटै) क्षेत्रको Growing stock निम्न बमोजिम देखिएको छ ।

| SN | AREA | Grwoing Stock/ Hactare | | | Source |
|---|---|---|---|---|---|
| | | TIMBER | SEEDLING | SAPLING | |

| | | | | | |
|---|---|---|---|---|---|
| 1 | Rajapur | 52.25 | 2620 | 354 | Inventory |
| 2 | Khata | 144.46 | 3991 | 820 | Khata PF OP |
| 3 | Mainapokhar | 102.07 | 8413 | 1370 | Inventory |

प्राप्त तथ्यांकलाई विश्लेषण गर्दा यस जिल्लाको औसत Growing Stcock काठ संचिति प्रति हेक्टर ९९.५९ घ.मी., स्थापित पुनरुत्पादन संख्या ८४८ प्रति हेक्टर र कलिलो पुनरुत्पादन संख्या ५००८ प्रति हेक्टर रहेको देखिन्छ । सामुदायिक वन श्रोत सर्वेक्षण मार्गदर्शन २०६१ अनुसार यस जिल्लाको समग्र वन क्षेत्रलाई मध्यम स्तरको वन मान्न सकिन्छ । यस अनुसार यस जिल्लाको वनको वार्षिक वृद्धिदर १% कायम गरिएको छ । जस अनुसार यस जिल्लामा हाल सम्म हस्तान्तरित सामुदायिक वन र धार्मिक वनको क्षेत्रफल १९०९३.०६ हेक्टरलाई पुरा वन क्षेत्र मानी विश्लेषण यस जिल्लाको कुल वार्षिक वृद्धिदर १९,०१५.९५ घ.मि. हुन आउछ । प्राप्त वृद्धिदरको ५०% बार्षिक संकलन योग्य परिमाण कायम गर्दा वार्षिक रुपमा ९,५०७.९८ घ.मी. काठ (३,३५,४४१.३९ क्युफि) संकलन गर्न सकिन्छ ।

### २.१.३ प्राकृतिक पुनरुत्पादनको अवस्था

यस जिल्लामा प्राकृतिक पनुरुत्पादनको अवस्था राम्रो रहेको छ । कलिलो पुनरुत्पादनको संख्या ५००८ प्रति हेक्टर रहेको छ भने स्थापित पुनरुत्पादनको संख्या ८४८ प्रति हेक्टर रहेको छ । सामुदायिक वन श्रोत सर्वेक्षण मार्गदर्शन २०६१ लाई आधार मान्दा यस जिल्लाको प्राकृतिक पुनरुत्पादनको अवस्थालाई राम्रो मन्न सकिन्छ ।

### २.१.४ वन संरक्षण

यस जिल्लामा विभिन्न कारणहरुले गर्दा वन संरक्षणको कार्य चुनौतीपुर्ण रहेको छ । खासगरी यस जिल्लामा अतिक्रमण प्रमुख समस्याको रुपमा रहेको छ । मुक्त कमैया, सुकुम्वासी, भुमिहिनको नाममा वन क्षेत्र अतिक्रमण भएको पाईन्छ । जिल्लाको ३८२.६१ हेक्टर वन क्षेत्र अतिक्रमण भएको देखिन्छ । यस्ता अतिक्रमणहरुलाई हुने राजनैतिक संरक्षणले समस्या झनै जटिल वनाएको छ ।

अतिक्रमण पछि चोरी निकाशी वन संरक्षणको चुनौतिको रुपमा रहेको छ । कर्मचारीको अभाव र सवारी साधनको जिर्ण अवस्थाको कारणले गर्दा वन गस्ती कार्यलाई नियमित गर्न नसक्दा चोरी निकाशी हुने गरेको देखिन्छ । यस वाहेक जिल्लाको राजपुर क्षेत्रमा कर्णाली नदीमा आउने वाढीले

गर्दा वर्षेनी वन क्षेत्र कटान गर्दै लगेको पाईन्छ। यस वाहेक ववई नदी, भादा नदी र ओरही नदीले पनि सामुदायिक वनको क्षेत्रहरु कटान गर्दै लगेको पाईन्छ।

वन डढेलो वर्षेनी हुने कारणले गर्दा यस क्षेत्रको वनको पुनरुत्पादनमा प्रत्यक्ष असर परेको देखिन्छ। उपभोक्ताहरुमा वन संरक्षणको भावना विकास भएको कारण गर्दा खाता जैविक मार्गमा वन डढेलोको घटना कम भएको पाईन्छ। आगलागी भै हालेमा पनि उपभोक्ताहरु मिलि वन डढेलो निभाउने गरेको पाईन्छ।

## २.२ वन्यजन्तुको विवरण

### २.२.१ स्तनधारी वन्यजन्तुहरु, चरा, घस्रने प्रजाती, माछा आदी

यस जिल्ला जैविक विविधताले भरिपुर्ण जिल्ला हो। वर्दिया राष्ट्रिय निकुञ्ज तथा भारतको कतरनियाघाट वन्यजन्तु स्याङ्गचुरी र नेपालको वर्दिया राष्ट्रिय निुकञ्ज जोडने खातासंरक्षित वन ( खाता जैविक मार्ग) समेत यस जिल्लामा पर्ने भएकोले यस जिल्लामा जैविक विविधताको प्रचुरता वढेको हो। वर्दिया राष्ट्रिय निकुञ्जमा विभिन्न प्रजातीको वनस्पती (Plants), ३० प्रजातीको स्तनधारी (Mammals), २३० भन्दा वढि प्रजातीको पन्छी (Birds), विभिन्न प्रजातीको घस्रने जनावर (Reptiles), उभयचर (Amphibians) र माछा (Fish) पाईन्छन (www.dnpwc.gov.np)। वर्दिया राष्ट्रिय निकुञ्ज भन्दा वाहिर क्षेत्रमा भएको विभिन्न अध्ययन अनुसार यस जिल्लामा ३० प्रजातिका जीवजन्तु, १५१ प्रजातीको चराहरु पाईन्छन भने १०१ प्रजातीको गैरकाष्ठ वन पैदवारहरु पाईन्छन्।

यस जिल्लामा पाईने जैविक विविधताको विवरण अनुसुची ४ मा दिईएको छ।

### २.२.२ वन्यजन्तुकोलागि महत्पुर्ण मानिएका स्थानहरु

यस जिल्ला जैविक विविधताकोलागि धनि रहेको छ। नेपालको वर्दिया राष्ट्रिय निकुन्ज र भारतको कतरनियाघाट वन्यजन्तु आरक्ष जोडने खाता जैविक मार्ग समेत यसै जिल्लामा रहेकोले गर्दा पनि जैविक विविधताको दृष्टीले पनि यो जिल्ला अति महत्वपुर्ण रहेको छ। यस जिल्लामा रहेको वन्यजन्तुकोलागि महत्वपुर्ण मानिएको क्षेत्र निम्न बमोजिम रहेको छ।

**क) वर्दिया राष्ट्रिय निकुन्ज :**

नेपालको तराईमा पर्ने सवैभन्दा ठूलो संरक्षित क्षेत्र हो वर्दिया राष्ट्रिय निकुन्ज । यस राष्ट्रिय निकुन्जले ९६८ वर्गकिलोमिटर क्षेत्रफल ओगटेर रहेको छ । यस राष्ट्रिय निकुन्जले तराई क्षेत्रको पारिस्थितिकिय प्रणालीको उच्चतम प्रतिनिधित्व गर्दछ । यस राष्ट्रिय निकुन्ज जंगली हात्ती, गैडा, वाघ लगायतको जनावरहरुको लागि प्रसिद्ध रहेको छ ।

**ख) कृष्णसार संरक्षण क्षेत्र :**

वर्दिया जिल्लाको खैरापुर क्षेत्रमा पर्ने कृष्णसार संरक्षण क्षेत्र विश्व मै लोपोन्मुख कृष्णसारको लागि महत्वपुर्ण वासस्थान हो । यस संरक्षण क्षेत्र कृष्णसार वाहेक चितुवा, अजिंगर तथा विभिन्न प्रजातीको चराकोलागि महत्वपुर्ण वासस्थान हो ।

**ग) खाता संरक्षित वन (जैविक मार्ग) :**

खाता संरक्षित वन नेपालको वर्दिया राष्ट्रिय निकुन्ज र भारतको कतरनियाघाट वन्यजन्तु आरक्ष विच जैविक मार्ग (Biological Corrider) को रुपमा रहेको छ । यस संरक्षित वनले वर्दिया जिल्लाको ७ गाविसका ५,७४१.८९ हेक्टर वन र ३,५०८.४३ हेक्टर आवादी तथा कृषि क्षेत्र ओगटेको छ । यो संरक्षित वन, वन श्रोत तथा जैविक विधितामा धनी रहनुको साथै धार्मिक, सास्कृतिक तथा पर्यटकिय गन्तव्यको रुपमा समेत परिचित छ । खाता संरक्षित वनमा प्रमुख रुपमा मिश्रित कडा चौडापाते वन, साल वन, खयर सिसौ मिश्रित वन र घाँसे मैदान तथा वृक्षारोपण रहेको पाईन्छ । यस क्षेत्रमा नेपालका विभिन्न प्रजातिका वन्यजन्तु र घस्रने जातका जन्तुहरु, विभिन्न दुर्लभ तथा संरक्षित चरा चुरुङ्गीहरु रहेका छन् । पाटेबाघको वासस्थान, हात्तिको मार्ग तथा सोंसको उपस्थिति यो संरक्षित वनको प्रमुख विशेषता हो । खाता संरक्षित वनमा ५७ वटा सामुदायिक वन तथा २ वटा धार्मिक वन पर्दछ । यस संरक्षित वनमा ७ वटा गाविसका ११,२४३ घरधुरीहरु काठ, दाउरा, घाँस, चरिचरण आदिकालागि निर्भर रहेका छन् ।

**घ) कर्णाली नदी र ववई नदी**

जलमा आश्रित वन्यजन्तुकोलागि कर्णाली नदी एक आदर्श वासस्थान हो । कर्णाली नदी वर्दियाको पश्चिमी सिमानामा रहेको छ । यसै नदीले वर्दिया जिल्ला र कैलाली जिल्ला विचको सिमाना छुट्टयाएको छ । ववई नदी जिल्लाको विच भागबाट वगेर गएको छ । यी नदीहरुमा गोही, विभिन्न जातको माछा र कछुवा, डल्फिन आदी पाईन्छन् ।

**ङ) ताल तलैयाहरु :**

यस जिल्लामा रहेको विभिन्न ताल तलैयाहरु रैथाने तथा फिरन्ते चराहरुको उत्तम वासस्थान हो । यी सिमसारहरु स्थानीय जलचरको समेत वासस्थान हो । यस्ता ताल तलैयाहरुमा वढैया ताल ( सोहरवा गाविस), भग्रैया ताल (ढोढरी गाविस), लक्ष्मणा ताल (लक्ष्मणा गाविस) आदी रहेका छन् ।

**च) अन्य क्षेत्र :**

माथि उल्लेखित क्षेत्रहरु वाहेक नेपालको वर्दिया राष्ट्रिय निकुन्जसँग सिमाना जोडिएको गाविसहरु र भारतको कतरनियाघाट वन्यजन्तु आरक्षसँग जोडिएको गाविसहरु वन्यजन्तुको दृष्टिकोणबाट महत्पुर्ण क्षेत्रहरु हुन ।

### २.२.३ वन्यजन्तु संरक्षण

जैविक विविधताको धनी यस जिल्ला वन्यजन्तु संरक्षण पनि प्रमुख चुनौतीको रुपमा रहेको छ । वन्यजन्तुको संरक्षणकोलागि यस जिल्लामा आ.व. २०६७/०६८ देखि वन्यजन्तु संरक्षणकोलागि क्षेत्रीय सहयोग प्रवर्द्धन आयोजना कार्यक्रम लागु रहेको छ ।

जैविक मार्गको विकासको माध्यमबाट वन्यजन्तु संरक्षणलाई टेवा पुर्‍याउनको लागि नेपाल सरकारले वि.सं. २०६७ सालमा नेपालको वर्दिया राष्ट्रिय निकुन्ज र भारतको कतरनियाघाट वन्यजन्तु आरक्ष जोडने करिव ९२५०.३२ हेक्टर क्षेत्रलाई खाता संरक्षित वन घोषणा गरेको छ । खाता संरक्षित वन कार्यक्रम मार्फत पनि यस क्षेत्रमा वन्यजन्तुको संरक्षणकोलागि विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको छ । यस कार्यक्रम अर्न्तगत खाता, खैरिचन्दनपुर र वसन्ता क्षेत्रमा सामुदायिक वन समन्वय समिति मार्फत समुदायमा आधारित चोरी शिकारी नियन्त्रण ईकाई गठन गरी वन्यजन्तुको चोरी शिकार नियन्त्रणकोलागि सुराकी परिचालन, गस्ती परिचालन कार्य गर्दै आएको छ ।

सामुदायिक वन समन्वय समिति मार्फत तराई भूपरिधि कार्यक्रमले वन्यजन्तु संरक्षण तथा वासस्थान प्रवर्द्धनकोलागि आर्थिक, भौतिक तथा प्राविधिक सहयोग गर्दै आएको छ । वर्दिया राष्ट्रिय निकुन्जले निकुन्ज क्षेत्रबाहेको वन क्षेत्रमा देखिएको वन्यजन्तुहरु व्यवस्थापनमा प्राविधिक सहयोग उपलब्ध गराउदै आएको छ ।

स्थानीय समुदायको सहभागिता सरोकारवाला निकायहरुको समन्वयको कारणले गर्दा यस क्षेत्रमा वन्यजन्तु संरक्षणमा उल्लेखनिय कार्यहरु भएको पाईन्छ ।

# efu #

# jg ;b'kof]u

## ३.१ जिल्लाको जनसंख्या तथा घरधुरी

राष्ट्रिय जनगणना २०६८ अनुसार यस जिल्लाको कुल जनसंख्या ४ लाख २६ हजार ५ सय ७६ जना रहेको छ। जस मध्ये महिला २ लाख २१ हजार ४ सय ९६ जना र पुरुष २ लाख ५ हजार ८० जना रहेको छ। लैङ्गिक अनुपात (प्रति सय महिलामा पुरुषको संख्या) ९२.५९ रहेको छ। जनसंख्या वृद्धिदर १.०९ प्रतिशत रहेको छ भने जनघनत्व २११ प्रति वर्ग कि.मी. रहेको छ। वर्दिया जिल्लाको जनसंख्या सम्वन्धि तथ्यांकिय चित्र निम्न बमोजिम प्रष्ट पार्न सकिन्छ।

### जनसंख्या र लिङ्ग

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १. | जनसंख्या | ४२६५७६ |
| | महिला | २२१४९६ |
| | पुरुष | २०५०८० |
| २. | परिवार संख्या | ८३१७६ |
| ३. | औषत परिवार आकार | ५.१३ |
| ४. | लैङ्गिक अनुपात (प्रति सय महिलामा पुरुषको संख्या) | ९२.५९ |
| ५. | वार्षिक जनसंख्या वृद्दिदर (%) | १.०९ |
| ६. | जनघनत्व (प्रति वर्ग कि.मी.) | २११ |
| ७. | विदेशमा वस्ने जनसंख्या | २५०४४ |
| | महिला | ३३२५ |
| | पुरुष | २१७१९ |
| ८. | अपाङ्गता भएको जनसंख्या | ८१९७ |
| | महिला | ३८२९ |
| | पुरुष | ४३७७ |
| ९. | ५ वर्ष वा सो भन्दा माथिल्लो उमेरका साक्षर जनसंख्या (%) | ६५.३९ |
| | महिला | ५७.९५ |
| | पुरुष | ७३.५४ |

श्रोत : CBS, Population Census National Report, 2011

## ३.२ वजार तथा वजार योग्य उत्पादनहरु

यस जिल्लामा करिव १२ वटा वजारहरु रहेका छन् जनु ठाउँमा कृषि तथा अन्य दैनिक उपभोग्य वस्तुहरुको मुख्यतया खरिद विक्री हुने गरेको छन् । यी बजारहरुमा होटल व्यापार संचालन गर्न अन्य क्षेत्रको भन्दा वढि दाउराको खपत हुन्छ । यी वजारहरुमा गुलरिया, ताराताल, राजापुर, भुरीगाउँ, वाँसगढी, मैनापोखर, शीतलाबजार, बगनाह, स्याउली वजार, ठाकुरद्धारा, भोलागौडी, कतरनिया आदि पर्दछन् । गुलरिया यस जिल्लाको सदरमुकाम हो र प्रमुख बजार पनि हो । यहाँबाट नै जिल्लाका अन्य बजारहरुमा मालसमानहरु ढुवानी हुने गर्दछ ।

### ३.३ घरायसी प्रयोगको वस्तुहरु

वनजन्य उत्पादनहरु मानिसको जीवनसँग प्रत्यक्ष जोडिएर रहेको हुन्छ । यस जिल्लामा पनि वनजन्य उत्पादनहरु घरायसी प्रयोजनकोलागि वढि जसो प्रयोग हुने गरेको पाईन्छ । प्रमुख रुपमा प्रयोग हुने वनजन्य वस्तुहरुमा ईन्धनकोलागि दाउरा नै हो । घर निर्माण गर्न काठको आवश्यकता दोश्रो प्राथमिकतामा पर्ने वस्तु हो । फर्निचर निर्माणमा पनि काठको प्रयोग हुने गरेको पाईन्छ । कृषि औजारहरु जस्तै हलो, हरिस, दाते (हेगा) वनाउने तथा ढुवानीकोलागि टायरगाडा वनाउन पनि काठ जन्य वस्तुको माग रहेको पाईन्छ ।

स्थानीय रुपमा प्रयोग गर्नकोलागि नगन्य मात्रा जडिबुटीहरुको प्रयोग हुदै आएको छ । विभिन्न प्रयोजनकोलागि गैरकाष्ठ वन पैदावारहरुको प्रयोग हुदै आएको छ । जस्तै : दुना टपरीको सालको पात, वेलको जुस वनाउन वेलको फल, तरकारी खान निउरो, परम्परागत रक्सी वनाउन महुवाको फुल आदि ।

### ३.४ वनजन्य वस्तुहरुको माग र आपूर्तिको अवस्था (वन क्षेत्रमा पर्न सक्ने चापहरु आदी)

यस जिल्लामा आगामी ५ वर्ष सम्म घर निर्माणकोलागि ३,५०,००० घ.फि., दैवी प्रकोपकोलागि ६००० घ.फि., कृषि औजारकोलागि १२५० घ.फि., साना विकास निर्माण कार्यकोलागि २५०० घ.फि., मुक्त कमैयाकोलागि १,७५,०० घ.फि. गरी जम्मा ५,३४,७५० घ.फि. काठ आवश्यक पर्ने देखिन्छ भने घाट, जाडो महिनामा आगो ताप्न र धार्मिक प्रयोजनकोलागि ५ वर्षमा १०० चट्टा दाउरा आवश्यक पर्ने देखिन्छ ।

वन श्रोत सर्वेक्षण अनुसार यस जिल्लाबाट वार्षिक रुपमा १,६७,७२०.७० घ.फि. काठ र ३३५ चट्टा दाउरा संकलन गर्न सकिन्छ । यद्यपीसामुदायिक वन तथा वन कार्यालयको कार्यक्षमता, उपलब्ध श्रोत तथा नीतिगत प्रावधानको कारणले गर्दा यस जिल्लामा वार्षिक क्षमता अनुसार काठ दाउरा

संकलन भएको विगतको तथ्यांकले देखाउदैन । यसैले यस जिल्लामा विगतमा भएको संकलन परिमाणको आधारमा आगामी ५ वर्षको आपुर्ति प्रक्षेपण गरिएको छ । माग र आपुर्तिको ५ वर्षे अवस्थालाई निम्न बमोजिम तालिकिकरण गरिएको छ ।

**बार्षिक माग र आपुर्तिको अवस्था :**

| सि.नं. | वन पैदावारको किसिम | माग | आपुर्ति | कैफियत |
|---|---|---|---|---|
| १ | काठ घ.फि. | १,०६,९५०.०० | १,६७,७२०.७० | ५,३४,७५० क्युफि ५ वर्षको काठको मागलाई वार्षिक मागमा परिवर्तन गरिएको |
| २ | दाउरा चट्टा | १००.०० | ३३५.०० | |

यस जिल्लामा काठ र दाउराको बार्षिक मागलाई वन क्षेत्रको आपूर्तिले धान्न सक्ने देखिन्छ ।

**यस जिल्लाबाट आपुर्ति हुने गैर काष्ठ वन पैदावारहरु :**

खास गरी यस जिल्लाबाट सिकाकाई, वेत, वेल आदी गैर काष्ठ वन पैदावारहरु निकाशी हुने गरेको देखिन्छ । यी गैरकाष्ठ वन पैदावारहरु सामुदायिक वनहरुले संकलन गरी समूह बाहिर विक्री गर्ने गरेको पाईन्छ । वन श्रोत सर्वेक्षणको क्रममा देखिएका गैरकाष्ठ वन पैदावारहरुको संचिती र वार्षिक संकलन परिमाण निम्न बमोजिम रहेको छ ।

यस जिल्लामा हाल **एक गाउ एक उत्पादन** कार्यक्रम अर्न्तगत सुर्यपटुवा गा.वि.स. मा नव दुर्गा सामुदायिक वेल सर्वत उद्योग खोलिएको छ । यस भेगका वेल उत्पादन हुने १८ वटा सामुदायिक वनहरुको सहभागितामा यो वेल जुस उत्पादन उद्योग खोलिएको हो । यस क्षेत्रमा उत्पादन हुने वेल हाल यसै वेल जुस उद्योगमा खपत हुने गरेको छ ।

| SN | Species | Total AAC (KG) |
|---|---|---|
| 1 | Sikakai | 11770.87 |
| 2 | Bet | 31821.77 |
| 3 | Kurilo | 16292.74 |

| | | |
|---|---|---|
| 4 | Tendu pat | 13078.75 |
| 5 | pipla | 1193.32 |
| 6 | Bel (Fruit) | 41431.94 |

श्रोत : वन श्रोत सर्वेक्षण, २०६९

यस जिल्लाबाट बिगत ५ वर्षमा भएको आपुर्तिको विवरण निम्नानुसार रहेको छ ।

**सामुदायिक वनबाट**

| आ.व. | काठ (क्युफि) | दाउरा चट्टा | प्राप्त राजस्व (रु.) | | |
|---|---|---|---|---|---|
| | | | जि.व.का. १५% | मु.अ.कर | वन विकास कोष |
| २०६५/०६६ | १,०२,३२१.६२ | १४९.०० | ४११३३४०.०० | ३८४०८९२.०० | ५९७४१९.०० |
| २०६६/०६७ | १,७६,४१९.५३ | २६८.७५ | ६४४७०४०.०० | ६१९३६८३.०० | ९०२७६८.०० |
| २०६७/०६८ | ० | ० | ० | ० | ० |
| २०६८/०६९ | १,३५,३२१.५२ | १२४.०० | १००४६९५७.०० | १०९४०७१२.० | ६६९७४७.०० |
| २०६९/०७० | २६,९८९.३१ | १६.२५ | १७८३३६४.०० | २११७०१२.०० | ६८८८६.०० |
| जम्मा | **१४१,०५४.९८** | **५५८** | **२२३९०७०१** | **२३०९२२९९** | **२२३८८२०** |

**श्रोत : विकास फाँट, जि.व.का., वर्दिया**

**जिल्ला वन कार्यालय, विक्री वितरणबाट**

| आ.व. | काठ (घ.फि.) | दाउरा (चट्टा) | राजस्व (रु.) | कैफियत |
|---|---|---|---|---|
| २०६५/०६६ | १,४७०.९१ | १४.०० | २,९४,७०७.०० | |
| २०६६/०६७ | २६,८४९.४२ | १६.२५ | ६६,६४,३१९.९९ | |
| २०६७/०६८ | ० | ० | ० | |
| २०६८/०६९ | ७,२१६.८५ | ४ | २१,९२,४५५.०० | |
| २०६९/०७० | ३३२८.९५ | २.५० | २३,४८,०९१.०० | २०७० अषाढ १५ सम्म । |
| **जम्मा** | **३८,८६६.१३** | **३६.७५** | **२९९,६८४.९९** | |

**श्रोत : विकास फाँट, जि.व.का., वर्दिया**

**जिल्ला वन कार्यालयले टि.सि.एन.लाई विक्री गरेको काठः**

| आ.व. | काठ (घ.फि.) | दाउरा (चट्टा) | राजस्व (रु.) | कैफियत |
|---|---|---|---|---|
| २०६५/०६६ | ९५८२.१६ | ३ | २१,९०,६८३.२० | |
| २०६६/०६७ | १७७८२.६३ | १५.७५ | ६६,६४,३१९.९९ | |
| २०६७/०६८ | ० | ० | ० | |
| २०६८/०६९ | ४९७५.१७ | ० | २४४६१०८.०० | |
| २०६९/०७० | ० | ३५ | ७००००.०० | |

| जम्मा | ३२३३९.९६ | ५३.७५ | २,६७१,१९८.१९ | |
|---|---|---|---|---|

श्रोत : विकास फाँट, जि.व.का., वर्दिया

**जिल्ला वन कार्यालयले जिल्ला वन पैदावार आपुर्ति समितिलाई विक्री गरेको काठ, दाउरा :**

| आ.व. | काठ (घ.फि.) | दाउरा (चट्टा) | राजस्व (रु.) | कैफियत |
|---|---|---|---|---|
| २०६५/०६६ | १२१९.८२ | ० | २१०००.०० | |
| २०६६/०६७ | १०६४.१९ | ६ | ६६३३६.०० | |
| २०६७/०६८ | ० | ० | ० | |
| २०६८/०६९ | ५६५.९५ | ० | २६३५३२.०० | |
| **जम्मा** | **२८४९.९६** | **६** | **३५०८६८** | |

श्रोत : विकास फाँट, जि.व.का., वर्दिया

## ३.५ मुख्य वनजन्य प्रजातीहरुको संकलन तरिका तथा त्यसको खर्चहरु

यस जिल्लामा राष्ट्रिय वनको ठूलो हिस्सा सामुदायिक वनको रुपमा स्थानीय समुदायहरुलाई हस्तान्तरण गरि सकिएको छ । यसैले सरकारद्धारा व्यवस्थित वन साना साना टुक्रामा छरिएर रहेकोले गर्दा त्यस्ता वनको छुट्टै व्यवस्थापन कार्ययोजना वनाई सम्वर्द्धन र सदुपयोग गर्न आर्थिक तथा व्यवस्थापकिय दृष्टिकोणबाट पनि उपयुक्त देखिदैन ।

यद्यपी सामुदायिक वनको रुपमा हस्तान्तरण गरिएको वन क्षेत्रहरु मा हुने विभिन्न किसिमको वन पैदावारहरुको संकलन कार्यमा हुने खर्च सामुदायिक वनहरुले आफ्नै खर्चमा व्यहोर्दै आएको पाईन्छ । यद्यपी मुक्तकमैयालाई हस्तान्तरण गरिएको क्षेत्रमा रहेको रुखहरु हटाउनकोलागि जिल्ला वन कार्यालयले मालपोत कार्यालयसँग कटान मुछान वापतको रकम लिई लिलामको पक्रियाबाट त्यस्ता रुखहरु संकलन गरी प्रति मुक्त कमैया परिवार ३५ क्युफिको दरले काठ वितरण गर्दै आएको छ ।

हाल रहेको रुख कटान मुछानको स्थानीय दर रेट निम्न बमोजिम रहेको छ ।

| सि.नं. | विवरण | एकाई | दर रकम रु |
|---|---|---|---|
| १. | रुख छपान गर्ने, नम्वरिङ्ग गर्ने, टाँचा लगाउने, व्यास नाप्ने, अभिलेख उतार्न र मुल्यांकलन गर्न | प्रति रुख | १३.०० |
| २. | रुख काटन काम | प्रति घन फिट | ५.०० |
| ३. | गिन्डा मुछान गर्ने | प्रति घन फिट | १३.०० |
| ४. | यार्डिङ्ग गर्ने काम | प्रति घन फिट | १२.०० |
| ५. | बोक्र हटाउने काम | प्रति घनफिट | ३.०० |

| | | | |
|---|---|---|---|
| ६. | लोडिङ्ग गर्ने काम | प्रति घन फिट | १०.०० |
| ७. | अनलोड गर्ने काम | प्रति घन फिट | ५.०० |
| ८. | पाइलिङ्ग गर्ने काम | प्रति घनफिट | ७.०० |
| ९. | गोलिया नम्वरिङ्ग गर्ने काम | प्रति घनफिट | २.०० |
| १०. | दाउरा कटान गर्न चट्टाको साईज (२०' X५' X५') | | |
| | क) कटान मुछान गर्ने काम | चट्टा | १८००.०० |
| | ख) यार्डिङ्ग गर्ने काम | चट्टा | ११००.०० |
| | ग) लोडिङ्ग गर्ने काम | चट्टा | १३००.०० |
| | घ) अनलोड गर्ने काम | चट्टा | ६५०.०० |
| | ङ) चट्टा निर्माण गर्ने काम | चट्टा | ९००.०० |
| | प्रति चट्टा जम्मा | | ५७५०.०० |

## ३.६ मुख्य प्रजातीहरुको दर

यस जिल्लामा सामुदायिक वनहरुले वन पैदावार वन पैदावार बिक्री वितरण गर्दा उपभोक्ता समूह भित्र कार्ययोजनामा तोकिए बमोजिमको दर लिई विक्री वितरण गरेको पाईन्छ । जुन दर रेट सामुदायिक वन पिच्छे फरक फरक रहेको छ । सामुदायिक वनहरुले उपभोक्ता समूह वाहिर गर्ने विक्री वितरणमा भने सवै प्रचलित राजस्व दरलाई न्यनतम अंक मानी वढावढको माध्यमले बिक्री वितरण गर्दै आएको छ ।

जिल्ला वन पैदावार आपूर्ति समितिले वन पैदावार बिक्री वितरण गर्दा वन पैदावारको तोएिको राजस्व दरमा कटान मुछान तथा संकलन खर्च र सेवा शुल्क वापत केही रकम समावेश गरी वन पैदावारको मुल्य निर्धारण गरी विक्री वितरण गर्दै आएको छ ।

जिल्ला वन कार्यालयले विभिन्न मुद्दामा बरामद भएको वन पैदावारहरु राजस्व दररेटलाई नै आधार मानी लिलाम बढावढको माध्यमले बिक्री विरतण गर्दै आएको छ । र आगामी वर्षहरुमा पनि राजस्व दरलाई आधार मानी लिलाम विक्री गरिने छ ।

## ३.७ वन पैदावारमा आधारित उद्योग व्यवसायहरुको विवरण

यस जिल्लामा वन पैदावारमा आधारित उद्योगहरु निम्न अनुसार रहेका छन् ।

| सि.नं. | उद्योगहरुको विवरण | दर्ता रहेको संख्या | कैफियत |
|---|---|---|---|
| १ | फर्निचर (काठ, बेत बांस) | ३४ | |
| २ | ईट्टा | ७ | |
| ३ | स:मिल | २२ | |
| ४ | भेनियर | ४ | |
| | जम्मा | ६७ | |

श्रोत : घरेलु तथा साना उद्योग कार्यालय, वर्दिया

### ३.८ वन पैदावारको वितरण तथा विक्रीको तरिका

सामुदायिक वन उपभोक्ता समूहहरुले आफनो कार्ययोजना बमोजिम संकलन भएको वन पैदावारहरु आफनो उपभोक्ताहरुमा वितरण गरी बाकी रहेको काठ प्रचलित राजस्व दरमा नघटने गरी लिलामको प्रक्रियाबाट विक्री वितरण गर्ने गरेको पाईन्छ ।

जिल्ला वन कार्यालयले विभिन्न मुद्दामा पक्राउ परेको काठहरु राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरी लिलामका प्रक्रियाबाट विक्री वितरण गर्दै आएको छ । भने स्थानीय आवश्यकता पुरा गर्न, दैविप्रकोप तथा अन्य विकास निर्माणको कार्य तथा घरकाज प्रयोजनकोलागि जिल्ला वन पैदावार आपूर्ति समिति मार्फत वन पैदावारहरु विक्री वितरण गरिदै आएको छ । जिल्ला वन पैदावार आपूर्ति समितिबाट वन पैदावार बिक्री हुदा प्रचलित राजस्व दरमा संकलन खर्च तथा सेवा शुल्क समेत समावेश गरी बिक्री वितरण गरिदै आएको छ ।

### ३.९ ढुङगा, गिट्टी वालुवा संकलन

यस जिल्लामा मुख्य गरी कर्णाली नदी, ववई नदी, ओरही नदी, मान नदीबाट ढुङगाा गिटी वालुवा संकलन गर्ने गरिन्छ । गत विगतमा जिल्ला वन कार्यालयबाट नै राजस्व संकलन गरी नदी क्षेत्रहरुबाट ढुङगा गिटी र वालुवा संकलन गर्न अनुमति प्रदान गरिन्थ्यो तर हाल एकद्धार प्रणाली अर्न्तगत जिल्ला विकास समितिबाट नै राजस्व संकलन गरी ढुङगा, गिटी वालुवा संकलनकोलागि अनुमति प्रदान गरिन्छ । विगत ५ वर्षमा जिल्ला वन कार्यालय मार्फत भएको ढुङगा, गिटी वालुवा संकलनको परिमाण र राजस्व विवरण निम्नानुसार रहेको छ ।

| आ.व. | विवरण | परिमाण (घ.फि.) | राजस्व (रु.) | कैफियत |
|---|---|---|---|---|
| २०६५/०६६ | ढुङ्गा | १,०६,४०० | ७४४८०.०० | |
| | गिट्टी | १७,५०० | १२२५०.०० | |

| | | | | |
|---|---|---|---|---|
| | ग्रावेल | ५०,५०० | ३५३५०.०० | |
| | वालुवा | ६,४०० | ४४८०.०० | |
| २०६६/०६७ | ढुङ्गा | १,२७,७०० | ८९३९०.०० | |
| | ग्रावेल | ४४००० | ३०८००.०० | |
| | वालुवा | ९,९०० | ५९४०.०० | |
| २०६७/०६८ | नभएको | ० | ० | |
| २०६८/०६९ | नभएको | ० | ० | |
| २०६९/०७० | नभएको | ० | ० | |

**श्रोत : विकास फाँट, जि.व.का., वर्दिया**

## ३.१० खनिज/उत्खनन उद्योगहरुको विवरण

यस जिल्लामा खनिज उत्खननकोलागि कुनै पनि वन क्षेत्र प्रदान गरिएको छैन ।

## ३.११ व्यवसायिक कवुलियती वनहरुको विवरण

यस जिल्लामा हाल सम्म व्यवसायिक प्रयोजनकोलागि कवुलियती वनहरु हस्तान्तरण गरिएको छैन ।

## ३.१२ अन्य वन पैदावारहरुको उत्पादन, वितरण तथा बिक्री

माथि उल्लेखित वाहेक अन्य वन पैदावार उत्पादन, वितरण तथा बिक्री यस जिल्लाबाट भएको छैन ।

# efu $

# jg Joj:yfkg sfo{ of]hgf

## ४.१ अबधी

यस कार्यायोजनाको अवधि आ.व. २०७०/०७१ देखि २०७४/०७५ सम्म रहने छ।

## ४.२ लक्ष्य, उद्देश्य

### परिकल्पना

वनको दिगो संरक्षण एवम् व्यवस्थापनबाट जैविक विविधताको संरक्षण तथा गरीबी न्यूनिकरणमा टेवा पुग्नेछ।

### क.लक्ष्य

वर्दिया जिल्लाको वन श्रोतको दीगो व्यवस्थापन, वन, वातावरण र जैविक विविधताको संरक्षणको माध्यमबाट पर्या-पर्यटन बढाउने, सामाजिक समावेशिकरणका आधारमा जनसहभागिता र सरोकारवालाहरुको समानुपातिक पहुंच सुनिश्चित गरी वन श्रोत माथि स्थानीय अपनत्वको भावना विकास गर्ने, वन स्रोतको विकास र व्यवस्थापनबाट स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक प्रभाव पारी गरीब तथा उपेक्षित समुदायको जीविकोपार्जनमा सहयोग पुऱ्याउने।

### ख.उद्देश्यहरु

- जनसहभागितामा आधारित वन व्यवस्थापन कार्यलाई प्राथमिकताका साथ अगाडि वढाई वनस्रोतको दिगो व्यवस्थापन मार्फत ग्रामीण गरिवी न्यूनीकरणमा टेवा पुऱ्याउने।
- वनक्षेत्रको उत्पादकत्व वृद्धि गरी स्थानीय आवश्यकताको परिपूर्ति गर्दै वनपैदावारमा आधारित उद्योगहरुलाई कच्चा पदार्थको सहज आपूर्ति र वनपैदावारको विक्रीवितरणबाट राजश्व संकलनमा वृद्धि गर्ने।
- काष्ठ तथा गैरकाष्ठ वनपैदावारको समुचित व्यवस्थापन गरी स्थानीय रोजगारी र आयआर्जनका अवसरमा वृद्धि गर्ने।
- वातावरण-मैत्री तवरले वन व्यवस्थापन गरी पारिस्थितिकीय प्रणाली र जैविक विविधताको संरक्षणमा टेवा पुऱ्याउने।
- वन्यजन्य आयमूलक तथा रोजगारीमूलक प्रजातिको खेतीमा विशेष जोड दिने।

- वनपैदावारको सदुपयोग गर्दा अन्तर्राष्ट्रिय सन्धि/संझौता कार्यान्वयन गर्ने/गराउने ।
- वन डढेलो, वन फँडानी र अतिक्रमण नियन्त्रणका साथै भू-क्षयको दृष्टिले संवेदनशील वन क्षेत्रको एकीकृत व्यवस्थापन एवं निजी वन विस्तार र वैकल्पिक उर्जा प्रवर्द्धन गरी वन संरक्षण गर्ने ।
- जिल्लास्थित संरक्षित वनहरुको जैविक विविधता संरक्षणको माध्यमबाट त्यहाँका स्थानिय जनताको जिविकोपार्जनमा सुधार ल्याउने ।
- वनको हैसियतमा सुधार र उत्पादकत्व वृद्धि गर्न वृक्षारोपण र प्राकृतिक पुनरुत्पादन व्यवस्थापन लगायतका वन संबर्द्धनका विविध कार्यक्रमहरु संचालन गर्ने ।
- ढुंगा, गिट्टी र बालुवाको व्यवस्थित संकलन गरी/गर्न लगाई रोजगारी र राजश्वमा वृद्धि गर्ने ।
- जिल्लाका महत्वपूर्ण ऐतिहासिक, धार्मिक तथा पुरातात्विक महत्वका सम्पदाहरुको संरक्षण र विकासमा सहयोग पुऱ्याइ पर्यापर्यटनको विकास गर्ने ।

### ४.३ उद्देश्य पुरा गर्ने कार्यनितीहरु

प्रस्तावित पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनका लागि निम्न बमोजिका कार्यनीतिहरु तय गरिएका छन् ।

- सम्भावित सामुदायिक वनहरुलाई कार्ययोजना वनाई क्रमीकरुपमा हस्तान्तरण गरिनेछ ।
- सामुदायिक वन उपभोक्ताहरुमा वातावरणीय सेवाको भुक्तानी सम्वन्धमा प्रचार-प्रसार गर्ने ।
- निजी तथा सार्वजनिक वनको विकास तथा विस्तारमा जोड दिइनेछ ।
- वर्दिया जिल्लाको जैविक विविधता संरक्षणलाई प्राथमिकता दिइनेछ ।
- वन जंगललाई वन डढेलो र वन अतिक्रमण हुनबाट जोगाई वन संरक्षण गरिनेछ ।
- वैकल्पिक उर्जाका स्रोतहरु मध्ये सुधारिएको चुल्हो र गोवरग्याँस प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।
- वहुउद्देश्यीय प्रजातीहरुको व्यावसायिक खेतीमा जोड दिने ।
- वनपैदावारको नियमित संकलन तथा सहज आपूर्तिको व्यवस्था मिलाउन पहल गरिनेछ ।
- वर्दिया जिल्लाका ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थलहरुमा वृक्षारोपण गरी उक्त स्थानहरुको पर्यावरणलाई संरक्षण गर्ने ।
- जिल्लाको नगरपालिका क्षेत्रलाई शहरी वन विकासको माध्यमबाट हरियाली कायम गर्ने ।

- वनपैदावार संकलन, विक्रीवितरण, ओसारपसार तथा निकासी गर्दा सो सम्वनधी निर्देशिकाहरु, विभागीय परिपत्रहरु र आर्थिक ऐन, नियमहरुको पूर्ण पालना गरिनेछ ।

## ४.४ प्रस्तावित कार्यक्रमहरु

### ४.४.१ सरकारद्धारा व्यवस्थित वन व्यवस्थापन कार्यक्रम

यस जिल्लामा सरकारद्वारा व्यवस्थित वन क्षेत्र ज्यादै थोरै रहेको छ । जिल्लाको जम्मा वन क्षेत्रफल २१७०० हेक्टर क्षेत्रफल मध्ये सामुदायिक वन १९०७९.४१ हेक्टर र धार्मिक वन १३.६५ हेक्टर हस्तान्तरण भै सकेकोले जम्मा २६०६.९४ हेक्टर वन क्षेत्र मात्र सरकारद्वारा व्यवस्थित वनको रुपमा रहेको छ । यो वन क्षेत्र पनि Block Forest को रुपमा नभई साना साना टुक्रामा छरिएर रहेको र नदीको किनारमा बाकी रहेका वन क्षेत्रहरु हुन । राष्ट्रिय वन विकास कार्यक्रम अर्न्तगत यी वन क्षेत्रहरुमा वन विकासका कार्यक्रमहरु संचालन गरिने छ । खास गरी विगतमा समूह गठन भै हस्तान्तरण वाकी रहेका वनहरुलाई सामुदायिक वनको रुपमा हस्तान्तरण गर्ने, व्यवसायिक प्रयोजनकोलागि वन क्षेत्र माग भै आएमा व्यवसायिक प्रयोजनकोलागि कवुलियती वन उपलब्ध गराउने सम्वन्धि कार्यविधि २०६८ अनुसार यी वन क्षेत्रहरु हस्तान्तरण गरिने छ ।

यस जिल्लामा मुक्त कमैयालाई हस्तान्तरण भएका वितरण भै कटान वितरण भएको क्षेत्र र बाटोको मा बाकी भएका छिटफुट रुखहरु समयमा नै नहटाउदा विस्तारै चोरीनिकाशी हुन सक्ने र सडक विस्तारमा समेत अवरोध हुने खालका रुखहरु क्रमश हटाउदे लगिने छ । मुक्त कमैयालाई वितरित जग्गामा छुटफुट रुखहरु नहटाउदा उक्त जग्गा प्राप्त गर्ने व्यक्ति ले नै दावी गर्ने भएकोले त्यस्ता रुखहरु पनि क्रमश हदाउदै लगिने छ ।

### ४.४.२ संरक्षित वन व्यवस्थापन कार्यक्रम

नेपालको वन ऐन २०४९ को परिच्छेद २४ दफा २३(१) मध्यपश्चिमाञ्चल विकास क्षेत्र अर्न्तगत यस जिल्लाको खाता क्षेत्रको वन क्षेत्रलाई नेपाल सरकार (माननिय मन्त्रीस्तर) को मिति २०६७ भदौ ३१ को निर्णयले मिति २०६७ असोज ७ गते प्रथम संरक्षण दिवसका दिनमा खाता संरक्षित वन क्षेत्र घोषणा गरेको छ ।

यस संरक्षित वनको व्यवस्थापनकोलागि वन विभागले वि.सं. २०६८ सालमा छुट्टै एक कार्ययोजना पनि वनाई खाता संरक्षित वन कार्यक्रम मार्फत कार्यक्रम संचालन गर्दै आएको छ । ५ वर्षकोलागि

निर्माण भएको यस कार्ययोजनामा भएको व्यवस्था अनुसार खाता संरक्षित वनको संरक्षण, सम्वर्द्धन र सदुपयोग गरिने छ। खाता संरक्षित वन कार्यक्रमको विवरण अनुसुची ५ मा दिईएको छ।

### ४.४.३ जनसहभागितामा आधारित वन व्यवस्थापन (साझेदारी, सामुदायिक, कवुलियती र धार्मिक वन) कार्यक्रम

**हाल सम्म हस्तान्तरित सामुदायिक वनको विवरण**

सामुदायमा आधारित वन व्यवस्थापन प्रणाली मध्ये यस जिल्लामा सामुदायिक वनको रुपमा यस जिल्लाको अधिकांश वन क्षेत्र हस्तान्तरण भएको पाईन्छ । हाल सम्म यस जिल्लामा ३०० सामुदायिक वन उपभोक्ता समूह गठन भै सकेका छने भने हस्तान्तरित सामुदायिक वनको संख्या २८० वटा रहेका छन् । यस जिल्लामा आ.व. २०५३/०५४ बाट सामुदायिक वन विकास कार्यक्रम लागु भएको हो । यस जिल्लाको पहिलो सामुदायिक वन गोव्रेला फाँटा सामुदायिक वन, मोतीपुर ७ हो । वनियाभार गाविस वडा नं. १ मा भएको सहमती सामुदायिक वन जिल्लाको सवैभन्दा ठूलो सामुदायिक वन (३४४.७५ हेक्टर) हो भने मानपुरटपरा वडा नं. ९ मा रहेको हरियाली महिला सामुदायिक वन जिल्लाको सवैभन्दा सानो सामुदायिक वन (०.७१७५ हेक्टर) हो ।

यस जिल्लामा हाल सम्म ६१ वटा महिला सामुदायिक वन गठन भै २५३४.७० हेक्टर वन क्षेत्र हस्तान्तरण भएको छ। यस जिल्लामा आ.व. २०५३/०५४ देखि आ.व. २०६८/०६९ सम्म रेन्जपोष्ट तथा ईलाका वन कार्यालय, अनुसार हस्तान्तरण भएको सामुदायिक वनको विवरण निम्नानुसार रहेको छ ।

| सि.नं. | रेन्जपोष्ट | ईलाका | समूह संख्या | लाभान्वित | | क्षेत्रफल (हेक्टर) |
|---|---|---|---|---|---|---|
| | | | | घरधुरी | जनसंख्या | |
| १. | खैरापुर | मैनापोखर | ३२ | ३०७८ | २००५० | ८१४.१५ |
| २. | मयुरवस्ती | मैनापोखर | २८ | ५१६४ | ३१२४४ | १९०६.८२ |
| ३. | वैदी | मैनापोखर | २२ | ३९८८ | २४७१६ | १४७७.३२ |
| ४. | बाँसगढी | मैनापोखर | ३४ | ७७०७ | ४७१२९ | १४९७.५९ |
| ५. | महादेवा | मैनापोखर | १० | ३२२० | १८७७९ | १२९७.८१ |
| ६. | भैसासुर | मैनापोखर | १० | २७६७ | १४४६० | ७६७.४० |
| ७. | मगरागढि | मैनापोखर | ४२ | ७१७४ | ४८३१६ | ३३३६.८५ |
| ८. | राजापुर | ढोढरी | ४० | ४९७३ | ३७५३३ | ६७८.०३८ |
| ९. | खाता | ढोढरी | ४२ | ४४४५ | २९३९६ | ३१३२.४० |
| १०. | वसन्ता | ढोढरी | १६ | २७४९ | १७०१४ | १९०४.३६ |
| ११. | ताराताल | ढोढरी | १७ | ४२९४ | २५१०१ | १६००.२५ |
| १२. | नेउलापुर | ढोढरी | ७ | १२२९ | ८३२४ | ६६६.४३ |

| | जम्मा | | ३०० | ५०७८८ | ३,२२,०६२ | १९,०७९.४१८ |
|---|---|---|---|---|---|---|

श्रोत : विकास फाँट, जि.व.का., वर्दिया

यस जिल्लामा हाल सम्म ३०० वटा सामुदायिक वन उपभोक्ता समूहहरु गठन भै २८० वटा सामुदायिक वनहरु हस्तान्तरण भै सकेको छ । जसबाट ५०,७८८ घरधुरीका ३,२२,०६२ जनताहरु सामुदायिक वनबाट प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् । यस जिल्ला प्रति घरधुरी ०.३७५ हेक्टर वन क्षेत्र पर्ने देखिन्छ । यस जिल्लामा गठन तथा हस्तान्तरण भएको सामुदायिक वनहरुको विवरण अनुसुचि ६ मा दिईएको छ ।

आर्थिक वर्ष अनुसार हस्तान्तरण भएको सामुदायिक वनको विवरण निम्न ग्राफ चित्रबाट प्रष्ट गरिएको छ ।




**आगामी ५ वर्षको अवधिमा हस्तान्तरण हुन सक्ने वन क्षेत्र**

यस जिल्लाको अधिकांस भु–सामुदायिक वनको रुपमा हस्तान्तरण भै सकेको छ । सामुदायिक वन उपभोक्ता समूह गठन भै वन हस्तान्तरण हुन बाँकी रहेको २० वटा सामुदायिक वन यस पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजनाको अवधिमा हस्तान्तरण गरिने छ । ठुला र धेरै वन क्षेत्र सामुदायिक वनहरु यस अघि नै सामुदायिक वनको रुपमा हस्तान्तरण भै सकेकोले अव हस्तान्तरण हुने सामुदायिक वनहरु साना साना वनहरु रहेका छन् । आगामी ५ वर्षमा ढोढरी ईलाका वन कार्यालय अर्न्तगत राजापुर, नेउलापुर र वसन्ता रे.पो. तथा मैनापोखर ईलाका वन कार्यालय अर्न्तगत वासगढि, महादेवा, मयुरवस्ती र वैदी रेन्जपोष्टहरुमा सामुदायिक वनको रुपमा करिव २०० हेक्टर वन क्षेत्र हस्तान्तरण गर्न प्रयास गरिने छ ।

**सम्भावित कबुलियती वन**

यस जिल्लामा भएको अधिकांस सामुदायिक वनको रुपमा हस्तान्तरण भै सकेको छ । वन ऐन २०४९ मा सामुदायिक वनलाई प्राथमिकता दिनु पर्ने भन्ने प्रावधान अनुसार सामुदायिक वन व्यापक रुपमा हस्तान्तरण गरिएको छ । अर्को तर्फ कबुलियती वन खास गरी नीतिगत रुपमा नै पहाड भेगमा विकास गर्ने भन्ने व्यवस्था भए बमोजिम यस जिल्लामा कवुलियती वनको रुपमा हस्तान्तरण हुन सक्ने संभावित वन क्षेत्र छैन ।

**क) गरिवकालागि हस्तान्तरण हुन सक्ने वन क्षेत्र**

यस जिल्लामा गरिवकोलागि हस्तान्तरण गर्न योग्य वन क्षेत्र रहेको छैन । जिल्लाको अधिकांस वन क्षेत्र सामुदायिक वनको रुपमा हस्तान्तरण भएको र कवुलियती वन विकास कार्यक्रम पनि विशेष गरी पहाडी क्षेत्रमा परिलक्षित गरिएकोले पनि यस जिल्लामा कवुलियती वनको विकास भएको पाईदैन । हस्तान्तरण हुन वाकी रहेका सामुदायिक वनहरु पनि पहिला देखि नै उपभोक्ताहरुले प्रस्तावित सामुदायिक वनको रुपमा संरक्षण गर्दै आएको पाईन्छ । वन ऐनमा नै सामुदायिक वनलाई प्राथमिकता दिनु पर्ने व्यवस्था भए बाट त्यस्तो वन क्षेत्र पनि कवुलियती वनको रुपमा हस्तान्तण गर्न सकिने अवस्था छैन । अर्को तर्फ कवुलियती वनको रुपमा हस्तान्तरण गर्नकोलागि उपयुक्त खाली जमिन पनि नभएकोले यस जिल्लामा गरिवकोलागि प्रदान गरिने संभावित कवुलियती वनको संभावना कम रहेको छ ।

**ख) व्यवसायिक प्रयोजनकोलागि उपलब्ध गराईने वन क्षेत्र र यसको प्रयोजन**

व्यवसायिक प्रयोजनकोलागि कवुलियती वन प्रदान गर्न ठुला वन क्षेत्र यस जिल्लामा वाकी रहेको छैन । हाल सम्म पनि यस जिल्लामा व्यवसायिक प्रयोजनकोलागि कसैले पनि कवुलियती वन माग गरेको देखिदैन । जिल्लामा रहेको केही भेनियर उद्योगहरुमा सिमल काठ माग रहेतापनि उनीहरुको माग निजी आवादीबाटै पूरा हुने भएकोले त्यस्ता व्यवसायीले पनि वन क्षेत्रको जग्गा कवुलियती वनको रुपमा लिई वृक्षारोपण गर्न चाहना देखाएका छैनन् । राजापुर क्षेत्रमा जग्गा जमिन प्रशस्त मात्रा भएकोले त्यस्ता जमिन भाडा लिई सिमल तथा कपोकको विरुवा भने रोपण गरिरहेको पाईन्छ । यदपी व्यवसायिक प्रयोजनकोलागि वन क्षेत्र माग भै आएमा व्यवसायिक प्रयोजनकोलागि कवुलियती वन उपलब्ध गराउने कार्यविधि २०६८ अनुसारको प्रक्रिया पुरा गरी वन क्षेत्र उपलब्ध गराईने छ ।

**साझेदारी वन (संभाव्य व्यवस्थापन प्रणाली समेत)**

## क) सम्भावित साझेदारी वन

यस जिल्लामा साझेदारी वनको रुपमा हस्तान्तरण गर्नकोलागि वन क्षेत्र नभएकोले साझेदारी वन विकास हुन सकेको छैन । साथै अधिकांस वन क्षेत्र सामुदायिक वनको रुपमा हस्तान्तरण भै सकेकोले यस जिल्लामा साझेदारी वन विकासको संभावना समेत छैन ।

## धार्मिक वन

वन ऐन २०४९ अनुसार धार्मिक वन भन्नाले कुनै धार्मिक स्थल वा त्यसको वरिपरिको वनको विकास, संरक्षण र उपयोग गर्न कुनै धार्मिक निकाय, समूह वा समुदायलाई जिल्ला वन अधिकृतले सुम्पेको वनलाई वुझाउँछ । धार्मिक वन सुम्पदा परम्परागत उपभोक्ताहरुको हक हितमा असर नपर्ने व्यवस्था मिलाउनु पर्ने हुन्छ । धार्मिक स्थलको वरीपरी भएको वन क्षेत्रहरुलाई स्थानिय जनताको आवश्यकता र माग अनुसार धार्मिक वनको रुपमा हस्तान्तरण गर्दै लगिने छ। हाल सम्म हस्तान्तरण भएको धार्मिक वनको विवरण निम्नानुसार रहेको छ।

| सि.नं. | धार्मिक वनको नाम | ठेगाना | क्षेत्रफल (हे.) | कैफियत |
|---|---|---|---|---|
| १. | रामजानकी मन्दिर विकास प्रतिष्ठान | धधवार ५ | ६.०० | |
| २. | उत्तर कौशल | ढोढरी ९ | ५.९० | |
| ३. | बालकुमारी माता | ढोढरी ९ | १.७५ | |
| | **जम्मा** | | **१३.६५** | |

श्रोत : जि.व.का., वर्दिया, विकास फाँट

## धार्मिक वनको सम्भाव्य व्यवस्थापन प्रणाली

वन ऐन २०४९ अनुसार धार्मिक वनमा रहेको वन पेदावार सम्वन्धित धार्मिक निकाय, समुह वा समुदायले वातावरणीय अवस्थामा उल्लेखनिय असर नपार्ने गरी व्यापारिक प्रयोजन बाहेकका अन्य धार्मिक कार्यमा प्रयोग गर्न सक्नेछन् । त्यसैले वन ऐन र वन निममावलीको अधिनमा रही वनको संरक्षण र धार्मिक वन विकासको लागि धार्मिक नर्सरी स्थापना गरी धार्मिक विरुवाहरुको वृक्षारोपण कार्य धार्मिक संस्था वा निकायबाट गरिनेछ । साथै उक्त स्थानमा वृक्षारोपण गर्न प्रोत्साहन स्वरुप सो ठाउँमा स्मृति वाटिका निर्माण गरी कुनै व्यक्तिको स्वर्गारोहण भएको सम्झनामा धार्मिक विरुवा रोपण कार्यको पनि थालनी गरिनेछ । धार्मिक वनको लागि चाहिने प्राविधिक र आर्थिक सहयोग जिल्ला वन कार्यालयबाट हुनेछ ।

#### ४.४.४ वन संरक्षण कार्यक्रम

#### ४.४.४.१ वन पथ

वन क्षेत्रमा सहज आवागमन तथा वन क्षेत्रलाई वन डढेलोको चपेटाबाट बचाउनकोलागि वन क्षेत्रमा वन पथ वनाउनको लागि सामुदायिक वनहरुलाई उत्प्ररणा दिनको लागि जिल्ला वन कार्यालयले सामुदायिक वनहरुलाई प्राविधिक सहयोग उपलब्ध गराउदै जाने छ । गत विगतमा वनाइएका वन पथहरुलाई पनि समय समयमा सरसफाई गर्दै लगि आगलागीको दुर्घटना कम गर्न प्रयास गर्दै लगिने छ। यस पंचवर्षिय कार्ययोजना अवधि भर २५ कि.मी. वन पथ निर्माण भै ५० कि.मी. वन पथको मर्मत तथा सररफाई हुने छ।

#### ४.४.४.२ वन डढेलो

वर्दिया जिल्लाको वातावरणिय समस्याको रुपमा रहेको वन डढेलोबाट वार्षिकरुपमा ठूलो परिमाणमा यस जिल्लाको जैविक विविधताको विनाश हुने गरेको छ । यहाँ खासगरी फागुनदेखि जेठ महिनासम्म वन डढेलोका घटनाहरु घट्ने गरेका छन्। जंगलमा थुप्रिएको सालका पत्कर, नयाँ घाँस पलाउने, शिकारीहरु जंगलमा गइ आगो वाल्दा आगो त्यत्तिकै छोड्ने, राती चुरोटका ठुटा खाइ त्यत्तिकै फाल्नाले, स्कूल छुट्टीको मौकामा स्कूले केटाकेटीहरु बाख्रा गोठालाको रुपमा जाँदा ख्याल-ख्यालमा आगो लगाउने आदि कारणहरुले यस जिल्लामा वन डढेलो लाग्ने गरेको छ । डढेलो खासगरी वगनाह, ढोढरी, सुर्यपटुवा, मगरागडी, कालिका,  आदि गा.वि.स.हरुमा लाग्ने गरेको छ।

जिल्ला वन कार्यालय तथा सामुदायिक वनहरुले कार्य योजना सहितका विषेश कार्यक्रमहरु संचालन गर्न नसके तापनि यस कार्यालयले सुख्खाको समयमा डढेलो विरुद्धका सन्देशमुलक सुचनाहरु स्थानिय पत्रपत्रिका तथा एफ.एम. रेडियोहरुबाट प्रकाशन तथा प्रसारण गर्ने तथा जनचेतना गोष्ठीहरु सञ्चालन गर्ने र वन डढेलो सञ्जाल निर्माण गर्ने जस्ता कार्यक्रमहरु संचालन गरिरहेको छ।

**वन डढेलो नियन्त्रण कार्यक्रमहरुको कार्ययोजना**

**वजेट रु. हजारमा**

| आर्थिक वर्ष | जिल्ला वन कार्यालय मार्फत | | सा.व.उ.स. मार्फत | | जम्मा वजेट |
|---|---|---|---|---|---|
| | सञ्चालन गरिने कार्यक्रम | परिमाण | सञ्चालन गरिने कार्यक्रम | परिमाण | |
| २०७०/०७१ | • वन डढेलो लाग्ने स्थान पहिचान तथा वन डढेलो नियन्त्रण | • ५ सञ्जाल | • अग्निरेखा निर्माण<br>• सचेतना गोष्ठी<br>• FM रेडीयो र | • १० समूहहरु<br>• सवै सा.व.हरु<br>• गर्मी यामभरि | २०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | सञ्जाल निर्माण<br>• FM रेडीयो र पत्रिकावाट सचेतना सन्देश<br>• प्रचारप्रसार सामग्री प्रकाशन तथा वितरण | • गर्मी यामभरि<br>• ४०० वटा लिफलेट | पत्रिकावाट प्रचार प्रसार | | |
| २०७१/०७२ | • वन डढेलो नियन्त्रण कार्ययोजना तयारी<br>• पोष्टर प्रकासन/ वितरण | • १ वटा<br>• ५०० वटा | • अग्निरेखा निर्माण<br>• सचेतना गोष्ठी<br>• FM रेडीयो र पत्रिकावाट सचेतना सन्देश | • १० समूहहरु<br>• सवै सा.व.हरु<br>• गर्मी यामभरि | २५० |
| २०७२/०७३ | • वन डढेलो नियन्त्रण कार्ययोजना कार्यान्वयन<br>• FM रेडीयो र पत्रिकावाट सचेतना सन्देश | • जिल्लाभरि<br>• गर्मी यामभरि | • अग्निरेखा निर्माण<br>• अग्नी नियन्त्रण अभ्यास<br>• नियन्त्रित आगलागी अभ्यास | • १० समूहहरु<br>• १० समुहहरु<br>• १० समुहहरु | ३०० |
| २०७३/०७४ | • वन डढेलो नियन्त्रण कार्ययोजना कार्यान्वयन<br>• प्रचारप्रसार सामग्री प्रकासन/ वितरण | • जिल्लाभरि<br>• १००० वटा ब्रोसर | • अग्निरेखा निर्माण<br>• अग्नी नियन्त्रण अभ्यास<br>• नियन्त्रित आगलागी अभ्यास | • १० समूहहरु<br>• १० समुहहरु<br>• १० समुहहरु | ४०० |
| २०७४/०७५ | • वन डढेलो नियन्त्रण कार्ययोजना कार्यान्वयन<br>• अग्नी नियन्त्रण सामग्री खरिद | • जिल्लाभरि<br>• १ वटा सञ्जालको लागि | • सा.व. वन डढेलो नियन्त्रण सञ्जाल गठन<br>• वन डढेलो नियन्त्रण सामग्री खरीद | • २ वटा सञ्जाल<br>• १ वटा सञ्जालको लागि | ५०० |

### ४.४.४.३ वन गस्ती

वन तथा वन्यजन्तुको चोरी शिकार नियन्त्रण तथा अतिक्रमण नियन्त्रणकोलागि उच्च प्राथमिकताको साथ वन गस्ती गरिने छ । वनगस्ती गर्दा सामुदायिक वनहरुको सँगको सहकार्यलाई वढी जोड दिईने छ। इलाका वन कार्यालयहरुको संयोजनमा वनगस्ती कार्य संचालन गर्दै लगिने छ। वनगस्ती जिल्लामा वन गस्तीकोलागि Rapid Response Team को व्यवस्था गरि वन गस्तीलाइ प्रभावकारी वनाउन पहल गरिनेछ।

कर्मचारीको अभाव, जीर्ण सवारी साधन तथा इन्धनको अभावले गर्दा वन गस्तीलाई प्रभावकारी वनाउनकोलागि कर्मचारी थप गरी सवारी साधन र पर्याप्त ईन्धन व्यवस्थाकोलागि वन विभागलाई अनुरोध गरिने छ । प्रभावकारी वन गस्तीकोलागि सूचना संयन्त्रलाई चुस्त राख्न सुराकीहरुको

व्यवस्था गरिने छ । हानी नोक्सानी हुन सक्ने प्रत्येक स्थानमा कम्तीमा हप्ताको एक दिन वन गस्ती गरिनेछ ।

### ४.४.४.४ वन अतिक्रमण

वन ऐन २०४९ को दफा १६, १७, १८ र १९ मा राष्ट्रिय वनको जग्गा कसैले पनि दर्ता गर्न नपाउने र वनको जग्गाको स्वामित्व सरकार वाहेक कसैको नहुने कुरा उल्लेख गरीएको छ । नेपाल सरकारको २०५७/१/१६ को वनक्षेत्रको जग्गा अन्य प्रयोजनको लागी नदिईने निर्णय अनुसार नीति तथा कानूनी प्रावधान वन अतिक्रमण नियन्त्रण गर्ने दिशामा भएता तापनि विगतका वर्षहरु देखी नै यस जिल्लामा वस्ती विकास, पुनर्वास-वसोवास, सुकुम्वासीलाई जग्गा वितरण जस्ता सरकार वाट सृजित कार्यहरुवाट यस जिल्लाको ठूलो परिमाणको वन क्षेत्र आवादी क्षेत्रको रुपमा परिणत भईसकेको छ ।

त्यसै गरी विभिन्न भौतिक विकासका संरचनाहरु (सडक, कुलो, विद्युत लाईन, क्याम्पस, विद्यालय, खेल मैदान, मठ मन्दिर आदी) को निर्माण वन क्षेत्रको जग्गामा नै गर्ने सम्वन्धित सवै पक्षको आमधारणा भएवाट पनि ठूलो परिमाणको वन क्षेत्र यस्ता कार्यको लागी उपयोगमा आईसकेको देखिन्छ ।

विगतका यस्ता कार्यवाट वन क्षेत्रको जग्गामा आवाद वसोवास एवं विकासका संरचनाहरु निर्माण गर्न पाईन्छ र यस्तो जग्गा ढिलो चाडो व्यक्ति वा संस्थाको नाममा दर्ता हुन्छ भन्ने धारणा आम जनतामा रहेकाले वन क्षेत्रको जग्गा यस्ता कार्यका लागी अनधिकृत रुपमा हत्याउने प्रवृतिले निरन्तरता पाईनै रहेको छ ।

वि.सं. २०५७ सालमा नेपाल सरकारले कमैया मुक्त गरेको घोषणा पछि मुक्त भएका कमैयाहरु व्यवस्थापनकोलागि वन क्षेत्रको अधिकांस वन क्षेत्र दोहन भएको पाईएको छ । यस जिल्लामा पुर्नस्थापना गर्नु पर्ने मुक्त कमैयाको परिवार संख्या ११८७५ रहेको छ । आ.व. २०६८/०६९ सम्म ८४६५ परिवारलाई पुर्नस्थपाना गरिएको छ । बाकी रहेको मुक्त कमैया परिवारहरु धेरैजसो वन क्षेत्रमा नै वसोवास गरिरहेको पाईन्छ । वसोबास गरेको ठाउँमा कैयौ परिवारहरुले त रुखको फेदको गोलाइ वरिपरि वोक्रा निकाली रुख सुकाउने तथा खेतीपाती गर्ने परिपाटी पनि वसेको देख्न सकिन्छ । यो परिपाटीलाई छिटो व्यवस्थित गरी सरकारको वन क्षेत्र ४० प्रतिशत कायम गर्ने नीतिलाई सघाउ पुर्‍याउनु पर्ने अति नै आवश्यकता रहेको छ ।

बन अतिक्रमणको सवाल बहुपक्षिय एवम् अधिकतम् रुपमा राजनैतिक सवाल देखिएकोले यसलाई नियन्त्रण गर्न जिल्ला बन कार्यालयको एकल प्रयासले मात्र संभब नहुने हुँदा सबै सरोकारवालाको सहयोग आबस्यक पर्दछ । सर्व पक्षिय संयन्त्र निर्माण गरी सर्व प्रथम अतिक्रमण गरिएका क्षेत्रको पहिचान तथा नक्सांकन गरिने छ । यसरी तयार गरिएको बिबरणलाई बस्तुस्थिति हेरी क्षेत्र बर्गिकरण गरि योजनाबद्घ रुपमा वन अतिक्रमण हटाईने छ ।

नयां र थप अतिक्रमण हुन नदिन प्रत्येक इलाकामा सर्वपक्षिय गस्ती टोली गठन गरी नियमित अनुगमन गरिनेछ र समयमै रोकथाम गरिनेछ । अतिक्रमणका दृष्टिकोणले संबेदनशील क्षेत्रहरुमा सूचना संयन्त्र निर्माण गरी प्रारम्भिक अबस्थामानै अतिक्रमण नियन्त्रण गरिने व्यवस्था मिलाइने छ । यस जिल्लामा भएको अतिक्रमणको विवरण अनुसुची १० मा दिईएको छ ।

**वन अतिक्रमण नियन्त्रण कार्ययोजना**

| आर्थिक वर्ष | क्रियाकलाप | क्षेत्र | परिमाण | वजेट (रु.हजार) |
|---|---|---|---|---|
| २०७०/०७१ | अतिक्रमण क्षेत्र पहिचान तथा नक्सांकन, कार्ययोजना तयारी, नागरिक संजाल निर्माण | जिल्लाभरि | | ४०० |
| २०७१/०७२ | अतिक्रमण हटाउने तथा वृक्षारोपण कार्य | जिल्लाभरि | १०० हेक्टर | १००० |
| २०७२/०७३ | अतिक्रमण हटाउने तथा वृक्षारोपण कार्य | जिल्लाभरि | १०० हेक्टर | १००० |
| २०७३/०७४ | अतिक्रमण हटाउने तथा वृक्षारोपण कार्य | जिल्लाभरि | १०० हेक्टर | १००० |
| २०७४/०७५ | अतिक्रमण हटाउने तथा वृक्षारोपण कार्य | जिल्लाभरि | १०० हेक्टर | १००० |

यस जिल्लामा भएको करिव ४०० हेक्टर अतिक्रमणलाई वार्षिक १०० हेक्टरको दरले अतिक्रमण हटाई त्यस्ता क्षेत्रहरुमा प्राथमिकता दिई बृक्षारोपण गर्दै गईने छ । अतिक्रमण लगतमा उल्लेखित क्षेत्रहरु मध्ये पनि थप अतिक्रमण हुने क्षेत्रमा योजना वनाई अतिक्रमण हटाउदै गईने छ ।

### ४.४.४.५ आगामी पाँच वर्षकालागि हुने मुद्दाको संख्या, सुनुवाई र किनारा

वर्दिया जिल्लामा वन अतिक्रमण, जंगल फँडानी, जंगलमा आगो लगाउने, प्रक्रिया पुरा नगरी ग्रामीण सडक खन्ने कार्य, अव्यवस्थित चरीचरण, वन्यजन्तुको चोरीशिकारी र विना इजाजत ढुंगा, गिट्टी, वालुवा ओसार-पसार जस्ता गैरकानुनी क्रियाकलापहरु हुने गर्दछन् । त्यसकारण ती घटनाहरुलाई वन मुद्दाद्धारा रोकी वन संरक्षण गर्न ७१ वटा मुद्दा दायर तथा ५९ वटा मुद्धाको

सुनुवाइ प्रक्रिया थालिने पञ्चवर्षिय योजनाको लक्ष्य रहेको छ । विगत ५ वर्षमा दायर भै फैसला भएको वन मुद्दाको विवरण अनुसुची १२ मा दिईएको छ ।

**आगामी पाँच वर्षका लागि हुने मुद्दाको संख्या, सुनुवाइ र किनारा**

| आ.व. | वन मुद्दाको किसिम | मुद्दाको संख्या | सुनुवाइ तथा किनारा संख्या |
|---|---|---|---|
| ०७०/७१ | विना इजाजत वन्यजन्तु शिकार गरेको | १ | १ |
| | विना इजाजत काठ ओसारपसार | १२ | १० |
| | वन अतिक्रमण | ३ | |
| | गैह्रकानुनी ढुंगा ओसारपसार | १ | |
| | गैह्रकानुनी तवरले वन क्षेत्रमा सडक निर्माण | १ | |
| ०७१/७२ | विना इजाजत रुख काटेको | १ | १ |
| | विना इजाजत काठ ओसार पसार | १० | १२ |
| | वन अतिक्रमण | २ | २ |
| | विना इजाजत वन्यजन्तु शिकार गरेको | १ | १ |
| | वन्यजन्तुको आखेटोपहार ओसार पसार | १ | |
| ०७२/७३ | विना इजाजत वन पैदावार ओसार पसार | १० | ८ |
| | गैह्रकानुनी ढुंगा ओसारपसार | ३ | |
| | जंगलमा आगो लगाएको | १ | १ |
| ०७३/७४ | विना इजाजत वन पैदवार ओसार पसार | १० | १० |
| | गैह्रकानुनी ढुंगा ओसारपसार | १ | |
| | विना इजाजत वन्यजन्तु आखेटोपहार ओसर पसार | १ | १ |
| ०७४/७५ | विना इजाजत वन्यजन्तु आखेटोपहार ओसर पसार | १ | १ |
| | वन अतिक्रमण | १ | १ |
| | विना इजाजत वन पैदावार ओसार पसार | १० | १० |
| | **जम्मा** | **७१** | **५९** |

### ४.४.५ कृतिम तथा प्राकृतिक पुनरुत्पादन कार्यक्रम

प्राकृतिक पुनरुत्पादन र कृतिम पुनरुत्पादनको हालको अवस्था भविष्यको वनको ऐना हो । यस कार्ययोजनामा सके सम्म प्राकृतिक पुनरुत्पादनलाई वढावा दिन अभिप्रेरित गर्ने गरी कार्यक्रम संचालन गरिने छ यद्यपी प्राकृतिक पुनरुत्पादनको संभावना न्युन भएका क्षेत्रहरु कृतिम तवरबाट भए पनि पुनरुत्पादन विकासको कार्यक्रम संचालन गरिने छ ।

यस कार्यकालागि पुनरुत्पादन संरक्षण प्रदर्शनी प्लटहरुको स्थापना गरि जनतामा चेतना जगाउन प्रयास गरिने छ । वार्षिक रुपमा १० हे. क्षेत्रमा प्राकृतिक पुनरुत्पादन संरक्षण कार्यक्रम संचालन गरिने छ । सामुदायिक वनहरुलाई २५ हे. क्षेत्रमा वृक्षारोपण गर्न अनुदान प्रदान गरिने छ । खोला नदी किनारमा वार्षिक १० हे.को दरले यस कार्ययोजनामा कार्यक्रम तयार गरिएको छ ।

विरुवा उत्पादनकोलागि १० वटा अस्थायी नर्सरीहरुको निर्माण गरी वर्षिक ३ लाख भन्दा वढी विरुवा उत्पादन गरी निजी तथा वन क्षेत्रमा वृक्षारोपण गर्न वितरण गरिने छ । वन्यजन्तु संरक्षणकालागि क्षेत्रीय सहयोग प्रवर्द्धन आयोजनाबाट वासस्थान प्रवर्द्धन हुने किसिमको वन व्यवस्थापन तथा पुनरुत्पादन संरक्षण कार्यक्रम तथा वासस्थान प्रवर्द्धन हुने किसिमको ठाउ सुहाउदो वृक्षारोपण कार्यक्रम संचालन गरिने छ ।

निजी तथा प्राकृतिक पुनरुत्पादन विकास कार्यक्रम (आगामी ५ वर्षकोलागि) :

| सि.नं. | क्रियाकलाप | संख्या | कैफियत |
|---|---|---|---|
| १ | अस्थायी नर्सरी स्थापना र विरुवा उत्पादन | १५००००० गोटा | वार्षिक ३,००,००० |
| २ | प्राकृतिक पुनरुत्पादन संरक्षण कार्यक्रम | ५० हेक्टर | १० हेक्टर प्रति वर्ष |
| ३ | वृक्षारोपण | १०० हेक्टर | २० हेक्टर प्रति वर्ष |
| ४ | वृक्षारोपण अनुदान (सामुदायिक वन) | १२५ हेक्टर | २५ हेक्टर प्रति वर्ष |

### ४.४.६ सार्वजनिक तथा निजी वन प्रवर्द्धन एवं उद्यम विकास सहयोग कार्यक्रम

#### क) सार्वजनिक वन

सार्वजनिक जग्गामा भएको वनहरु (नदी उकास, न.पा./गाविसको खाली पर्ति जग्गा, चौर सडक किनारा) यस जिल्लामा कमै मात्रामा रहेको छ । यस जिल्ला भएर वग्ने कर्णाली (गेरुवा नदी), ओरही, बबई नदी आदि छोडी नदी उकास भएको क्षेत्रमा रहेको वन सामुदायिक वनको रुपमा हस्तान्तरण गरिएको छ । खास गरी कर्णाली नदीले उकास भएको वन क्षेत्रमा राजापुर क्षेत्रमा वढि सामुदायिक वन हस्तान्तरण गएिको छ । नदीले वर्षेनी धार वदल्ने भएर पनि यसो हुन गएको हो ।

सार्वजनिक पर्ति तथा सडकको किनारामा भएको रुखहरु स्थानीय निकायले संरक्षण तथा सदुपयोग गर्दै आईरहेको छ । आगामी पञ्च वर्षिय वन व्यवस्थापन कार्ययोजना पनि सार्वजनिक वनको

व्यवस्थापन स्थानीय निकायले नै गर्नेछ । यस्ता कार्यमा आवश्यक पर्ने प्राविधिक सहयोग भने जिल्ला वन कार्यालयले उपलब्ध गराउने छ। यस कार्ययोजनाको अवधि भर जिल्ला वन कार्यालयले नगरपालिकाको साझेदारीमा वर्षिक २ किमीको दरले १० कि.मी. सडकको दायाँवायाँ वृक्षारोपण गर्नेछ।

**ख) निजी वन**

४०% वन क्षेत्र पुऱ्याउने सरकारी लक्ष्य पूरा गर्न निजी वन एक प्रमुख उपकरण हो । चालिस प्रतिशत वन क्षेत्र पुऱ्याउने सरकारको नीतिलाई मुर्तरुप दिन निजी वनको विकास तथा प्रवर्द्धनमा जोड दिन पनि एउटा महत्वपुर्ण पाटो भएकोले निजी वन विकासको लागि कार्यक्रमहरु परिलक्षित गरिने छ। यस जिल्लामा निजी वन दर्ताकोलागि स्थानीय जनताहरुमा निजी वनको प्रचार प्रसार गरिने छ । निजी वन विकासकोलागि जनताहरुलाई सर्वसुलभ रुपमा प्राविधिक सेवा सहयोग उपलब्ध गराईने छ भने वृक्षारोपणकोलागि आवश्यक पर्ने विरुवाहरु पनि उपलब्ध गराईने छ । स्थानीय जनताहरुको चहाना र ईच्छा बमोजिम विरुवाहरु उत्पादन गरी वितरण गर्नकोलागि पहल गरिने छ। जिल्ला वन कार्यालयबाट नर्सरी स्थापना गर्दा जिल्लाका सम्पुर्ण क्षेत्रलाई समेटने गरी र जनताहरुलाई विरुवा ढुवानी गर्न सहज हुने गरी नर्सरी स्थापना गरी निशुल्क रुपमा विरुवा तथा प्राविधिक सेवा उपलब्ध गराउन पहल गरिने छ । निजी वन व्यवस्थापनकोलागि जिल्ला वन कार्यालयले एक जिल्ला स्तरिय एक निजी वन व्यवस्थापन कार्ययोजना वनाई सोही अनुसार निजी वन व्यवस्थापन गर्दै लगिने छ। यस जिल्लामा हाल सम्म दर्ता भएको निजी वनहरुको विवरण

६ मा दिईएको छ।

निजी वन विकास कार्यक्रमको उद्देश्यहरु

- वन क्षेत्रमा परिरहेको चापलाई न्युन गर्नका लागी निजी जग्गामा बृक्षारोपण गर्ने कार्यलाई अभियानका रुपमा संचालन गर्ने ।
- निजी वनका वन पैदावारलाई कानुन बमोजिम सहज, सरल र व्यवस्थित ढंगले उपभोगको व्यवस्था मिलाउने।
- वन क्षेत्रको सहज पंहुचबाट टाढा रहेका सर्वसाधारण जनतालाई आवश्यक पर्ने काठ/दाउराको आपुर्ती निजी वन मार्फत सहज बनाउने।

- वन क्षेत्रमा चोरी निकासीको चाप कम गर्ने ।

विगत ५ वर्ष निजी वनबाट निकाशी भएको वन पैदावारको विवरण :

| सि.नं. | जात | आ.व. | | | | |
|---|---|---|---|---|---|---|
| | | ०६५/०६६ | ०६६/०६७ | ०६७/०६८ | ०६८/०६९ | ०६९/०७० |
| १. | सिमल घ.फि. | ६७३३१.५१ | ६५६९५.३१ | ३३८८४.१८ | ३८४७६.७ | ३४७०८.९६ |
| २. | सिसौं घ.फि. | २१४१७.८६ | २९१९४.२४ | ३७००१.९३ | २६८३८ | ३१५०३.०४ |
| ३. | आँप घ.फि. | ४०५९.८६ | ८०२३.५ | ९९३२.७१ | ७५०२.५३ | १२४२२.६९ |
| ४. | जामुन घ.फि. | २३४.९ | १८९८.८९ | ४१९६.२६ | २९४३.८४ | ४३९५.१९ |
| ५. | खयर घ.फि. | ५५३६.३१ | ११७४१.६५ | ६२४२.२८ | १५३९.२८ | ३६७५.९२ |
| ६. | सागवान घ.फि. | ६०६.८७ | १९८७.०६ | ३३७९.५३ | ४६४३.७५ | ६८३५.८८ |
| ७. | मसला घ.फि. | ० | ० | ० | ८५५८.४७ | ५१८७.६१ |
| ८. | असना घ.फि. | ० | ० | ३२५६.२५ | २१९.२ | ० |
| ९. | कर्मा घ.फि. | ११०.६३ | ० | ४८३.०४ | ३८२.४ | ० |
| १०. | अन्य घ.फि. | १८०१२.३७ | २१४१७.७१ | २४७६२.६१ | ३४३३.३३ | ५७५४.२९ |
| | **काठ घ.फि.जम्मा** | **११७३१०.३** | **१३९९५८.४** | **१२३१३८.८** | **९४५३७.५** | **१०४४८३.६** |
| ११. | दाउरा चट्टा | ५१२.५ | ६१३ | ५८७.५९ | ४४७.९ | ४३२.६५ |

श्रोत : प्रशासन फाँट, जि.व.का., वर्दिया

संकलित राजस्व विवरण :

| सि.नं. | विवरण | आ.व. | | | | |
|---|---|---|---|---|---|---|
| | | ०६५/०६६ | ०६६/०६७ | ०६७/०६८ | ०६८/०६९ | ०६९/०७० |
| १ | मु.अ.क. | १५३६००१/०३ | २१२८९४२/१७ | २४६६९६४/५० | २२३९१३६/- | २६३५५९१/- |
| २ | ब.वि. | ९८६२२४/२ | ६९९६७३/२१ | ७७१३४०/६० | ४७३८४९/- | २६६४१७/२५ |

श्रोत : प्रशासन फाँट, जि.व.का., वर्दिया

## निजी वन प्रबर्धनका लागी कार्ययोजना

माथी उल्लेख गरिएको उद्देश्य हांसिल गर्नका लागी कार्ययोजनाको अवधि भर निम्नानुसारका कृयाकलापहरु सालबसाली संचालन गर्नु पर्ने देखिन्छ । जसलाई तालिकामा प्रस्तुत गरिएको छ । यी कार्यक्रमहरुलाई आवश्यकता अनुसार जिल्ला वन कार्यालयले कार्यान्वयन गर्दै जानेछ ।

| सि.नं. | कृयाकलाप | कार्य संचालन स्थान | कहिले गर्ने | जिम्मेवारी (कसले गर्ने ) | कैफियत |
|---|---|---|---|---|---|
| १ | निजी वन सचेतना गोष्ठी | जिल्ला भर | कार्य तालिका उल्लेखित समयावधिमा | माताहतका रे.पो. | |
| २ | भु–उपयोग संबन्धि | जिल्ला भर | ,, ,, | संबन्धित | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सचेतना गोष्ठी | | | रेन्जपोष्टका ईन्चार्ज | |
| ३ | बिधार्थी तहमा सचेतना शिक्षा | ,, ,, | ,, ,, | नर्सरी रहेका रेन्जपोष्टका ईन्चार्जहरु | |
| ४ | निशुल्क बिरुवा वितरण | ,, ,, | ,, ,, | | |
| ५ | निजी वन दर्ता | ,, ,, | ,, ,, | जि.व.का. | |
| ६ | बिरुवा रोपणको रेकर्ड अध्यावधिक गर्ने | ,, ,, | ,, ,, | जि.व.का. | |
| ७ | उत्कृष्ट जग्गाधनी छनौट र पुरस्कृत | ,, ,, | ,, ,, | जि.व.का. | |

**ग) उद्यम विकास सहयोग कार्यक्रम**

स्थानीय जनतामा उद्यमशिलताको विकास गरी जीविकोपार्जनमा सुधार ल्याउनकोलागि उद्यम बिकास सहयोग कार्यक्रम संचालन गर्नेछ । खाता संरक्षित वन कार्यक्रम मार्फत खाता क्षेत्रका वासिन्दाहरुलाई सिपमुलक तथा आयमुलक कार्यक्रम (सामाग्री सहित), लघु उद्यम प्रवर्द्धन सहयोग, गैरकाष्ठ वन पैदावार खेतीमा सहयोग, प्राविधिक सिप विकास तालिम र सहयोग र सामुदायिक वनमा गरिवहरुकालागि आयआर्जनमा अनुदान सहयोग कार्यक्रम संचालन गर्ने छ ।

### ४.४.७ ऐतिहासिक, धार्मिक, पुरातात्विक तथा पर्यटकिय दृष्टिले महत्वपुर्ण क्षेत्रको संरक्षण एवं विकास

ऐतिहासिक, धार्मिक, पुरातात्विक तथा पर्यटकिय दृष्टिले महत्वपुर्ण क्षेत्रको संरक्षण एवं विकास गर्नु हामी सवैको दायित्व हो । यस्ता सम्पदाहरुको संरक्षण तथा विकासको लागि कुनै एक निकायको मात्रै प्रयास पर्याप्त हुनै सक्दैन यसैले यस्ता सम्पदाको संरक्षण तथा विकासकोलागि जिल्ला वन कार्यालयले स्थानीय निकाय, जि.वि.स., नागरिक समाज सवैको समन्वयमा संरक्षण एवं विकासको कार्यक्रमरु संचालन गर्ने छ ।

ऐतिहासिक, धार्मिक, पुरातात्विक तथा पर्यटकिय दृष्टिले महत्वपुर्ण क्षेत्रको वरिपरी वृक्षारोपणको कार्यक्रम संचालन गर्न जिल्ला वन कार्यालयले पहल गर्ने छ । जैविक विविधताको संरक्षण एवं विकास हुने खालको पर्यटकिय क्षेत्रहरु जस्तै भग्रैया ताल, मानपुर टपरातालहरुको पुर्ननिर्माण तथा विकास गर्न कार्यालयले अन्य सरोकारवाला निकायहरुसँग समेत समन्वय गरेर अगाडी वढने छ ।

### ४.४.८ भू–तथा जलाधार संरक्षण कार्यक्रम

यस जिल्लामा अधिकांस भुभाग तराई क्षेत्रमा पर्ने भएकोले भूक्षयको संभावना कम छ तथापी यस जिल्लामा नदीको किनारमा कटान तथा डुवान हुने समस्या भने देखिन्छ । भू तथा जलाधार संरक्षणकोलागि सामुदायिक वन, निजी वन धनी र जिल्ला वन कार्यालय आफैले पनि वृक्षारोपण गरी जलाधार संरक्षणको पहल गर्ने छ । जिल्लामा रहेका ववई नदी, ओहरी नदी, मान नदी जस्ता साना नदीहरुले गर्ने कटान नियन्त्रण गर्न वायोईन्जिनियरिङ्ग प्रविधि कार्यक्रम संचालन गरिने छ ।

### ४.४.९ वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम

नेपालमा वि.सं. २०६८ सालमा गरिएको राष्ट्रिय जनगणना अनुसार करिव ६५% जनता खाना पकाउने ईन्धनको लागि दाउराको नै प्रयोग गर्न गरेको देखिएको छ । समुदायस्तरमा वैकल्पिक उर्जाको प्रवर्द्धन गर्न सकिएमा वन क्षेत्रमा कम चाप पर्न गई वन क्षेत्रको संरक्षणमा टेवा पुग्ने निश्चित छ । वैकल्पिक उर्जा प्रवर्द्धनकोलागि जिल्ला वन कार्यालयले अन्य सरोकारवाला निकायहरुसँग समेत समन्वय गर्नेछ । वैकल्पिक उर्जा प्रवर्द्धनकोलागि खास गरी चर्पी जोडिएको गोवर ग्याँस, सोलर टुकी, सुधारिएको चुल्हो निर्माण, बायो व्रिकेट निर्माण जस्ता कार्यक्रमहरु संचालन गरिने छ ।

वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम (आगामी ५ वर्षकोलागि) :

| सि.नं. | क्रियाकलाप | परिमाण | वजेट | कैफियत |
|---|---|---|---|---|
| १ | चर्पी जोडिएको गोवरग्याँस अनुदान | ५०० | २५,००,००० | प्रति गोट रु ५००० |
| २ | सुधारिएको चुल्हो निर्माण | १००० | ५,००,००० | प्रति गोटा रु ५०० |
| ३ | बायो व्रिकेट निर्माण तालिम तथा उत्पादन अनुदान | १० तालिम<br>१,००,००० गोटा | ५,००,०००<br>१०,००,००० | प्रति तालिम रु ५००००<br>प्रति गोटा रु १० |

### ४.४.१० प्रचार प्रसार कार्यक्रम

कागज वा विद्युतिय माध्यमबाट गरिने प्रचार प्रसारले स्थानीय जनताहरुमा सही सुचना प्रवाह गरी जनचेतनामा वृद्धि पुऱ्याउन महत्वपुर्ण भुमिका खेल्दछ । जनचेतानाको स्तर वृद्धिसँगै वन तथा वन्यजन्तुको संरक्षणमा पनि टेवा पुग्ने भएकोले जिल्ला वन कार्यालयले वार्षिक रुपमा प्रचार

प्रसारको कार्यक्रमहरु पनि संचालन गर्दै लैजाने छ । जिल्ला वन कार्यालयले स्थानीयस एफ.एम.हरुबाट जनचेतना जगाउने सन्देशमुलक सूचना सन्देशहरु प्रशासण गर्ने छ । विद्यालयहरुमा ईको क्लव गठन गरी स्कुल शिक्षा कार्यक्रम संचालन गर्ने छ ।

कागजी माध्यमबाट पर्चा, पम्प्लेट, व्रोसर, वार्षिक प्रगती विवरणहरु प्रकाशन गरी जनताहरुलाई वितरण गर्ने छ । यस्ता प्रकाशनहरु खास गरी वन डढेलो नियन्त्रण, वन्यजन्तुको संरक्षण, चोरी निकाशी नियन्त्रण आदि संग सम्वन्धित हुनेछ । प्रचार प्रसारकोलागि समय समयमा उपभोक्ताहरुलाई तालिम, भ्रमण गोष्ठी, अर्न्तक्रिया समेतको आयोजना गर्न वार्षिक कार्यक्रम तर्जुमा गरिने छ ।

विभिन्न दिवस तथा समारोहहरु जस्तै विश्व वातावरण दिवस, जैविक विविधता दिवस, वन महोत्सव आदि जस्ता कार्यक्रमहरु संचालन गरी स्थानीय उपभोक्ताहरुमा वन तथा वन्यजन्तुको महत्ववारे प्रचार प्रसार गरिने छ ।

### ४.४.११ विशेष आयमुलक कार्यक्रम

विशेष आयमुकल कार्यक्रम अर्न्तगत सामुदायिक वन विकास कार्यक्रममा गरिवहरुकोलागि जीविकोपार्जन सुधार कार्यक्रम सहयोग कार्यक्रम संचालन गरिने छ । साव भित्र कवुलियती वन समूहहरु गठन गरी विभिन्न आयमुलक कार्यक्रमहरु संचालन गर्न सहयोग गरिने छ । खाता संरक्षित वन कार्यक्रम मार्फत समूहका गरिव विपन्न किसानहरुलाई समावेश गरी समूह खेतीको अवधारणा अनुसार वाखापालनमा सहयोग गरिने छ ।

### ४.४.१२ जलवायु परिवर्तन व्यवस्थापन सहयोगी कार्यक्रमहरु

विश्वमा वढ्दै गइरहेको औद्योगिकरण, वन विनाश, यातायात क्षेत्रमा खनिज इन्धनको व्यापक प्रयोगका कारण हरितगृह ग्याँसहरु (कार्वनडाइअक्साइड, मिथेन, क्लोरोफ्लोरो कार्वन, ओजोन, नाइट्रस अक्साइड आदि) को अत्यधिक उत्सर्जनबाट जलवायु परिवर्तन नियमित प्राकृतिक प्रक्रिया भएता पनि हालका वर्षहरुमा जलवायु परिवर्तनमा तीव्रता आएको छ ।

वैज्ञानिक अध्ययन तथा जलवायु परिवर्तन सम्बन्धी अन्तर सरकारी मञ्च (Inter-governmental Panel on Climate Change, IPCC) को प्रतिवेदनबाट जलवायु परिवर्तनमा व्यापकता आएको पुष्टि भएपछि संयुक्त राष्ट्रसंघको साधारण सभाले जलवायु परिवर्तनको विश्वव्यापी समस्यालाई सम्बोधन गर्न अन्तर्राष्ट्रिय कानुनी संरचना निर्माण गर्न आह्वान गरे वमोजिम अन्तर सरकारी वार्ता

समितिको पहलमा सन् १९९२ को मे महिनामा जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि (United Nations Framework Convention on Climate Change) तयार भयो । सन् १९९२ को जुन महिनामा ब्राजिलको रियो द जेनेरियोमा सम्पन्न वातावरण र विकास सम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलनको समयमा हस्ताक्षर गर्नको लागि सो सन्धि खुल्ला गरे अनुसार नेपालले १२ जुन १९९२ का दिन यस महासन्धिमा हस्ताक्षर गरी सन् १९९४ देखि नेपाल पक्ष राष्ट्र भएको छ । ग्रिनहाउस ग्यासहरुको मात्रा वायुमण्डलमा स्थिर अवस्थामा राख्न राष्ट्र संघीय मौसम परिवर्तन सम्बन्धी सम्मेलन संरचना मार्फत स्थापित क्योटो प्रोटोकल ११ डिसेम्वर १९९७ मा अंगिकार गरे अनुसार विश्वमा यो सन्धि १६ फेब्रुअरी २००५ मा लागु भयो र नेपालले १४ डिसेम्वर २००५ मा उक्त सन्धिलाई अनुमोदन गर्‍यो । क्योटो प्रोटोकलले पहिलो प्रण अवधि (सन् २००८-२०१२) भरमा वृक्षारोपण र पुनः रोपण क्षेत्रलाई सफा विकास पद्धति मार्फत् कार्वन वजारमा वेचविखन गर्न पाउने व्यवस्था गरेको छ । वायुमण्डलमा हरितगृह ग्यासहरुको मात्रा कम गरी मौसम परिवर्तनको समस्या कम गर्नका लागि प्रोटोकलको दफा १२ मा लेखिए अनुरुप दिगो विकासको उद्देश्य हासिल गर्नका लागि औद्योगिक र विकासशील मुलुकहरु बीच सहकार्य गर्ने एकमात्र विकल्पको रुपमा सफा विकास पद्धति देखिएको छ ।

कार्वनको उत्सर्जन घटाउनका लागि वन विनाश तथा वनको गुणमा आउने ह्रास रोकी वृक्षारोपण जस्ता कार्यक्रम विकासोन्मुख देशमा संचालन गर्न विश्व वैंकले वन कार्वन सहकार्य सुविधा (Forest Carbon Partnership Facility) को व्यवस्था गरेको छ । रेड प्लस सम्वन्धी क्रियाकलापहरु संचालन गर्न जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धिका पक्ष राष्ट्रहरुको मेक्सिकोको क्यान्कममा सम्पन्न १६ औं सम्मेलनले तीनओटा चरणहरु तयारी, प्रदर्शनी र कार्यान्वयन गर्नुपर्ने प्रष्ट रुपमा उल्लेख गरेको छ । यसै तयारी चरण अन्तर्गत सरकारी तथा गैर सरकारी तवरबाट रेड सम्वन्धि पाइलट प्रोजेक्ट संचालनमा छन् जुन नेपालको रेड सम्वन्धी रणनिती वनाउन सहयोगी सिद्ध हुनेछ । रेड जलवायु परिवर्तनको प्रभाव रोक्ने भरपर्दो वैकल्पिक माध्यम हो र ग्रिनहाउस ग्याँसको उत्सर्जन घटाउन मद्धत गर्छ किनकी यसको उद्देश्य वन विनास रोक्ने र वन ह्रास हुन नदिने हो । अर्कोतिर रेड प्लसले भइरहेको वन जंगल वढाउने तथा नयाँ वन जंगल सृजना गरी थप कार्वनको खपत गर्ने हुँदा कार्वन खपत वढाउँछ । यसरी खपत भइरहेको कार्वनको मापनबाट प्राप्त कार्वन अन्तर्राष्ट्रिय वजारमा विक्रि गरी वन व्यवस्थापन गर्ने पक्षले आम्दानी गर्न सक्छ । उदाहरणको लागि एन्साव, फेकोफन र इसिमोडको पहलमा पाँच वर्षे रेड प्लस पाइलट प्रोजेक्ट अन्तर्गत १०५ वटा सामुदायिक वन ( चितवनका १६, गोर्खाका ३१ र

दोलखाका ५८ सामुदायिक वन) समेटी सन् २०११ मा दोलखाको चर्नावती, गोर्खाको लुधिखोला र चितवनको कयरखोला जलाधारमा रेड प्लस पाइलट प्रोजेक्ट थालनी गरेका थिए । समुदायमा आधारित वन व्यवस्थापन गरी वन संरक्षण गर्दै कार्वन व्यापार गरी सन् २०११ सालमा दोलखाका चर्नावती जलाधार क्षेत्रका वनले ४.६ मिलियन टन कार्वन संचिती गरी कार्वन व्यापारबाट ४५,५३५ अमेरिकी डलर प्राप्त गरेका थिए । त्यस्तै करीव १८८८ हेक्टर क्षेत्रफल भएको लुधिखोला जलाधार क्षेत्रले सोही वर्षमा करीव १.५ मिलियन टन कार्वन संचिती गरी २७,५६० अमेरिकी डलर प्राप्त गरेको थियो र २३८३ हेक्टरको कयरखोलाले करीव २.५ मिलियन टन कार्वन संचिती गरी २१,९०५ अमेरिकी डलर प्राप्त गरेको थियो ।

कार्वन व्यापार, कार्वन मापन तथा रेड प्लस सम्वन्धि कार्यक्रम अन्तर्गत पाँच वर्षे अवधिमा निम्न किसिमका क्रियाकलापहरु संचालन गरिनेछन् :

- जिल्लास्थित सामुदायिक वन उपभोक्ताहरु तथा सर्वसाधारणमा जलवायु परिवर्तन, कार्वन मापन, रेड प्लस र वनबाट प्राप्त हुने वातावरणीय सेवाका विषयमा प्रचार-प्रसार गर्ने ।
- सामुदायिक वन उपभोक्ताहरु र कवुलियती वन उपभोक्ताहरुलाई वैकल्पिक उर्जाका स्रोतहरु जस्तै सुधारिएको चुलो, वायो ग्याँस, वायो ब्रिकेटको प्रयोग गर्न प्रोत्साहित गर्ने र सो कार्यमा सामुदायिक कोष परिचालन गर्न प्रेरित गर्ने ।
- सामुदायिक वन तथा कवुलियती वनहरुमा रहेका खाली ठाउँमा वृक्षारोपण गरी कार्वनको संचिती वढाउन उक्त समुहहरुलाई प्रेरित गर्ने र सोको अभिलेख राख्ने तथा राख्न लगाउने ।
- वनको किसिम अनुसार मान्यता प्राप्त विधिबाट कार्वन मापन गर्न सरकारी तथा गैर सरकारी संस्थाहरुसँग सहकार्य गर्ने ।
- सामुदायिक वनहरुको कार्ययोजनाको तयार वा नविकरण गर्दा वन श्रोत सर्वेक्षणको क्रममा नै कार्वन मापन समेत गर्न जिल्लामा प्राविधिक क्षमताको विकास गर्न अन्य सरोकारवाला निकायहरुसँग समन्वय गर्ने ।
- कार्ययोजना तयारी वा नविकरण गर्दा जमिन माथिको कार्वन (Above ground carbon) को समेत मुल्यांकन गरी कार्ययोजनामा लेखी कार्वन संचितिको Baseline अभिलेख गर्ने व्यवस्था गर्ने ।

### ४.४.१३ भौतिक पुर्वाधार निर्माण कार्यक्रम

यस कार्ययोजना अवधिभर २ वटा भवन निर्माणको प्रस्ताव गरिएको छ । जिल्ला वन कार्यालयमा हाल सम्म पनि तालिम तथा वैठक हल नभएको र महादेवा रेन्जपोष्ट भवन हाल सम्म पनि नभएकोले भौतिक पुर्वाधार निर्माण कार्यक्रम अर्न्तगत उक्त भवनहरु निर्माण गरिने छ ।

यस वाहेक जिल्ला वन कार्यालयले पुराना पुर्वाधारहरुको मर्मत संभारकोलागि पनि सालवसाली वजेट विनियोजन गरी मर्मत संभार कार्यक्रम संचालन गरिने छ ।

भौतिक पुर्वाधार निर्माण कार्यक्रम

| सि.नं. | विवरण | संख्या | बजेट | स्थान |
|---|---|---|---|---|
| १ | तालिम तथा सभा हल | १ | ३००००००.०० | गुलरिया |
| २ | महादेवा रेन्जपोष्ट भवन | १ | ३००००००.०० | |

### ४.४.१४ जनशक्ति व्यवस्थापन (स्थायी र अस्थायी दुवै किसिमको)

कार्ययोजना कार्यान्वयनमा जनशक्ति व्यवस्थापन एक चुनौतिको रुपमा रहेको छ । दरवन्दी अनुसारको कर्मचारी पुर्ति नहुदा वनको संरक्षण र व्यवस्थापनमा चुनौती देखिएको छ । यस जिल्लामा १३७ जनाको दरवन्दी भएतापनि हाल ४८ जना विभिन्न कर्मचारीहरुको पदपुर्ति हुने सकेको छैन । ठुलो संख्यामा वन रक्षक र वन कार्य सहायक पद रिक्त भैदिदा कार्यक्रम संचालनमा नै गम्भिर समस्या देखिन सक्ने देखिएको छ ।

हाल रहेका कर्मचारीहरुलाई नै परिचालन गरी रिक्त दरवन्दीमा समेत काम गर्न सवै रे.पो.मा कर्मचारीहरुलाई खटाई व्यवस्थापन गरिने छ । नपुग कर्मचारीहरुकोलागि अस्थायी तवरबाट भए पनि नियुक्ती गरी कार्यक्रम संचालनकोलागि आवश्यक वजेट व्यवस्था गर्नकोलागि क्षेत्रीय वन निर्देशनालय तथा विभाग समेतमा अनुरोध गरिनेछ ।

### ४.४.१५ मानव वन्यजन्तु द्धन्द न्युनिकरण सहयोग कार्यक्रम

वासस्थान प्रवर्द्धन भए सँगै वन्यजन्तुको पनि वृद्धि भएबाट वन्यजन्तुको मानिससँग पनि द्धन्दको घटना वृद्धि भएको पाईन्छ । यस जिल्लामा खास गरी पशुवाली, अन्नवाली नाश र हात्तीले घर भत्काई दिने घटनाले गर्दा वन्यजन्तु र मानव विच द्धन्द वढदै गएको पाईन्छ ।

मानव र वन्यजन्तु विचको द्वन्द्व न्युनिकरण गर्न खाता संरक्षित वन कार्ययोजना उल्लेख भएक बमोजिम वन्यजन्तुले वढि क्षती पुऱ्याउने जैविक मार्गमा पर्ने गाउँहरु भग्रैया, पत्थरवोझी र डाडागाउँलाई सो स्थानबाट स्थानान्तरण गर्न पहल गरिने छ । तत्काल वन्यजन्तुहरुलाई मानव वस्तीमा आई अन्नवाली पशुवाली र मानविय क्षती कम गर्नकोलागि काडेतार वार र विद्युतिय तार गर्न तथा मर्मत गर्न कार्ययम निर्माण गरिने छ । यस कार्यक्रम संचालन गर्न तराई भूपरिधी कार्यक्रमसँग समन्वय गरिने छ । अन्नवालीमा गर्ने विनाश कम गर्न वनसँग सिमा जोडिएको खेतीयोग्य जमिनमा वन्यजन्तुले नरुचाउने जातको वालीहरु मेन्था, क्यामोमाईल आदी लगाउन सहयोग गरिने छ । खाता संरक्षित वन कार्यक्रमबाट वन्यजन्तु क्षती राहतकोषको निर्माण गरी वन्यजन्तुले गर्ने साना तिना हानीनोक्सानीको क्षतिपुर्ति प्रदान गर्न कार्यक्रम तर्जुमा गरिने छ ।

**पाँच वर्षको कार्यक्रम र वजेट**

| सि.नं. | कार्यक्रम | वजेट | कैफियत |
|---|---|---|---|
| १ | वन्यजन्तुबाट हुने क्षतीको राहत कार्यक्रम | १००००००।०० | वार्षिक २०००००।०० |

### ४.४.१६ वजेट व्यवस्थापन

योजना कार्यान्वयन गर्न वित्तिय श्रोत अपरिहार्य छ । कार्यक्रमहरु समयमा नै स्वीकृत भै नआउने, वजेट समयमा नआउने जस्ता वित्तिय समस्याहरु हाल विद्यमान रहेको छ । यस जिल्लाकोलागि आगामी ५ वर्ष सम्म आवश्यक पर्ने वजेटको समष्ठिगत विवरण निम्नानुसार रहेको छ ।

**पाँच वर्षको कार्यक्रम र बजेट**

| सि.नं. | कार्यक्रम | बजेट | कैफियत |
|---|---|---|---|
| १ | सामुदायिक वन विकास कार्यक्रम | २९६८५०००.०० | |
| २ | राष्ट्रिय वन कार्यक्रम (खाता संरक्षित वन कार्यक्रम सहित) | ७६३४७०००.०० | |
| ३ | वन्यजन्तु संरक्षणका लागि क्षेत्रीय सहयोग प्रवर्द्धन आयोजना | ८४५५०००.०० | |
| | **जम्मा** | **११४४८७०००.००** | |

यी कार्यक्रम संचालन गर्नकोलागि वजेटको प्रमुख श्रोत नेपाल सरकारवाट प्राप्त हुने सालवसाली कार्यक्रम वजेट नै हुन । यद्यपी सरोकारवाला निकायहरुसँग समन्वय गरी थप कार्यक्रम संचालन गर्न पहल गरिने छ ।

# efu %

# pknlA3, cg'udg tyf ;dGjo

## ५.१ प्राप्तहुने राजस्वको विवरण

यस जिल्लामा सरकारद्धारा व्यवस्थित वन क्षेत्र कम भएकोले सरकारद्धारा व्यवस्थित वनको राजस्व योगदान कम हुनेछ । यद्यपी मुद्दाको क्रममा पक्राउ परेको तथा मुक्त कमैयालाई वितरण गरिएको जग्गामा भएको रुखहरु कटान भै वितरण पश्चात वाकी रहेको तथा आपुर्ति समिति मार्फत विक्री वितरण गरिने काठको विक्री बाट वार्षिक रुपमा ५००० घ.फि. काठ बिक्री भै न्युनतम रु ४०,००,०००।- (भ्याट र वन विकास वाहेक) राजस्व आम्दानी हुनेछ ।

सामुदायिक वनबाट वार्षिक संकलन योग्य परिमाण ३३५४४१ घ.फि. काठ मध्ये आधा भन्दा कम काठ (१५०००० घ.फि.) संकलन भै वाहिर निकाशी हुने अनुमान गरिएको छ । सो काठको बिक्रीबाट राज्यलाई करिव वार्षिक रुपमा रु १,८०,००,०००।- (भ्याट र वन विकास वाहेक) राजस्व प्राप्त हुने अनुमान गरिएको छ । जस अनुसार वार्षिक रुपमा राज्यले २,२०,००,०००।- (भ्याट र वन विकास वाहेक) राजस्व प्राप्त गर्ने प्रक्षेपण गरिएको छ ।

## ५.२ कार्यक्रम कार्यान्वयनको उपलब्धी

यस पंचवर्षिय कार्ययोजनाको कार्यान्वयन पछि वनको स्थितिमा निम्न परिवर्तन आएको देख्न सकिने छ ।

- वन को औसत काठको संचिति, कलिलो र स्थापित पुनरुत्पादनको संख्यामा समेत वृद्धि भएको हुने छ ।
- थप १० वटा सामुदायिक वन उपभोक्ता समूह गठन भै २०० हेक्टर वन क्षेत्र सामुदायिक वनको रुपमा हस्तान्तरण भएको हुनेछ ।
- खाता जैविक मार्गमा वन्यजन्तु सुहाउदो वृक्षारोपणले वन्यजन्तुको वासस्थानमा वृद्धि भएको हुनेछ ।
- कम्तीमा ४०० हेक्टर अतिक्रमित क्षेत्र हटाई वृक्षारोपण गरिएको हुनेछ ।
- नयाँ रेन्जपोष्टको निर्माण तथा पुरानो तथा जिर्ण भवनहरुको मर्मत संभार भएको हुने छ ।

- वन पैदावारको सहज आपुर्ति भै चोरी निकाशीको घटना कम भएको हुनेछ र जिल्ला वन कार्यालयमा पर्ने उजुरीको संख्यामा पनि कमी भएको हुनेछ ।
- वन क्षेत्र वाहिरको रुखको संख्यामा उल्लेख्य वृद्धि भएको पाईने छ ।
- जिल्ला भित्र पाइने प्रमुख १० प्रजातिको स्थानीय आयतन तालिका निर्माण भएको हुनेछ ।
- सामुदायिक वन भित्र कवुलियती वनको विकास भै विपन्न तथा गरिवको जीविकोपार्जनमा सुधार भएको हुनेछ ।
- वन क्षेत्र भित्र रहेको ढलापडा रुखहरु संकलन भै वनको स्वास्थ्यमा अनुकुल प्रभाव परेको हुनेछ ।
- सवै विभागिय नर्सरीहरुको मर्मत संभार भै विरुवा उत्पादन भएको हुने छ ।
- स्थानीयस सरोकारवालाहरुसँग समन्वय भै वन तथा वन्यजन्तु संरक्षणमा सहभागिता एवं सहकार्यमा वृद्धि भएको हुने छ ।
- वन व्यवस्थापनमा स्थानीयस सहभागिता जुटी वनको व्यवस्थापन भएको हुनेछ ।

पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजनाको कार्यान्वयन पश्चात व्यवस्थित वनका कारण वातावरणमा निम्न सकारात्मक सुधारहरु आउनेछन् :

- जिल्लामा रहेको वर्तमान वन मौज्दात र छत्र घनत्वमा वृद्धिका साथै वनको उचित व्यवस्थापनबाट वनको हैसियतमा सुधार आउनेछ ।
- समुदायमा आधारित वन संरक्षण तथा संरक्षित वनका कारण जैविक विविधताको संरक्षण हुनेछ ।
- अतिक्रमित वनको क्षेत्र खाली गराई सो भाग वृक्षारोपण गरी पुनर्स्थापना गरिनेछ ।
- भू–क्षय हुने क्षेत्रमा वाँस, अम्रिसो जस्ता वहुउपयोगी विरुवाको वृक्षारोपण भई भू–क्षय रोकथामका साथै आयआर्जनमा समेत वृद्धि हुनेछ ।
- वैकल्पिक उर्जाको प्रवर्द्धनमा जोड दिइ वन संरक्षणमा योगदान पुर्‍याइनेछ ।
- स्थानीय जनताको दैनिक उपभोग्य वन पैदावारहरुको माग परिपुर्ति हुनेछ ।
- ढलापडा, रोगी तथा वुढा रुखहरु हटाई स्वस्थ्य वनको सृजना हुनेछ ।
- पुनरुत्पादन नभएको ठाउँमा वन सम्वर्द्धन कार्य गरी पुनरुत्पादनको अवस्था सृजना हुनेछ ।

- सामुदायिक वनसमुहहरुमा व्यावसायिक जडीवुटी खेती मार्फत आयआर्जनका कार्यक्रमहरु संचालन गरी जनताको आय स्तरमा वृद्धि भएको हुनेछ ।
- सामुदायिक वनहरुमा जडीवुटी लगायत लघु वन पैदावारको दीगो विकासको लागी उचित वृक्षारोपण, संरक्षण, व्यवस्थापन तथा सदुपयोग भएको हुनेछ ।
- स्थानीय उपभोक्ताहरु वन पैदावारमा आत्मनिर्भर हुने छन् ।
- सामुदायिक वनको आम्दानीबाट सामाजिक विकास ग्रामीण निर्माणका शिक्षा, स्वास्थ्य, खानेपानी, सिंचाई, विजुली वत्ती, ग्रामीण सडकका साथै अन्य भौतिक पूर्वाधारको विकास तथा विस्तार हुनेछ ।
- वन अतिक्रमण नियन्त्रण, वन डढेलो नियन्त्रण, चोरी निकासी नियन्त्रण भई सरकारद्वारा व्यवस्थित र अन्य वन क्षेत्रको वन पैदावारको हैसियतमा सुधार आएको हुनेछ ।
- संरक्षित वनमा पर्या-पर्यटनको माध्यमबाट गरीवी न्यूनिकरणमा थप टेवा पुग्नेछ ।
- वन्यजन्तुको महत्वबारेमा प्रचार प्रसारका कारण तिनीहरुको संरक्षण हुनेछ ।
- सामुदायिक वनहरु तथा संरक्षित वनहरुको वातावरणिय सेवाहरुको वजार विस्तार भइ आम्दानी वृद्धि हुनेछ ।

### ५.३ रोजगारीको अवसर र गरिवी निवारणमा योगदान

यो योजना अवधिमा संचालन गरिने कार्यक्रमहरु मध्ये राष्ट्रिय वन तथा सामुदायिक वनबाट प्राप्त हुने काठ दाउरा बिक्री बितरण, जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावार सङ्कलन र बिक्री बितरण, ढुवानी गर्ने कार्यक्रमबाट वार्षिक रुपमा ३५ हजार श्रमदिन रोजगारी सृजना हुनेछ । जसबाट प्रतिदिन रु.३०० का दरले पाँच वर्षमा ५२ करोड ५० लाख रकम बराबरको नगद कारोबार हुन गई ग्रामीण अर्थतन्त्रमा टेवा पुग्न जाने देखिन्छ । जडिबुटी तथा काठ, दाउरा सङ्कलन गर्ने कार्यमा बढी जसो न्यून आय भएका स्थानीय बासिन्दाहरुको संलग्नता हुने भएकोले यसले गरिवी निवारणमा समेत प्रत्यक्ष टेवा पुऱ्याउने देखिन्छ । जडिबुटी सङ्कलन कार्यमा महिलाहरुको पनि संलग्नता हुने भएकोले लैङ्गिक दृष्किोणबाट समेत यो कार्यक्रम प्रभावकारी देखिन्छ । यस्तै अन्य कार्यक्रमहरुबाट पनि केहि हद सम्म प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा स्थानीय रोजगार श्रृजना हुनेछ ।

यस कार्ययोजना अनुरुपका कार्यक्रमहरु संचालन हुँदा स्थानीय जनसमुदायका विभिन्न तहका श्रमिकहरुलाई रोजगारको अवसर प्राप्त हुनेछ । काठ, दाउरा संकलन, ढुवानी, घाटगद्धी गर्दा स्थानीय जनताहरुलाई आ-आफ्नो क्षमता एवं दक्षता अनुसारको रोजगारीका प्रशस्त अवसरहरु प्राप्त हुनेछन् ।

त्यस्तै सामुदायिक वनहरुमा गरिने व्यावसायिक जडीवुटी खेती तथा नर्सरी निर्माण कार्यबाट स्थानीय बासिन्दाहरुलाई सालवसाली रुपमा रोजगारीको अवसर प्राप्त हुने देखिन्छ । बन संबर्द्धन कार्य गर्दा पनि रोजगारीको अवसर सिर्जना हुनेछ । वन पैदावार बिक्री बितरणबाट राजस्वका साथै जि.बि.स. कर समेत प्राप्त हुने भएकोले त्यसबाट स्थानीय बिकासका योजनाहरु संचालनमा समेत मद्दत पुग्नेछ ।

सरकारको दशौ पञ्च वर्षिय योजना एवं अन्तरिम तीन बर्षे योजनाले निर्दिष्ट गरे अनुसार प्रत्यक्ष रुपमा स्थानीय समुदायलाई सहभागी वनाई राष्ट्रिय वन, सामुदायिक वन तथा कवुलियती वनको दिगो वन व्यवस्थापन गरी आयआर्जनका कार्यक्रम तर्फ उन्मुख वनाई स्थानीय समुदायलाई यसवाट लाभान्वित गराई तिनीहरुको आर्थिक स्तरमा सुधार ल्याई गरिवी न्यूनीकरणमा योगदान पुर्‍याउने छ । यस कार्ययोजनामा निर्दिष्ट गरेको कार्यक्रमहरु संचालन हुँदा प्राप्त हुन सक्ने रोजगारीको विवरण निम्न तालिकामा उल्लेख गरिएकोछ ।

**तालिका ८४ : योजना अवधि भित्र उपलब्ध हुने रोजगारी (वार्षिक)**

| सि.नं | विवरण | ईकाइ | परिमाण | श्रम दिन दर | कामदार संख्या |
|---|---|---|---|---|---|
| १ | ढलापडा काठ र दाउरा संकलन तथा ढुवानी कार्य | हजार घ.फि. | १५० | ०.२० | ३०००० |
| २ | बृक्षारोपणबाट वन पुनर्स्थापना (निजी, सामुदायिक, संस्थागत, कबुलियति तथा अन्य) | हे. | २०० | १० | २००० |
| ३ | गैर काष्ठ वन पैदावार संकलन | मे.टन | ६० | ५० | ३००० |
| | **जम्मा** | | | | **३५,०००** |

यी कार्य वाहेक यस कार्ययोजना अनुरुप कार्यान्वयन गरिने अन्य वन विकासका कार्यहरु (तारवार निर्माण तथा मर्मत, जैविक विधिबाट वन सिमांकन, रेन्जपोष्ट भवन निर्माण, अग्नि रेखा निर्माण तथा मर्मत, वन पैदावार विक्री तथा व्यवस्थापन आदी) संचालन गर्नको लागी लाग्ने जनशक्तिको श्रम दिनको गणना गरी तथ्यांक उल्लेख नगरिए पनि यस्ता कार्य वाट प्राप्त हुने रोजगारीले

स्थानीय जनताको आयस्रोतमा आर्कषक भूमिका निर्वाह गर्ने छ । यसका साथै अप्रत्यक्ष रुपमा यी विकास कार्यको लागी प्रयोग गरिने साधन, स्रोत एवं सामाग्रीहरु उत्पादन गर्ने संस्थामा समेत थुप्रै जनशक्तिले कामका अवसरहरु प्राप्त गरेको अवस्था हुनेछ ।

## ५.४ अनुगमन कार्ययोजना

यस कार्ययोजना अनुसार हुने कार्यहरुको प्रत्येक चरणको नियमित अनुगमन जिल्ला वन कार्यालयले गर्ने छ । यसकोलागि एक व्यबहारिक योजना तयार गरिने छ । अनुगमन गर्ने क्रममा अनुगमनका तत्कालिन एवं दीर्घकालिन प्राथमिकता यकिन गरि सोही अनुरुपको बिधिहरु अवलम्बन गरिनेछ । जिल्ला वन कार्यालयको अलावा क्षेत्रीय वन निर्देशनालय तथा वन विभागबाट गरिने वन सम्बन्धी नियमित अनुगमनको दायरा भित्र कार्ययोजनाका कार्यक्रम तथा गतिबिधिलाई समेटिनेछ ।

माथि उल्लेखित अनुगमन योजना तयार गर्दा एउटा व्यवहारिक, उपयोगी अनुगमन बिधि तयार गरिने छ । यस अन्तरगत सूचक तयार गर्ने, मापदण्ड तथा आधारहरु निर्धारण गर्ने, बिश्लेषण बिधि एकिन गर्ने, नमूनाको मात्रा एकिन गर्ने र जानकारीहरु संकलन गर्ने आदि पर्दछन् । उल्लेखित कार्यको लागि पूर्व निर्धारित फरमेटमा रेकर्ड राख्ने, डाटाबेस राख्ने, स्थलगत अवलोकन गर्ने, छड्के गर्ने, गुनासो सुन्ने र सार्बजनिक सुनुवाई गर्ने, नियमित अन्तरकृया गर्ने र नियमित प्रतिबेदन तयार गरि पेश गर्ने आदि कार्यहरु पर्दछन् ।

अनुगमनबाट प्राप्त नतिजाहरुको आधारमा प्रभाव अध्ययन गरिनेछ । एउटा सरल खाका तथा बिधि अवलम्बन गरी संचालित गतिबिधिहरु, उपलब्धी, असर तथा प्रभावहरुको लेखाजोखा गर्न तथा भावी दिनमा कार्यक्रम प्रभावकारी रुपमा अघि बढाउनको लागि यसै योजनामा केहि बजेट व्यवस्था गरि क्षेत्रीय वन निर्देशनालय वा वन विभागलाई अनुरोध गरिनेछ । साथै, क्षेत्रीय वन निर्देशनालय तथा वन विभागले आवधिक रुपमा अनुगमन तथा मूल्याङ्कन गरी दिएको सुझाव तथा निर्देशनहरुलाई जिल्ला वन कार्यालयले पालना गर्नेछ ।

| सि.नं. | क्रियाकलाप | सुचक | समय | विधि | जिम्मेवारी |
|---|---|---|---|---|---|
| १. | वन संरक्षण | • घटदो वन अतिक्रमण<br>• वन डढेलोमा कमी<br>• चोरी निकाशीमा कमी<br>• वन मुद्दाको संख्यामा कमी<br>• नागरिक चेतना बृद्धि | वर्षै भरी | अवलोकन, निरीक्षण, प्रतिवेदन | • जिल्ला वन कार्यालय<br>• जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यलय<br>• क्षे.व.नि. |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • वन विभाग/मन्त्रालय |
| २. | वन व्यवस्थापन | • ढलापडा संकलन<br>• सा.व.उ.स.को क्षमता वृद्धि तथा सम्पन्न व्यवस्थापन कार्य | मासिक<br>त्रैमासिक<br>वार्षिक | अवलोकन,<br>निरीक्षण,<br>प्रतिवेदन | • जिल्ला वन कार्याल<br>• क्षे.व.नि.<br>• वन विभाग/मन्त्रालय |
| ३. | वन विकास कार्यक्रम | • वृक्षारोपणको विवरण<br>• निर्मित नर्सरी र विरुवा संख्या<br>• उपभोक्ता क्षमता वृद्धि | मासिक<br>त्रैमासिक<br>वार्षिक | अवलोकन,<br>निरीक्षण,<br>प्रतिवेदन | • जिल्ला वन कार्याल<br>• क्षे.व.नि.<br>• वन विभाग/मन्त्रालय |
| ४. | जनचेतनामा तथा क्षमता अभिवृद्धि | • संचालित तालिम भ्रमण गोष्ठी आदी<br>• संचालित चेतनामूलक कार्यक्रम<br>• परिचालित सुराकीको जानकारी | मासिक<br>त्रैमासिक<br>वार्षिक | अवलोकन,<br>निरीक्षण,<br>प्रतिवेदन | • जिल्ला वन कार्याल<br>• क्षे.व.नि.<br>• वन विभाग/मन्त्रालय |
| ५. | वन्यजन्तुको संरक्षण | • संचालित वासस्थान व्यवस्थापनको कार्यक्रम<br>• चोरी शिकार घटनामा कमी<br>• वन्यजन्तुको संख्यामा वृद्धि<br>• प्रत्यक्ष वन्यजन्तु अवलोकन | मासिक<br>त्रैमासिक<br>वार्षिक | अवलोकन,<br>निरीक्षण,<br>प्रतिवेदन | • जिल्ला वन कार्याल<br>• क्षे.व.नि.<br>• वन विभाग/मन्त्रालय |
| ६. | जीविकोपार्जनमा सुधार | • संचालित आयमुलक कार्यक्रम<br>• कार्यक्रम अनुदानको विवरण<br>• सिपमुलक तालिम<br>• गरिवमुखी कार्यक्रम संचालित संख्या | मासिक<br>त्रैमासिक<br>वार्षिक | अवलोकन,<br>निरीक्षण,<br>प्रतिवेदन | • जिल्ला वन कार्याल<br>• क्षे.व.नि.<br>• वन विभाग/मन्त्रालय |
| ७. | मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन | • द्वन्द्व घटना तथाक्षतिपुर्तिको विवरण<br>• ट्रेन्च, जैविक, विद्यूतिय तारवार निर्माण परिमाण<br>• घटनामा कमी | मासिक<br>त्रैमासिक<br>वार्षिक | अवलोकन,<br>निरीक्षण,<br>प्रतिवेदन | • जिल्ला वन कार्याल<br>• क्षे.व.नि.<br>• वन विभाग/मन्त्रालय<br>• सरोकारवाला |
| ८. | कार्य वातावरण | • रे.पो./इलाका/जि.व.का. भवन निर्माण तथा मर्मत<br>• सवारी साधनको मर्मत तथा खरिद<br>• कर्मचारी क्षमता विकासकोलागि तालिम<br>• फर्निचर, ल्यापटप, | मासिक<br>त्रैमासिक<br>वार्षिक | अवलोकन,<br>निरीक्षण,<br>प्रतिवेदन | • जिल्ला वन कार्याल<br>• क्षे.व.नि.<br>• वन विभाग/मन्त्रालय<br>• सरोकारवाला |

| | | | | | |
|---|---|---|---|---|---|
| | | जि.पि.एस. खरिद | | | |
| ९. | समन्वय | ● नियमित कर्मचारी वैठक<br>● सुरक्षा समितिको वैठक<br>● जिल्ला वन क्षेत्र समन्वय समितिको वैठक | मासिक<br>त्रैमासिक<br>वार्षिक | अवलोकन,<br>निरीक्षण,<br>प्रतिवेदन | ● जिल्ला वन कार्याल<br>● क्षे.व.नि.<br>● वन विभाग/मन्त्रालय<br>● सरोकारवाला |

## ५.५ समन्वय योजना

निर्दिष्ट उद्देश्यहरु हासिल गर्न सरोकारवालाहरु विच समन्वय अनिवार्य शर्त हो । सरोकारवालाहरुको आपसी सहयोग र समन्वयबाट नै तोकिएको लक्ष्य हासिल गर्न सक्ने भएकोले सरोकारवाहरुसँग समन्वय गरी निर्धारित लक्ष्य प्राप्तीको प्रयास गरिने छ । खासगरी खाता जैविक माग क्षेत्र तथा मध्यवर्ति क्षेत्रसँग जोडिएको क्षेत्रहरुमा वन्यजन्तु चोरी शिकारी नियन्त्रण गर्न, वन्यजन्तुको अनुगमन गर्न तथा ती क्षेत्रमा देखिने वन्यजन्तुहरुको सुरक्षित व्यवस्थापनकोलागि वर्दिया राष्ट्रिय निकुन्जसँग समन्वय गरिने छ ।

यस जिल्लाको सिमाना भारतसँग पनि जोडिएकोले वन पैदावार तथा वन्यजन्तुको सीमापार चोरी निकाशी हुन नदिनकोलागि भारतीय वन अधिकारीसँग समेत आवश्यक सहकार्य गरिने छ । विश्व वन्यजन्तु कोष, नेपाल तथा भारत मार्फत वन्यजन्तु तथा जैविक विविधता संरक्षणकोलागि भारतिय वन अधिकारीहरुसँग अनौपचारिक रुपमा भए पनि समन्वय गरी सिमापार वन तथा वन्यजन्तु अपराध नियन्त्रणको प्रयास गरिने छ ।

| सि.नं. | क्रियाकलाप | समय | तरिका | निकाय |
|---|---|---|---|---|
| १. | वन संरक्षण | वर्षै भरी | ● नेपाल भारत सिमापार वैठक<br>● जिल्ला सुरक्षा समिति वैठक<br>● DFCC वैठक<br>● कर्मचारी वैठक<br>● रे.पो.स्तरिया वैठक | ● जिल्ला वन कार्यालय<br>● जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यलय<br>● क्षे.व.नि., वन विभाग/मन्त्रालय<br>● भारतिय वन अधिकारी<br>● फकोफन, CFCC<br>● रेपो, ईवका<br>● TAL |
| २. | वन व्यवस्थापन | वर्षै भरी | ● ऐन, कानुन, निर्देशिका निर्माण तथा निर्देशन<br>● क्षमता बृद्धि | ● जिल्ला वन कार्याल, ईवका, रेपो<br>● क्षे.व.नि.<br>● वन विभाग/मन्त्रालय<br>● सा.व.उ.स., फेकोफन, |

| | | | | |
|---|---|---|---|---|
| | | | | CFCC |
| ३. | वन विकास कार्यक्रम | वर्षै भरी | • कार्यक्रम विनियोजना तालिम<br>• बृक्षारोपण अनुदान, तालिम<br>• कार्यक्रम वजेट विनियोजन | • जिल्ला वन कार्याल<br>• क्षे.व.नि.<br>• वन विभाग/मन्त्रालय<br>• सा.व.उ.स., फेकोफन, CFCC |
| ४. | जनचेतनामा तथा क्षमता अभिवृद्धि | वर्षै भरी | • तालिम, भ्रमण, गोष्ठी<br>• सुचना आदान प्रदान | • जिल्ला वन कार्याल<br>• क्षे.व.नि.<br>• वन विभाग/मन्त्रालय<br>• स्थानिय पत्रिका, रेडियो, पत्रकार |
| ५. | वन्यजन्तुको संरक्षण | वर्षै भरी | • नेपाल भारत सिमापार वैठक<br>• जिल्ला सुरक्षा समिति वैठक<br>• DFCC वैठक<br>• कर्मचारी वैठक<br>• रे.पो.स्तरिया वैठक | • जिल्ला वन कार्यालय, खाता संरक्षित वन कार्यक्रम, वर्दिया राष्ट्रिय निकुन्ज<br>• जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यलय<br>• क्षे.व.नि., वन विभाग/मन्त्रालय<br>• भारतिय वन अधिकारी<br>• फकोफन, CFCC<br>• रेपो, ईवका<br>• TAL |
| ६. | जीविकोपार्जनमा सुधार | वर्षै भरी | • कार्ययोजना कार्यान्वयन<br>• छलफल, वैठक, | • जिल्ला वन कार्याल, खाता संरक्षित वन कार्यक्रम<br>• क्षे.व.नि., वन विभाग/मन्त्रालय<br>• समूह, फेकोफन, CFCC<br>• जिविस, गाविस,<br>• तराई भुपरिधि कार्यक्रम, हरियो वन कार्यक्रम |
| ७. | मानव वन्यजन्तु द्वन्द्ध व्यवस्थापन | आवश्यकता अनुसार | • क्षती पुर्ति व्यवस्था<br>• ट्रेन्च, तारवार, जैविक बार निर्माण<br>• प्रभावित घरधुरी पहिचान | • जिल्ला वन कार्याल, खाता संरक्षित वन कार्यक्रम,<br>• क्षे.व.नि.<br>• वन विभाग/मन्त्रालय<br>• सावउस, फेकोफन, CFCC, प्रहरी कार्यालय, कृषि कार्यालय, पशु सेवा कार्यालय |
| ८. | कार्य वातावरण | वर्षै भरी | • नीति निर्देशन<br>• छलफल<br>• बजेट विनियोजन | • जिल्ला वन कार्याल, खाता संरक्षित वन कार्यक्रम, ईवका, रेपो<br>• क्षे.व.नि.<br>• वन विभाग/मन्त्रालय<br>• हरियो वन कार्यक्रम, तराई |

| | | | | |
|---|---|---|---|---|
| | | | | भुपरिधि कार्यक्रम |

## जिल्लाको वन संरक्षण, सदुपयोग तथा विकासमा वन विभागले खेल्नु पर्ने भुमिका

यस कार्ययोजनाको कार्यान्वयन पक्ष जिल्ला वन कार्यालयको मात्रै जिम्मेवारी नभई वन संगठनका सबै तहहरुको जिम्मेवारी रहनेछ । बिशेष गरि वन विभागको जिम्मेवारी निम्न अनुसार हुनेछ :

- जिल्लाको वन संगठनको संरचना एकिन गरि कार्ययोजना कार्यान्वयनको लागि आवश्यक पर्ने कर्मचारीहरुको व्यवस्था गर्ने ।
- पञ्चवर्षिय वन योजनाको स्वीकृति प्रदान गरि कार्यान्वयन प्रक्रियालाई सहज गराउने वातावरण सृजना गर्ने ।
- योजना कार्यान्वयनको लागि आवश्यक स्रोत र साधनहरु उपलब्ध गराउने ।
- योजना कार्यान्वयनको नियमित अनुगमन तथा मुल्याङ्कन गरी आवश्यक सुझाव तथा निर्देशनहरु उपलब्ध गराउने ।
- अनुगमन तथा मूल्यांकनको आधारमा दण्ड तथा पुरस्कारको व्यवस्था गर्ने ।

## जिल्लाको वन संरक्षण, सदुपयोग तथा विकासमा क्षेत्रिय वन निर्देशनालयले खेल्नु पर्ने भुमिका

नेपालका पाँच वटा विकास क्षेत्रमा हरेक क्षेत्रको वन समेट्ने गरी क्षेत्रीय वन निर्देशनालयलको व्यवस्था छ । जिल्लाको वन संरक्षण, सदुपयोग तथा विकासमा क्षेत्रीय वन निर्देशनालयले खेल्नुपर्ने भूमिका निम्नानुसार रहेका छन् :

- आफ्नो क्षेत्रभित्र रहेका वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गतका कार्यालयहरु, आयोजना, परियोजना एवं निकायहरुबाट संचालित कार्यहरुको अनुगमन तथा मुल्यांकन गर्ने ।
- वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गतका कार्यालयहरुको योजना तर्जुमा गर्नको लागि सहजीकरण गर्ने ।
- कार्यक्षेत्र भित्र संचालित वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गतका वन, वातावरण संरक्षणका क्षेत्रमा कार्यरत सरकारी एवं गैर सरकारी संस्था र आयोजना/परियोजना वीच आवश्यक समन्वय गर्ने/गराउने ।
- स्वीकृत भइ लागु भएको कार्यक्रमहरुको आवधिक समिक्षा गर्ने ।

- राष्ट्रिय नीति तथा कार्यक्रममा वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गतका तोकिएका कार्यक्रमहरुको अनुगमन, प्रगती विवरण संकलन गरी प्रतिवेदन तयार गर्ने ।

**जिल्लाको वन संरक्षण, सदुपयोग तथा विकासमा वन तथा भूसंरक्षण मन्त्रालयले खेल्नु पर्ने भुमिका**

जिल्लास्थित कार्यक्रमहरुको उचित कार्यान्वयन तथा वन संरक्षण, विकास तथा सदुपयोगका लागि वन मन्त्रालयले खेल्नुपर्ने भूमिका निम्नानुसार रहेका छन् :

- जिल्लास्थित कार्यक्रमहरुको समग्र अनुगमन गर्ने ।
- कार्ययोजनाको कार्यान्वयनको सिलसिलामा आइपर्ने नीतिगत अवरोधहरु फुकाउने ।
- वन विकास सम्वन्धि कार्यक्रमहरु कार्यान्वयनका लागि आवश्यक पर्ने वैदेशिक सहायताको व्यवस्था गर्ने ।
- जिल्लास्थित विषयगत कार्यालयहरुसँग समन्वय स्थापित गर्न केन्द्रीय स्तरका विषयगत मन्त्रालयहरु तथा विभागहरुसँग समन्वय गरी सहयोग पुऱ्याउने ।

**जिल्ला वन क्षेत्र समन्वय समितिको भूमिका :**

- संचालित कार्यक्रमहरुको कार्य संचालनको समयमा नै अनुगमन गरी पृष्ठपोषण गर्ने ।
- कार्यक्रम संचालनकोलागि क्षेत्रीय सहयोग जुटाउन स्थानीय प्रशासन, राजनैतिक दल, सूरक्षा निकाय, नागरिक समाज लगायतको सरोकारवाला निकायहरु विच समन्वय काम गर्ने गराउने ।

**वन अतिक्रमण नियन्त्रण कार्यदल :**

- संभाव्य अतिक्रमण स्थलको पहिचान गरी नियन्त्रणका पुर्व उपायहरु अवलम्वन गर्ने ।
- अतिक्रमित स्थान वढन नदिई अतिक्रमित क्षेत्र खाली गराउने राजनैतिक सहमती जुटाई अतिक्रमित वन क्षेत्र खाली गराउने ।

**जिल्ला विकास समिति**

- वन तथा वातावरण सम्वद्ध योजना निर्माण तथा वजेट व्यवस्थाकोलागि पहल गर्ने ।
- कार्ययोजना कार्यान्वयनको सिलसिलामा जनसहभागिता जुटाउन राजनितिक सहमती कायम गर्ने ।
- कार्यक्रम अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने ।

**जिल्ला सूरक्षा समिति**

- वन तथा वन्यजन्तुको संरक्षणकोलागि सूरक्षा व्यवस्थाको पहल गरी भरपार्दो संयन्त्रको निर्माण गर्ने ।

**५.६ कार्ययोजना संसोधन**

यो पञ्चवर्षिय वन कार्ययोजनालाई कार्यान्वयन गर्दा प्रचलित कानून, समय परिस्थिती र आबश्यकता अनुसार कुनै समस्या आएमा वा कुनै बुदा संशोधन गर्नु परेमा बिभागको स्वीकृती लिई संशोधन गरिनेछ । त्यसै गरि कुनै बिषयमा कुनै कुरा अपुग/कमी भएमा सम्बन्धित क्षेत्र र बिषयको अलग्गै ब्यबस्थापन कार्ययोजना तयार तथा स्विकृत गराई सोहि अनुसार थप कार्यक्रम सञ्चालन गरिनेछ ।

**५.७ प्रतिवेदन, जाहेरी**

यस कार्ययोजना लागु भए पछि जिल्ला वन कार्यालयले प्राप्त गरेको प्रगतिको चौमासिक तथा बार्षिक प्रगति विवरण सम्बन्धित जि.वि.स., कोलेनिका, क्षेत्रीय वन निर्देशनालय तथा विभागमा पठाईनेछ । यस वाहेक समय समयमा क्षेत्रियस्तर तथा केन्द्रियस्तरका कार्यालयहरुबाट माग भै आएको विवरण समयमा नै प्रषित गरी जाहेरी गरिनेछ ।

**५.८ विविध :**

**क) कार्यालय परिसरका रुखहरु :**

जिल्ला वन कार्यालय अर्न्तगत मैनापोखर ईलाका वन कार्यालय, राजापुर रेन्जपोष्ट, मगरागडी रेन्जपोष्ट तथा जिल्ला वन कार्यालय परिसरमा रहेका बुढा र भवनका निम्ती खतरापुर्ण रुखहरु आ.व. २०७१/०७२ भित्र हटाईने छ । सो कार्यबाट उत्पादन भएका वन पैदावार नियमानुसार विक्री वितरण गरिने छ ।